## परिच्छेदः एक

# शोध परिचय

### १.१ विषय परिचय

नेपाली उपन्यासको नवचेतनावादी धाराबाट देखापरेका उपन्यासकार कृष्ण धरावासीका उपन्यासमा प्रस्तुत नारीवादको अध्ययन गर्नु यस शोधकार्यको विषय रहेको छ । धरावासीको जन्म वि.सं. २०१७ साल साउन २ गते अमरपुर, पाँचथरमा भएको हो । वि.सं. २०५६ मा **शरणार्थी** उपन्यासबाट औपन्यासिक यात्रा थाल्ने धरावासीले मिथकीय पुनर्सृजनका साथै समसामयिकतालाई आफ्ना उपन्यासको विषय बनाएको पाइन्छ । नवचिन्तनका बिम्बलाई प्रस्तुत गर्ने धरावासीका उपन्यासहरूमा नारी उत्पीडनलाई पनि प्रकट गरेको पाइन्छ । उनका आधा दर्जन जति उपन्यासहरू आधुनिक नेपाली उपन्यासमा विशिष्ट स्थान हासिल गर्न समर्थ देखिन्छन् । साहित्यका उपन्यास, कथा, निबन्ध आदि विधामा कलम चलाउने धरावासीले **शरणार्थी**, (२०५६), **आधा बाटो** (२०५९), **राधा** (२०६२), **तपाईं** (२०६३), **टुँडाल** (२०६६) **पाण्डुलिपि** (२०६९) **ग्रेट फल्स** (२०७२) आदि जस्ता उपन्यासहरू प्रकाशित गरेका छन् ।

वि.सं. १९९१ बाट थालनी भएको आधुनिक नेपाली उपन्यासको इतिहासमा नारीवादी उपन्यास लेखन परम्परा पनि फस्टाउँदै गएको पाइन्छ । धरावासीले समसामयिकता, प्रेम र शरणार्थीका समस्यामा आधारित भई **शरणार्थी** उपन्यास प्रकाशनमा ल्याएको देखिन्छ । प्रकाशनपछि यस उपन्यासमा विविध आलोचना र समालोचना प्रशस्त भएको पाइन्छ । उनको पहिलो उपन्यासले नै उनलाई चर्चाको शिखरमा पुऱ्याएको थियो । यसरी २०५६ बाट सुरु भएको धरावासीको औपन्यासिक यात्रा वि.सं. २०७२ को **ग्रेट फल्स** उपन्याससम्म निरन्तर देखिन्छ । उनले सानो समयमा नै आधुनिक नेपाली उपन्यासलाई विशिष्ट उपलब्धि प्रदान गरेको चर्चा परिचर्चा पाइन्छ । उनका उपन्यासहरूमा समसामयिकता, मिथकीय प्रयोग,अधिआख्यानात्मकता, नारीवादी चेतना, सामाजिकता, सांस्कृतिकता, आत्मसंस्मरणात्मकता, लीलालेखन र नवचेतनवादी  आदि जस्ता प्रवृत्ति पाइन्छ ।

प्रस्तुत शोधकार्यमा धरावासीद्वारा रचित **शरणार्थी, आधा बाटो, राधा, तपाइँ** र **टुँडाल** उपन्यासको नारीवादी सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ । नारीवादले सदियौँदेखि नारीजातिमाथि हुँदै आएको आर्थिक, समाजिक, राजनैतिक, शारीरिक, मानसिक दमन उत्पीडन र विविध अन्यायको विरोध गर्दछ र समानताको वकालत गर्दछ । नारीवादले नारीको स्वतन्त्र अस्तित्व र अधिकार स्थापनामा जोड दिन्छ । यो नारी शोषण, दमन र नियन्त्रणमा केन्द्रित पितृसत्तात्मक सोच र व्यवहार विरुद्धको सशक्त आवाज र नारीमुक्तिको आन्दोलन हो अतः नारीवादका आधारमा उनका उपन्यासहरूको अध्ययन महत्त्वपूर्ण देखिन्छ । त्यसैले प्रस्तुत शोधकार्यमा नारीवादका विभिन्न अवधारणात्मक ढाँचा निर्माण गरी धरावासीका उपन्यासहरूको विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधकार्यमा धरावासीका उपन्यासको नारीवादी कोणबाट हेर्दा के कस्तो रहेको छ भन्ने मूल जिज्ञासाको समाधानका लागि निम्नलिखित बुँदालाई समस्याका रूपमा प्रस्तुत गरी यसको खोज र विश्लेषण गरिएको छ :

१. नारीवादी सिद्धान्तको सैद्धान्तिक ढाँचा के कस्तो छ ?

२. कृष्ण धरावासीका उपन्यासमा के कस्तो नारीवादी दृष्टिकोण रहेको छ ?

## १.३ शोधको उद्देश्य

माथि प्रस्तुत समस्याको समाधान पहिल्याउनु नै यस शोधपत्रको उद्देश्य रहेको छ । प्रस्तुत समस्याहरूको समाधान गर्नका लागि निम्नलिखित उद्देश्यहरू राखिएको छ :

१. नारीवादको सैद्धान्तिक ढाँचा प्रस्तुत गर्नु ।

२. कृष्ण धरावासीका उपन्यासमा नारीवादी दृष्टिकोण प्रस्तुत गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कृष्ण धरावासीका उपन्यासका सम्बन्धमा धेरै विद्वान्हरूले विभिन्न किसिमले चर्चा गरेको पाइन्छ । उनका उपन्यासहरूको अर्न्तवस्तु र शैली दुबै पक्षको चर्चा भएकोपाइन्छ । अन्तर्वस्तुको सन्दर्भमा शरणार्थी समस्या, सांस्कृतिक सन्दर्भ र केही मात्रामा नारी समस्याका

बारेमा चर्चा गरेको पाइन्छ । शैलीको सन्दर्भमा लीलालेखन, अधिआख्यानात्मक अध्ययन आदि गरेको पाइन्छ । उनका उपन्यासको नारीवादी चर्चाका क्रममा दुईवटा उपन्यासको नारीवादी शोधकार्य र फुटकर लेख प्रकाशन भए तापनि उनका उपन्यासहरूमा एकै ठाउँमा नारीवादी चिन्तन र चेतनासँग सम्बद्ध भई अध्ययन विश्लेषण गरेको पाइँदैन ।

धरावासीका उपन्याहरूका सम्बन्धमा विविध फुटकर लेख, टिप्पणी प्रकाशित हुनुका साथै शोध कार्यहरू पनि सम्पन्न भइसकेका छन् । यी पूर्व कार्यहरूमा सूच्य, सङ्क्षिप्त र एकल उपन्यासमा भए पनि उनका उपन्यासमा प्रस्तुत नारीवादी चेतनाको चर्चा गरिएको पाइन्छ । यसले प्रस्तुत शोध कार्यको समस्यातर्फ प्रवृत्त गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले ती समीक्षाहरूलाई पूर्वकार्यको रूपमा यस प्रकार प्रस्तुत गरिन्छ :

विष्णुकुमार भट्टराई (२०६०) “नेपाली उपन्यासको सय वर्ष आधाबाटोमा आइपुग्दा” शीर्षकमा प्रस्तुत उपन्यासको चर्चा गरेका छन् । उनले यस उपन्यासलाई आत्मवृत्तान्तक उपन्यास भनी यसका घटना, पात्र र परिवेश लेखकको जीवनसँग सम्बद्ध रहेको उल्लेख गरेका छन् । उनले यस उपन्यासमा आत्मवृत्तान्ततिरबाट पोखिएर उपन्यासको भङ्गालोमा मिसिन गयो र उपन्यासबाट पोखिएर केही आत्मवृत्तान्ततिर मिसिन गयो भनी उल्लेख गरेका छन् । उनले यस उपन्यासलाई विश्वेश्वरप्रसाद कोइरालाको आत्मकथा र आत्मवृत्तान्त तथा बालकृष्ण समको **मेरो कविताको आराधन** आत्मसंस्मरणात्मक कृतिसँग तुलना गरी यिनीहरू बीच हाड नाताकै सम्बन्ध कायम गर्न सकिन्छ भनेका छन् । उनले यस कृतिमा विविधि विधाहरूको मिश्रित रूप पाउन सकिने हुनाले नेपाली उपन्यासको सय वर्षमा उत्तरआधुनिक नवीन लेखन प्रविधिको प्रयोग गरिएको छ भन्दै धरावासी उत्तरआधुनिक लेखनमा सफल भएको उल्लेख गरेका छन् । उनले धरावासीका अरु कृतिहरूमा झैं यस उपन्यासमा पनि विशिष्ट सम्मान प्रदान गरिएको कुरा उल्लेख गरेका छन् । त्यसैगरी उनले यस उपन्यासमा नारीपात्र मात्रको यो सम्मानले कृष्ण धरावासीको लेखन नारीवादी लेखन भएको छ अर्थात् फेमिनिस्ट अवधारणालाई आत्मसात् गरेको पाइन्छ भनी उल्लेख गरेका छन् । यसका साथै उनले लेखकको लीलाललेखनको विशेषता उल्लेख गर्दै प्रस्तुत कृतिमा पनि उपर्युक्त प्रवृत्तिहरू पउन सकिने विचार प्रस्तुत गरेका छन् ।

भवनाथ घिमिरेले "राधा उपन्यासको कृतिपरक अध्ययन"(२०६३) शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । उनले यस उपन्यासलाई औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गरेका छन् । यसका साथै उनले प्रस्तुत उपन्यासलाई विभिन्न प्रवृत्तिका आधारमा पनि विश्लेषण गरेका छन् । उनले प्रस्तुत उपन्यासमा यथार्थ र स्वैरकल्पनाको मिश्रण गराइएको उल्लेख गरेका छन् । उनले प्रस्तुत उपन्यासमा परम्परागत मान्यतालाई भत्काएर नवीन शिल्प र संरचनाको प्रयोग गरिएको हुनाले यस उपन्यासलाई उत्तरआधुनिक उपन्यास भनी उल्लेख गरेका छन् । यस्तै उनले उत्तरआधुनिक प्रयोगको अन्य सन्दर्भहरूको विस्तृत विश्लेषण गरेका छन् ।

कृष्ण धरावासीले **तपाईं** उपन्यासको "नायकको खोजी" (२०६४) शीर्षकको लेखकीयमा परम्परागत नाटक तथा उपन्यासमा प्रयोग गरिएको नायकीय भूमिका अहिले प्रधानता पाउन छाडेको कुराको चर्चा गर्दै प्रस्तुत उपन्यासमा पनि नायकीय बहुलताको स्थिति रहेको उल्लेख गरेका छन् । उनले पात्र लेखकद्वारा नियन्त्रित नहुने र पाठक पनि पाठद्वारा नियन्त्रित नहुने विचार व्यक्त गरेका छन् । उनले अहिलेको सन्दर्भमा हरेक पात्र आफ्नो स्थानमा नायक हुने र यथोचित रूपमा पाठकले पनि नायकत्व ग्रहण गर्ने विचार व्यक्त गरेका छन् । उनले प्रस्तुत उपन्यास उनका यस अघिका उपन्यासहरू (**शरणार्थी**, **आधाबाटो**, **राधा**) भन्दा नितान्त फरक कथावस्तुमा आधारित रहेको उल्लेख गरेका छन् ।

जीवा लामिछानेले **तपाईं** उपन्यासको "भूमिका" मा (२०६४) प्रस्तुत उपन्यासमा पनि उनकै पूर्व प्रकाशित उपन्यासका पात्रहरू आएकाले लेखकसँग पात्रहरू सकिएको हो कि भन्ने शंका व्यक्त गरेका छन् । उनले प्रस्तुत उपन्यासमा नयाँ प्रयोगहरू गरिएको हुनाले लेखकको अघिल्ला उपन्यासहरू जस्तो प्रभावकारी नभएको उल्लेख गरेका छन् । उनले यस उपन्यासमा नारी पात्रमाथि सद्भाव र सहानुभूति व्यक्त गरिएको बताएका छन् ।

गोमा रिजालले "**राधा** उपन्यासमा नारीवादी दृष्टिकोण" (२०६५) शीर्षकमा शोध कार्य गरेकी छिन् । उनले प्रस्तुत उपन्यासमा पौराणिक पात्रहरू राधा, एकनंशा जस्ता नारी पात्रहरूले पुरुष अत्याचारप्रति विद्रोह गरेका देवकी, यशोदा, कुन्ती, कलावती, गान्धारी, द्रोपदी आदि पात्रहरूको नारी पीडाहरूलाई प्रस्तुत गरिएको उल्लेख गरेकी छिन् ।

विन्दु शर्माले “कृष्णकी कठपुतली राधाः नारीवादी पठन” (२०६५) शीर्षकको लेखमा मिथकीय पुनर्सिर्जन तथा नारीवादी प्रयोगका रूपमा पनि बहुचर्चित राधा उपन्यासकी प्रमुख पात्र राधाका विचारहरू नेपाली उपन्यासमा विश्लेषण योग्य ठहरीएका छन् भनी उल्लेख गरेकी छिन् । उनले प्रस्तुत कृति पौराणिक सन्दर्भमा समर्पित प्रेमका कारण चर्चित एवम् सचेत नारी पात्र राधाको संस्मरणमा आधारित भएको उल्लेख गरेकी छिन् । पुरुष लेखक कृष्ण धारावासीद्वारा लेखिएको भए पनि यो उपन्यास केही हदसम्म नारी मानसिकता, नारी आकांक्षा एवम् पुरुष प्रधान समाजका कमजोरीहरू उद्घाटन गर्न सफल भएको छ भनी उल्लेख गरेकी छन् । उनले यस लेखमा यस उपन्यासको आलोचनात्मक विश्लेषण गरेकी छिन् र यहाँ लेखक पूर्णतः नारीवादी हुन नसकेको कुरा प्रस्तुत गरेकी छिन् ।

शारदा भट्टले “**टुँडाल** उपन्यासको कृतिपरक अध्ययन” (२०६६) शीर्षकमा शोधपत्र तयार पारेकी छन् । उनले यस शोध पत्रमा प्रस्तुत उपन्यासलाई औपन्यासिक तत्त्वहरूका आधारमा र विभिन्न प्रवृत्तिहरूको आधारमा विश्लेषण गरेको देखिन्छ । उनले यस उपन्यासमा उपन्यासकारले प्राचीन कालदेखि समाजले नारीलाई हेर्ने दृष्टिकोण अनि तत्कालिन सामाजिक, सांस्कृतिक, आध्यात्मिक, मनोविज्ञान आदिमा समाजले हेर्ने दृष्टिकोण र नारीले भोग्नु परेका विविध समस्या त्यसमा पनि यौनलाई कारुणिक रूपमा प्रस्तुत गरिएको पाइन्छ त्यस्तै यौन मनोविज्ञान, नारीवादी लेखन, आञ्चलिकता, सामाजिक यथार्थता, लीला दर्शनको प्रयोग, विनिर्माण, युग सान्दर्भिकता, स्वैर काल्पनिकता जस्ता प्रवृत्तिहरूका आधारमा यस उपन्यासको विश्लेषण गरेकी छिन् ।

कुमार कोइरालाले “बहुलवादी उपन्यास टुँडालमा आँखा बल्झिँदा”(२०६७) शीर्षकमा **टुँडाल**उपन्यासको विश्लेषण गरेका छन् । उनले प्रस्तुत उपन्यासलाई नारी यौनानुभवको अभिलेख मान्दै एउटा पुरुष लेखकद्वारा अभिव्यक्त नारी अनुभूति स्वाभाविक रहेको उल्लेख गरेका छन् । उनले नारीलाई नायिका बनाउनु, नारीहरूकै सामाजिक स्थितिको चित्रण गर्नु, पुरुष सत्ताको विरोध गर्नु, पुरुषले नारीमाथि गरेका सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक यौनिक दमन र शोषणलाई महत्त्वका साथ अगाडि ल्याउनु आदिले यस उपन्यासलाई नारीवादी बनाएको देखिन्छ भनेर उल्लेख गरेका छन् ।

ज्ञानु अधिकारीले “शरणार्थी, विनिर्माण प्रक्रिया र उत्तरआधुनिक पठन” (२०६७) शीर्षकमा प्रस्तुत उपन्यासको विनिर्माणवादका आधारमा विश्लेषण गरेकी छिन् । उनले यस

उपन्यास पूर्वीय दर्शनमा आधारित लीलालेखनको मान्यतामा टेकेर लेखिएको भए पनि यसलाई पश्चिमी विनिर्माणवादी दृष्टिकोणबाट अध्ययन विश्लेषण गर्न सकिने विचार प्रस्तुत गरेकी छिन् । उनले यस **शरणार्थी** उपन्यास लीलालेखनकै एउटा प्रयोगका रूपमा उपस्थित भए पनि यसलाई विनिर्माणवादी सिद्धान्तका आधारमा पनि विश्लेषण गर्न सकिने कुरा उल्लेख गरेकी छिन् । उनले यस उपन्यासमा विधागत स्वरूपमा विनिर्माण, कथानकमा विनिर्माण र पात्रहरूमा विनिर्माण गरी पूर्व कृतिका कथानकहरूलाई उत्तरपठन, विपठन र अन्तसंयोजन गरिएको उल्लेख गरेकी छिन् । यसरी उनले यस उपन्यासलाई विनिर्माणवादी र उत्तरआधुनिक उपन्यासका रूपमा चर्चा गरेकी छिन् ।

रमेशचन्द्र अधिकारीले "नारीवादका आधारमा **टुँडाल** उपन्यासको अध्ययन/विश्लेषण" (२०६७) शीर्षकको शोध पत्रमा प्रस्तुत उपन्यासको नारीवादी कोणबट अध्ययन गरेको देखिन्छ । उनले प्रस्तुत उपन्यासलाई औपन्यासिक तत्त्वहरूका आधारमा संक्षिप्त विश्लेषण गर्दै नारीवादका सैद्धान्तिक मान्यताहरूलाई आधार बनाएर थप विश्लेषण गरेका छन् । उनले यस उपन्यासलाई पितृसत्तात्मक समाजको शोषणको प्रस्तुती, सामाजिक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, लैङ्गिक स्वतन्त्रता, यौन स्वतन्त्रता, नारीका पीडा अनि कुण्ठालाई निर्भीक रूपमा प्रस्तुत गर्नु आदि जस्ता आधारमा नारीवादी विश्लेषण गरेका छन् ।

कृष्ण धरावासीले **टुँडाल** उपन्यासको "भूमिका"(२०६८) मा आफूले यस उपन्यास लेख्न प्रारम्भ गर्दाको वास्तविकतालाई उल्लेख गरेका छन् । यसका साथसाथै प्रस्तुत उपन्यास लेखनका क्रममा आफूले पढेका विभिन्न पुस्तकहरूको उल्लेख गर्दै अबको लेखन सन्दर्भ सांस्कृतिक मनोविज्ञान हुनुपर्ने विचारका साथ यो उपन्यास सिर्जना गरेको बताएका छन् । उनले यस उपन्यासमा नेपाली कला र संस्कृतिमा झल्किदैं आएको यौनबिम्बलाई विषयवस्तु बनाएको बताएका छन् ।

सञ्जीव उप्रेतीले **सिद्धान्तका कुरा** (२०६८) मा "तेस्रो आयामदेखि लीलालेखनसम्म" शीर्षकमा **शरणार्थी** को पनि चर्चा गरेका छन् । उनले यस उपन्यासलाई उत्तरआधुनिक उपन्यासका रूपमा चर्चा गर्दै लीलालेखनलाई उत्तरआधुनिक लेखनको स्वरूप मान्दै यस उपन्यासलाई पनि लीलालेखनकै उर्जाका रूपमा उल्लेख गरेका छन् । उनले धरावासीको

लीलालेखनको मान्यतालाई पनि प्रस्तुत गर्दै **शरणार्थी**लीलालेखनको उदाहरण हो भनेका छन् ।

कृष्ण धरावासीले **आधाबाटो** उपन्यासको “भूमिका” (२०६९) मा यो कृति आत्मसंस्मरणात्मक उपन्यास भएको उल्लेख गरेका छन् । उनले यस उपन्यासमा परम्परागत औपन्यासिक विशेषताहरू नभएको हुनाले यो उपन्यास आत्मसंस्मरणात्मक उपन्यास भएको उल्लेख गरेका छन् । उनले यस उपन्यासमा परम्परागत औपन्यासिक विशेषताहरू नभएको हुनाले यो प्रयोगशील उपन्यास भएको पनि चर्चा गरेका छन् । उनले यसमा २०२४ देखि २०५८ सम्मको ३४ वर्षको समायावधिमा लेखकको जीवनमा घटेका घटनाहरूको अभिलेख रहेकाले यसमा लेखक छुट्टै नभएको कुरा उल्लेख गरेका छन् । यसका साथै उनले यसमा विभिन्न विधाका विशेषताहरू रहेको, तल्लो वर्गदेखि उच्च वर्गसम्मका पात्रहरूको उपस्थिति भएको, सामाजिक, आर्थिक, राजनीतिक, दार्शनिक, शैक्षिक आदि विविध विषयवस्तु भएको बहुलवादी उपन्यासको रूपमा यसको चर्चा गरेका छन् ।

कृष्ण धरावासीले **राधा** उपन्यासको लेखकीयमा “नभनी नहुने कुरा” (२०६९) शीर्षक अन्तर्गत यस उपन्यासको चर्चा गरेका छन् । उनले अघिल्लो उपन्यास **शरणार्थी**मा पूर्ण हुन नसकेको प्रेम र यौन विषयलाई पूर्णता दिन यो उपन्यास रचना गरेको उल्लेख गरेका छन् । यस उपन्यासमा महाभारतमा किशोरावस्थामा नै छाडिएर पुराणहरूमा चर्चा नपाएकी तर पूर्वीय संस्कृतिमा महत्त्वपूर्ण स्थान पाएकी राधालाई प्रस्तुत गरेको उल्लेख गरेका छन् । त्यसैले उनले प्रस्तुत उपन्यास राधाको विषयमा लेखिएको पुराण भएको उल्लेख गरेका छन् ।

साझा प्रकाशनले **राधा** उपन्यासको प्रकाशकीय (२०६९) मा **राधा** उपन्यासको विशिष्टताको चर्चा गर्दै यसलाई नारीवादी उपन्यास भनी उल्लेख गरेको छ । प्रकाशनले सबैभन्दा ठूलो यथार्थ हो महाभारतकालदेखि नारी अपहेलित र पुरुषको हैकम र शोषणको शिकार हुँदै आएका छन् । यसै रूपमा कुन्ती, द्रौपदीहरू चित्रित छन् । यसरी प्रस्तुत उपन्यासले विनिर्माणद्वारा नारीवादी स्वरलाई मुखरित गर्ने प्रयास गरेको छ र उनीहरूको उन्मुक्तिलाई सघाउन खोजेको छ भनी उल्लेख गरेको छ ।

विजय सुब्बाले "धरावासिको आधाबाटो हिँडेपछि" (२०६९) शीर्षकमा यस उपन्यासको चर्चा गरेका छन् । उनले प्रस्तुत कृति आत्मसंस्मरण भएर पनि यसलाई उपन्यास नाम दिने लेखकको हिम्मतप्रति सहमती व्यक्त गरेका छन् । उनले उपन्यासका घटना र पात्रहरू सबै यथार्थ भएको आत्मकथात्मक उपन्यास भनी यसको चर्चा गरेका छन् । उनले यस उपन्यासलाई वादका आधारमा आदर्शोन्मुख यथार्थवाद र आलोचनात्मक यथार्थवादका आँखाले हेर्न सकिने कुरा उल्लेख गरेका छन् ।

कृष्ण धरावासीले यस उपन्यासको लेखकीय भूमिकामा "उपन्यासका सम्बन्धमा" (२०७०) शीर्षकमा यस उपन्यासको रचना प्रक्रिया, प्रयुक्त पात्र आदिका बारेमा उल्लेख गरेका छन् । उनले यस उपन्यासमा पूर्व प्रकाशित आख्यानका पात्रहरूको पुनरागमन गरिएका पात्रहरू, यसै उपन्यासका लागि उभ्याइएका पात्रहरू र उपन्यासको कथावस्तुलाई मद्दत गर्न आएका वास्तविक पात्रहरू गरी तिन प्रकारका पात्रहरूको समावेश गरिएको उल्लेख गरेका छन् । उनले पूर्वप्रकाशित उपन्यासबाट ल्याइएका पात्रहरूलाई कतिपय ठाउँमा जस्ताको तस्तै राखिएको छ भने कतिपय ठाउँमा बानीबेहोरालाई परिवर्तन गरी राखेको उल्लेख गरेका छन् । उनले यस शीर्षकमा आफ्ना पात्रहरू कहाँबाट र कसरी ल्याइएको छ भन्ने कुरा पनि उल्लेख गरेका छन् । उनले यसमा जीवित पात्र र यथार्थ घटनालाई आख्यानात्मक ढङ्गले प्रस्तुत गरेको उल्लेख गरेका छन् । त्यस्तै उनले यस उपन्यासलाई लीलालेखनलाई सरल ढङ्गबाट प्रयोग गरिएको उपन्यास भनी चिनाएका छन् ।

दान खालिङले "हिमालका सन्तानको कथा" (२०७०) शीर्षकमा **शरणार्थी** उपन्यासको भूमिका लेख्दै यसलाई देश छोडेर गएका नेपालीहरूको कथा भनी उल्लेख गरेका छन् । उनले बाध्यता र परिस्थितिका कारण आफ्नो जन्मभूमि छोडेर गएका बहादुर नेपालीहरूले कडा परिश्रम गरी पूर्वी भारत, बर्मा र भुटानका अनकण्टार जङ्गलहरूलाई चिरेर खेतियोग्य जमिन बनाए पनि पुनः परिस्थितिकै कारण बाध्य भएर आफ्नो बास थलो छोडेर हिँड्नु परेको विवशतालाई यसमा रोचक ढङ्गले प्रतुत गरिएको उल्लेख गरेका छन् । उनले पूर्व प्रकाशित कृतिका पात्रहरू, लेखहरू, उपन्यासकार आफै, उपन्यासकारका काल्पनिक पात्रहरूको संयोजन गरिएको यस उपन्यासमा पात्रहरुले लेखकसँग व्यक्त गरेको प्रत्यक्ष असन्तुष्टिलाई सृष्टिकर्तासँग गरेको असन्तुष्टि भनी उल्लेअ गरेका छन् ।

## १.५ शोधको औचित्य महत्त्व र उपयोगिता

प्रस्तुत शोधबाट कृष्ण धरावासीको उपन्यासमा नारीवादको बारेमा ज्ञानको प्रतिपादन गर्ने हुनाले यसको महत्त्व रहको छ । आगामी दिनमा धारावासीका उपन्यासमा नारीवादी अध्ययन गर्न चाहनेहरूलाई प्रस्तुत शोध औचित्यपूर्ण रहेको छ ।

## १.६ सीमाङ्कन

हरेक अध्ययनको आफ्नै सीमा हुन्छ र यस शोधको पनि आफ्नै सीमा रहेको छ । धरावासीका आधा दर्जन जति  उपन्यासहरूप्रकाशन भइसकेका भएतापनि  उनका पाँचवटा मात्र उपन्याको नारीवादी विश्लेषण गर्नु यस शोधको सीमा हो । उनका उपन्यासहरूको अध्ययन गर्दा नारीवादका आधारमा विश्लेषण योग्य **शरणार्थी**, **आधाबाटो**, **राधा**, **तपाईं रटुँडाल** गरी पाँचवटा उपन्यासको नारीवादका आधारमा विश्लेषण गरिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधमा सामाग्रीसङ्कलन विधि अन्तर्गत पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । विभिन्न विद्वानहरूका पुस्तक, लेख, पत्रपत्रिका, शोध ग्रन्थहरू नै यस शोधका सामाग्री रहेका छन् ।

## १.८ सैद्धान्तिक ढाँचा र शोध विधि

प्रस्तुत शोधमा नारीवादी सिद्धान्तको प्रयोग गरिएको छ । यस शोधलाई वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा तयार पारिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोध परिचय |
| दोस्रो परिच्छेद : | नारीवादी सिद्धान्तको परिचय |
| तेस्रो परिच्छेद : | कृष्ण धरावासीका उपन्यासमा प्रस्तुत पितृसत्तात्मक समाजको चित्रण र विद्रोह |
| चौथो परिच्छेद : | कृष्ण धरावासीका उपन्यासमा नारी समानता र स्वतन्त्रताको चित्रण |
| पाचौँ परिच्छेद : | कृष्ण धरावासीका उपन्यासमा नारी शोषण उत्पीडनको चित्रण |
| छैटौँ परिच्छेद : | कृष्ण धरावासीका उपन्यासमा नारी पहिचानको अवस्था |
| सातौँ परिच्छेद : | उपसंहारतथानिष्कर्ष |

अन्त्यमा सन्दर्भ सामग्री सूची प्रस्तुत गरिएको छ ।

परिच्छेद : दुई

# नारीवादको सैद्धान्तिक परिचय

## २.१ विषय परिचय

प्रस्तुत शोधको विषय नारीवादी सिद्धान्तका आधारबाट कृष्ण धरावासीका नारीवाद केन्द्रित उपन्यासको विश्लेषण गर्नु हो । यो शोध तयार पार्नका लागि नारीवादको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्नु आवश्यक छ । यस परिच्छेदमा नारीवादका स्थापित सैद्धान्तिक मान्यताहरूको बुँदागत रूपमा वर्णन गरिएको छ ।

## २.२ नारीवादको परिचय

नारीलाई केन्द्रमा राखेर नारी हकहित र समानताका लागि आवाज उठाउने चिन्तन नै नारीवाद हो । यस चिन्तनले नारीकै हकमा रहेर उसले भोग्नुपरेका तमाम पीडा र असमानताको विरोध गर्दछ र नारीलाई उत्पीडनबाट मुक्त हुन सचेत बनाउँछ । आज विश्वमा समाजलाई विश्लेषण गर्ने विभिन्न सिद्धान्तहरू स्थापित भएका छन् । समाज विश्लेषणका विभिन्न दृष्टिकोणका बीच नारीवाद पनि महत्त्वपूर्ण सिद्धान्त हो । अहिले समाजका हरेक सन्दर्भलाई पर्गेल्ने विभिन्न दृष्टिकोणमध्ये नारीवादी दृष्टिकोण पनि महत्त्वका साथ स्थापित भइसकेको अवस्था छ ।

नारीवादले विश्व समाजमा सदियौँदेखि नारीजातिमाथि भइरहेको शोषण र विभेदको अन्त्य गरी महिलाको अधिकार र स्वतन्त्रताका लागि आवाज उठाउँछ । यसले पितृसत्तात्मक समाजको विरोध गर्दछ । पितृसत्तात्मक समाजको विरोध गर्दछ । पितृसत्ता भन्नाले पिताको शासन भन्ने बुझिन्छ । तर यसको खास अभिप्राय हो पुरुषको शासन (पाण्डे, २०६९:११) । यसर्थ नारीवाद पितृसत्तात्मक समाजले नारीमाथि गर्ने सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि शोषण र विभेद विरुद्धको आन्दोलन हो । नारीवाद शब्दले पुरुषप्रधान समाजका विरुद्धको नारी विद्रोहलाई सङ्केत गरेको देखिन्छ (निरौला, २०७२: १४) । नारीवाद नारीलाई सामाजिक बौद्धिक तथा व्यावहारिक रूपमा सबल र सक्षम बनाउने बौद्धिक चेतना भएको आन्दोलन हो । नारीआन्दोलन नम्र अर्थमा स्त्रीजातिलाई पूर्ण नागरिकता प्राप्त हुनुपर्छ

अर्थात् सामाजिक, राजनीतिक तथा आर्थिक तहहरूमा लोग्नेमान्छेकै जति अधिकार प्राप्त हुनुपर्छ भनेर लड्दछ (गौतम, २०५९: ३४) । यसरी नारीवाद शब्दले नारी मुक्तिका लागि उठाइएको सचेत आवाज भन्ने अर्थलाई बुझाउँछ ।

नारीवादले साहित्य, समाज, संस्कृति, राजनीति, अर्थनीति आदि क्षेत्रमा नारीलाई कहाँ कहाँ ठगिएको छ र उनीहरूलाई कसरी उत्पीडनको दलदलमा पारिएको छ भन्ने कुराको अध्ययन गर्दछ । नारीवाद लैङ्गिक असमानता र अपहेलनाको विरुद्धमा उठेको बौद्धिक आन्दोलन हो । नारी र पुरुष दुबै मानव जाति हुन् र यस विश्वमा रहेका हरेक कुरामा दुबैको बराबरको अधिकार छ । तर पितृसत्तात्मक समाजले सदियौँदेखि नारीजाति माथि शासन गर्ने र उनीहरूलाई पछाडि पार्ने काम गरिरहेको छ । नारीजातिमाथि विभिन्न लाञ्छना लगाउने र उनीहरूलाई नियमको घेराभित्र बाँध्ने काम गरेको छ । इतिहासले नारीलाई सधैं निच र अर्को जातिका रूपमा व्याख्या गरेको छ अनि उसलाई धरावासी कामकाज र पुरुषको सेवामा सीमित गरिदिएको छ । त्यसैले नारीवादले नारीजातिमाथि हुने पुरुष शासन र बन्धनको घेरालाई तोड्न नारीलाई सचेत बनाउने काम गर्दछ । नारीवाद आज महिलाका निम्ति स्वाभिमान र पितृसत्ताका निम्ति चुनौतीका रूपमा क्रियाशील रहेको छ (त्रिपाठी र पन्थी, २०७०: २२) । नारी मुक्तिका लागि नारीलाई उसका हक अधिकारका लागि सचेत गराउन आवश्यक छ । त्यसैले नारीवादले नारीजातिलाई उनीहरूको अधिकारका लागि लड्न झकझकाउने काम गर्दछ । नारीलाई स्वअस्तित्वको बोध गराएर सक्रिय तुल्याउनु नै नारीवादको मुख्य लक्ष्य हो । जबसम्म नारी आफ्नो स्वतन्त्र अस्तित्व स्थापित गर्न समर्थ हुन्न तबसम्म उसको भूमिका द्वितीय महत्त्वकै हुने हुँदा यसैका निम्ति नारीको क्रान्तिकारी क्रियाशीलताको अपेक्षा गर्दछ (पौडेल, २०६९: ८१) ।

पुरुषप्रधान समाजका विचारधारा र उनीहरूले आफूलाई केन्द्रमा अनि नारीलाई आफूभन्दा तल राख्न बनाएका नियमले नारीले सदियौंदेखि अन्याय सहँदै आएका छन् । नारीलाई पुरुषले आफ्नो स्वार्थ अनुसार व्याख्या गरेको छ र आफ्ना चाहना अनुसार समाजमा नारीको भूमिका प्रस्तुत गरेको छ । पितृसत्तात्मक समाजले नारीलाई त्यही दिएको छ जो उसले चाहेको छ । स्त्रीलाई त्यही प्राप्त भयो जुन पुरुषले इच्छाले दिन चाह्यो ( बोउवार, अनु : सुनुवार,२०६९: ५) । आदिम सभ्यतादेखि आजको स्थितिसम्म आइपुग्दा पनि नारीलाई पुरुष सरह नभई तल्लो स्तरमा नै देखाइन्छ । बोउवारले आफ्नो **'सेकेन्डसेक्स'**मा

सभ्यताको सुरुवातको कथामा पनि एडमको आवश्यकता पुरा गर्नका लागि इभलाई बनाएको व्याख्या पाइन्छ भनेर लेखेकी छिन् । यसरी समाज विकासको प्रारम्भदेखि नै पितृसत्तात्मक एकाधिकार देख्न सकिन्छ । सुरुदेखि नै नारी पिता, पति र पुत्रको अधीन छे । यतिमात्र नभई नारीलाई मौलिक हकबाट पनि वञ्चित गरेको इतिहास रहेको छ । नारीलाई पुरुषप्रधान समाजका पुरुषले सधैं हीन, तुच्छ र कमजोर जातिका रूपमा व्याख्या गरेको पाइन्छ । विश्वका बुद्धिजीवी व्यक्तित्वमा गनिने पुरुषले पनि नारीलाई गलत व्याख्या गरेका छन् । अरस्तुले स्त्रीको परिभाषा दिने क्रममा स्त्री केही गुणहरूको कमीको कारणले स्त्री बन्दछे भनेको पाइन्छ (बोउवार, अनु:सुनुवार, २०६९: ३) । सन्त अगस्ताइन के भन्दछन् भने महिला त्यो जीव हो , जो न स्थिर छ न कृतसङ्कल्प । प्लेटोले ईश्वरको सबभन्दा ठूलो कृपा के मानेका थिए भने उनी दास थिएनन् र अर्को कृपा के माने भने उनी पुरुष बने महिला होइन (बोउवार, अनु: सुनुवार, २०६९: ७) । फ्रायडका अनुसार महिलाले आफूलाई एक पङ्गु महसुस गर्दछे , किनभने उसमा पुरुष जननेन्द्रियको अभाव छ  (बोउवार, अनु: सुनुवार, २०६९: १८) । यसरी विश्लेषकहरूले नारीलाई हेयको भावले चिनाएर नारीको अवमूल्यन गरेको पाइन्छ । समाजमा रहेका हरेक क्षेत्रमा नारीलाई तल्लो दर्जा दिई उसको व्याख्या अति हीनस्तरमा गरिएको पाइन्छ । जहाँ पनि नारीलाई आश्रित र लाछी, केही गर्न नसक्ने व्यक्तिका रूपमा प्रस्तुत गरेको पाइन्छ । पितृसत्ताले प्रस्तुत गरेका यस्तै विचार, मूल्य मान्यताले नारी सधैँ पिल्सिएकी छे । उसले पितृसत्तात्मक सोचको दमन, उत्पीडन, अपहेलना, हिंसा र अपमानलाई भोग्नु परिरहेको छ । पितृसत्ताकै कारण समाजमा महिलाहरूलाई दोस्रो दर्जाको रूपमा व्यवहार गर्ने तथा तिनलाई बच्चा जन्माउने साधन, पुरुषको सेवा टहल गर्ने दासी वा पुरुषको मनोरञ्जनको साधन मान्ने प्रचलन रहेको छ भने परिवार र समाजमा महिलामाथि गरिने अधिकांश भेदभाव, अपमान, नियन्त्रण, शोषण, दमन, हिंसा जस्ता कुराहरू पनि पितृसत्ताकै कारण देखा परेका हुन् (पौडेल, २०६९: ६९) । नारीवाद नारीले भोग्नु परेका अनेकौं समस्या र उत्पीडनको विरुद्धको वैचारिक आन्दोलन हो । नारीवादले नारीका हक, अधिकार र समानताका लागि नारीलाई सचेत बनाई आफ्नो अधिकार खोज्न प्रेरित गर्ने काम गर्दछ । नारीवाद पितृसत्ताले आफ्ना सुविधाका लागि नारीमाथि लगाएका नियम र शासनको विरुद्धमा उठेको विद्रोहको आगो हो ।

पुरुषप्रधान समाजको स्वार्थी भावले अनेक तरहबाट नारीलाई किनारामा राखी आफू सर्वश्रेष्ठ साबित हुँदै केन्द्रमा सधैं पुरुष बसेको छ । नारीलाई अन्याको रूपमा व्याख्या गर्ने

पुरुषप्रधान समाजलाई पराजित गराई नारीको शक्ति सम्पन्न स्वरूपलाई समाजको हरेक क्षेत्रमा नारीवाद सधैं अग्रसर देखिन्छ । पितृसत्तात्मक समाजमा पुरुषहरू सापेक्षिक रूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार र बढी साधन स्रोतले सम्पन्न भएका हुन्छन् । पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम गर्दछ तथा दमन र शोषण गर्न छुट पाउँछ । महिला माथिको आर्थिक शोषण, सामाजिक विभेदका विविध रूपहरू भेदभाव, नियन्त्रण, हिंसा, असम्मान, दमन आदि सबै पितृसत्तात्मक सामाजिक संरचनाका विशेषता हुन् (पाण्डे, २०६९: ११) । नारीवादले पुरुष प्रधान समाजले नारीका विरोधमा गरेका कार्य र नारीलाई दिएका अपमानजनक स्थानको विरोध गर्दछ । पुरुषद्वारा निर्धारित नारीको स्थान, मूल्य र सामाजिक भूमिकाको विरोध स्वरूप प्रादुर्भाव भएको नारीवादले मूल धारमा रहेको पुरुष सत्तालाई विस्थापित गरी नारीलाई केन्द्रमा स्थापित गर्न चाहन्छ (निरौला, २०७२: १६) । यो सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक लगायतका विषयमा नारीलाई सबल, सचेत र सक्षम बनाउने तथा पुरुष एकाधिकार भञ्जन गर्ने उद्देश्यबाट अनुप्राणित छ । नारीको मूल्य उजागर गर्नमा केन्द्रित नारीवाद पितृसत्तात्मक प्रवृत्तिको पक्षमा बोल्ने, लेख्ने तथा पक्षपोषण गर्ने सबै प्रवृत्तिको विरुद्धमा उभिएको छ (बराल, २०५६: ९०) । यसले नारी र पुरुषका बीचमा स्थापित गरिएको विभेदलाई नामेट गरी दुबैमा समानता स्थापित गर्न चाहन्छ । नारीलाई भिन्न रूपमा व्याख्या गर्ने सामाजिक प्रणालीको विरोध नारीवादले गर्दछ । नारी र पुरुष दुबै मानव जाति हुन् । नारीलाई मानवका रूपमा नभएर लैङ्गिकताका आधारमा नारीत्व प्रस्तुत गर्ने परिपाटीको विरुद्ध नारीवादी आन्दोलन अग्रसर छ । नारीवादले लिङ्गका आधारमा नारीलाई पुरुष सरह मानवको व्यवहार नगरेर दोस्रो दर्जाको देखाई उसका नैसर्गिक अधिकारबाट वञ्चित गर्ने परिपाटीको विरोध गर्दछ । नारी र पुरुष भिन्न छैनन् । यसैले लैङ्गिकताका आधारमा मात्र नारीको मूल्याङ्कन गर्नु हुँदैन र नारीहरू बैद्धिकता, तार्किकता जस्ता क्षमताले पुरुषभन्दा कमजोर नहुने कुराप्रति यस वादले विश्वास राख्दछ । पितृसत्तात्मक समाजले नारीलाई जबरजस्ती आफ्ना नियम कानुनको घेराभित्र बाँधेर दुर्बल साबित गरेको हो भन्ने मान्यता नारीवादको छ ।

नारीलाई सधैं हीनका रूपमा व्याख्या गर्ने मान्यताको विरोध नारीवादले गर्दछ । यसले नारीलाई एउटा खेलौना, भोग्या र मेसिनको रूपमा हेर्ने पितृसत्तात्मक दृष्टिको घोर विरोध गर्दछ । नारीलाई वासनाका रूपमा मात्र व्याख्या गर्ने, उसलाई सुन्दरताको प्रतिमा मात्र बनाउन चाहने र शृङ्गारले उसको अस्तित्व छोप्न चाहने मानसिकताको विरोध यसले

गर्दछ । नारी र पुरुष दुबै समान हुन्, उनीहरूलाई समानताका दृष्टिले हेरिनु पर्दछ । नारीवादका अनुसार समाजका धर्म, नियम, कानुन,अन्धविश्वास, संस्कृति सबैले नारीलाई जकडेर राखेको छ र यी कुराले उसको अस्तित्व नामेट गराउन लागेको छ । सभ्यताको सुरुवातदेखि नै नारीलाई पुरुषको आवश्यकता पुरा गर्न निर्माण गरेको दोस्रो दर्जाको मानव बनाउने परिपाटी अझैं पनि छ । यसैले त्यसको विरोध नारीवादले गर्दछ । नारीवादले नारी र पुरुष समान स्तरका मानवजाति हुन् भन्ने आवाज टड्कारो रूपमा उठाउँछ । मानव सभ्यताको आधा हिस्सा ओगट्ने नारीलाई केवल सभ्यतालाई अगाडि बढाउने साधनको रूपमा मात्र हेर्नु मूर्खता हो । नारीलाई सधैं दासीको रूपमा हेर्ने पितृसत्तात्मक दृष्टिलाई नारीवादले परिवर्तन गर्न चाहन्छ । यो धरती र आकाशको आधा हिस्सा नारीको पनि हो त्यसैले नारीले पनि स्वतन्त्र भई ससम्मान बाँच्न पाउनुपर्छ भन्ने मान्यता नारीवादको छ । नारी मुक्तिको अपेक्षा राख्दै नारीवादले शान्त, समुन्नत र समानताको स्वर भएको स्वच्छ समाजको स्थापनाको कामना गर्दछ । परम्परा र इतिहासले नारीलाई ठगेको छ त्यसैले नारी विरोधी धर्म, संस्कृति, कानुन, साहित्य, इतिहास परम्परामा पुनर्लेखन गरी परिवर्तन ल्याउन नारीवाद सधैं प्रयासरत देखिन्छ । पुरुष एकाधिकारको अन्त्य गरी नारीलाई पनि समान अधिकार प्रदान गर्नुपर्दछ । यसले नारी केवल घरेलु कामकाजमा मात्र सीमित नरही समाजको हरेक क्षेत्रमा अग्रसर हुनुपर्छ भन्ने मान्यता राख्दछ । नारीले आर्थिक, शैक्षिक, राजनीतिक आदि क्षेत्रमा समान अवसर र मूल्य पाउनुपर्छ भन्ने कुरामा जोड दिन्छ । यसले नारीलाई पारिवारिक सामाजिक बन्धनबाट मुक्त गर्नुपर्दछ र परिवारभन्दा माथि उठेर आफ्नो अस्तित्वको बारेमा सोच्ने अधिकार पाउनुपर्छ भन्छ । समग्रमा भन्दा समानता, स्वतन्त्रता र सशक्तीकरणबाट नारी पितृसत्तात्मक सामाजिक संरचनाको जालोबाट मुक्त हुन पाउँछे भनी नारी अधिकारको लागि अग्रसर वैचारिक सङ्घर्ष नै नारीवाद हो ।

## २.३ नारीवादको परिभाषा

नारीवाद शब्द अङ्ग्रेजीको feminism शब्दको नेपाली रूपान्तरण हो । Feminism शब्द फ्रेन्च भाषाको femme बाट आएको हो । यो शब्दको आविष्कार समाजशास्त्री चार्ल्स फेरिएरले गरेका हुन् । अङ्ग्रेजीमा यस शब्दलाई प्रथमतः १८९० ई. मा महिला अधिकार र राजनैतिक समानताको आन्दोलनमा प्रयोग गरिएको थियो । अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरीले नारीवादलाई यो महिला अधिकार र लैङ्गिक समानताको लागि गरिएको

वकालत हो भनी चिनाएको छ । यसरी नारीवाद शब्दले महिला अधिकारका लागि गरिने क्रियाकलाप भन्ने बुझिन्छ । यसैक्रममा नारीवादका सम्बन्धमा विभिन्न भाषा साहित्यका अध्येताहरूले आ-आफ्नै किसिमका परिभाषा दिएका छन् । विभिन्न विद्वान्ले दिएका अनेकौं परिभाषा मध्ये यहाँ अङ्ग्रेजी, तथा नेपाली साहित्यका विद्वान्हरूका केही परिभाषाहरू निम्न अनुसार प्रस्तुत गरिन्छ :

(१) स्त्रीवाद नारीसम्बन्धी त्यस्तो सिद्धान्त हो जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न बल दिन्छ ।

(गौतम, २०५९: ३४४)

(२) नारीजातिका तर्फबाट साहित्यलाई बुझ्ने बुझाउने तथा नारीलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई पुरुषएकाधिकारको भञ्जन गर्ने आन्दोलन नै नारीवाद हो ।

(एटम, २०६१: १५५)

(३) नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ ।

(शर्मा र लुइटेल, २०६७: ३७१)

(४) नारी (महिला, स्त्री या आइमाई) जीवनका बारेमा नारी हितकै कोणबाट नारीकै केन्द्रीयतामा गरिने चिन्तन नै नारीवाद हो ।

(त्रिपाठी, २०६८: १)

(५) नारीवाद कुनै पनि लैङ्गिक तथा सांस्कृतिक वस्तुस्थितिको अध्ययन गर्दा प्रयोगमा आउने एउटा त्यस्तो शब्द हो जसले मानिसमा हुने जैविक भिन्नतालाई नभई सामाजिक भिन्नतालाई जनाउँछ ।

(पाण्डे, २०६९: २)

(६) नारीवाद पुरुषवादले जीवनको कुनै पनि सन्दर्भलाई गाँज्न नछोड्ने परिप्रेक्ष्यमा त्यसकै प्रतिफल स्वरूप साहित्यको एक धाराका रूपमा आयो । नारीवाद नारी संवेदनासँग जोडिएको आन्दोलन, साहित्यिक वाद र समालोचना सिद्धान्त पनि हो ।

(अवस्थी, २०७०: ९)

(७) नारीवाद यस्तो आन्दोलन हो जो लैङ्गिक शोषण र अत्याचारको अन्त्यको लागि गरिन्छ ।

(हुक्स बेल, २०१५)

यसरी नारीवाद सम्बन्धी विभिन्न समालोचकहरूको आ-आफ्नो मत रहेको पाइन्छ । अङ्ग्रेजीको फेमिनिज्मको नेपाली रूपान्तरणका रूपमा रहेको नारीवादले नारीलाई केन्द्रमा राखेर नारीका उत्पीडन, व्यथा, समाजले नारीप्रति राख्ने दृष्टिकोण, नारीको अस्तित्वको खोजी जस्ता विविध पक्षको अध्ययन गर्दछ र नारीलाई ती समस्याहरूबाट मुक्तिका लागि समाधानको बाटो देखाउँदछ । त्यसैले समग्रमा नारीवाद भनेको नारीका हित, अधिकार र स्वतन्त्रताका लागि गरिएको एक सशक्त नारीकेन्द्री चिन्तन हो । बुँदागत रूपमा नारीवादको स्वरूप निम्नानुसार राख्न सकिन्छ :

(१) नारीलाई केन्द्रमा राखेर नारी हक हित र समानताका लागि अग्रसर भई लड्ने काम नारीवादले गर्दछ ।

(२) नारीवाद पितृसत्ताको विरोध गरी नारीमाथि हुने उत्पीडनबाट नारीलाई मुक्त गर्न सधैं प्रयासरत हुन्छ ।

(३) नारीवादले सार्वजनिक स्थलमा नारी र पुरुषको समान स्थितिको लागि वकालत गर्दछ र साहित्य समाज, संस्कृति, राजनीति, अर्थनीति आदि क्षेत्रमा कहाँ कहाँ ठगिएको छ भन्ने कुराको खोजीनिती गरी समान अवसरको लागि लड्दछ ।

(४) नारीवाद स्वतन्त्रता, समानता र सशक्तीकरणबाट नारी पितृसत्तात्मक सामाजिक संरचनाको जकडनबाट मुक्ति पाउनुपर्छ भनेर वैचारिक सङ्घर्ष गर्दछ ।

(५) नारीवादले सदियौंदेखि नारीलाई हीन, क्षुद्र, ढोल, नर्कको द्वार र अन्यका रूपमा हेरिने पितृसत्तात्मक सोचको घोर विरोध गर्दै नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह,मान्यता र साहित्यमा नारीको स्थिर चरित्रचित्रणको आलोचना गर्ने र नारीको अस्तित्व अनि पहिचान कायम गर्न दरो पाइला चालेको छ ।

(६) नारीवादले पछाडि पारिएका नारी लेखक र नारी लेखनलाई प्रोत्साहन गरी अगाडि ल्याउने काम गर्दछ ।

## २.४ नारीवादी साहित्यिक चिन्तनको विकास

पूर्व पश्चिम दुबैतिर महिलाहरू आफ्नो अधिकारबाट वञ्चित रहेको इतिहास पाइन्छ । सामन्तवादी युगसम्म कुनै पनि सामाजिक अधिकार महिलाहरूलाई प्राप्त नहुनाले उनीहरू उत्पीडित र आफ्ना अधिकारका लागि सचेत नभएको अवस्था पाइन्छ । तत्कालीन समयका सामाजिक संरचना, प्रणाली, धर्म, कानुन, साहित्य, दर्शन सबै क्षेत्रमा महिला पिछडिएका र अपहेलित भएको पाइन्छ । हिन्दु, मुस्लिम, क्रिस्चियन आदि सबै धर्मको इतिहास हेर्ने हो भने पुरुष श्रेष्ठ र महिला तुच्छका रूपमा व्याख्या गरिएको पाइन्छ । विश्वका महान् दार्शनिक मानिने व्यक्तिहरूले पनि नारीलाई तुच्छ नै मानेका छन् । अरस्तुले स्त्रीको परिभाषा के भनेर दिए भने स्त्री केही गुणहरूको कमीको कारणले स्त्री बन्दछ (बोउवार, अनुः सुनुवार, २०६९ः ३) । त्यसैगरी धर्मले पनि स्त्रीलाई तुच्छका रूपमा नै व्याख्या गरेको पाइन्छ । बर्बर स्त्री विरोधी यहुदी परम्पराका सन्त पलले जसरी चर्चका स्वामी यिशु हुन् , त्यसैगरी स्त्रीको स्वामी पुरुष हो भनेका छन् । टर्ट युलियनलेनारी तिमी शैतानको द्वार हौ भनी हेयको भाव देखाएका छन् । सन्त टमस भन्छन् महिला एक प्रासङ्गिक र अधुरो अस्तित्व हो, ऊ अपूर्ण पुरुष हो भनेका छन् (बोउवार अनुः सुनुवार २०६९ः४५) । त्यसैगरी हिन्दु धर्ममा मनुले नारीलाई स्वतन्त्रता दिनुनहुने कुरा बताएका छन् भने तुलसी रामायणमा नारीलाई ढोल, मूर्ख, शुद्र र पशुसँग तुलना गर्दै प्रताडनाको अधिकारीका रूपमा प्रस्तुत गरिएको छ । इसाई धर्मले हौवा (आदिम स्त्री) का कारणले सिङ्गो संसार विपदमा परेको बताइएको छ । चीनको कन्फ्युसिस धर्मले पनि महिलाहरू जीवनमा तिनवटा पुरुष (पिता, पति र पुत्र) का अधीनमा बस्नुपर्ने कुरा बताइएको छ (त्रिपाठी, सन् २०१२ : १५) । यसरी सदियौँदेखि नारीलाई सामाजिक, धार्मिक,

दार्शनिक,राजनैतिक आदि सबै क्षेत्रमा पछाडि परिएको इतिहास पाइन्छ । सबै क्षेत्रमा पुरुषलाई सर्वश्रेष्ठ बनाउँदै नारीलाई तुच्छ व्यक्तिका रूपमा प्रस्तुत गरियो । यस्तो इतिहास र परम्पराको ज्ञान हुँदै गएपछि महिलाहरू आफूमाथि भएको विभेदको बारेमा बिस्तारै सचेत हुँदै गए र नारीमुक्तिका लागि आवाजहरू उठ्न थाले ।

नारीवादी चिन्तनको पृष्ठभूमिलाई हेर्ने हो भने यसको सुरुवात पुनर्जागरण कालतिरबाट भएको पाइन्छ । अमेरिकी राज्यक्रान्ति (१७७६) र फ्रान्सेली राज्यक्रान्ति (१७८९) बाट नारीमुक्ति आन्दोलनको क्रम प्रारम्भ भएको हो । यसमा पनि सङ्गठित नारी आन्दोलनको आरम्भ भने फ्रान्सेली क्रान्तिबाट भएको पाइन्छ (निरौला, २०७२: १९)। अमेरिकाली र फ्रान्सेली क्रान्तिबाट सुरु भएको महिला मुक्ति आन्दोलनले समयक्रममा गति लिँदै गयो र यसले नारीवादी आन्दोलनको स्वरूप लियो । फ्रान्सेली नारीहरूलाई फ्रान्सेली क्रान्तिबाट भएको पाइन्छ (निरौला, २०७२: १९) । अमेरिकाली र फान्सेली क्रान्तिबाट सुरु भएको महिला मुक्ति आन्दोलनले समयक्रममा गति लिँदै गयो र यसले नारीवादी आन्दोलनको स्वरूप लियो । फ्रान्सेली नारीहरूलाई फ्रान्सेली क्रान्तिको बेला केही स्वतन्त्रता दिए पनि पछि गएर नारीलाई परिवारको संरचनामा बन्दी बनाइएको भनाइ बोउवारको छ । उनी भन्छिन्- नारी स्वाधीनताको दृष्टिले फ्रान्स अरु देशहरूभन्दा अगाडि थियो तर दुर्भाग्यवश आधुनिक फ्रान्सेली महिलाहरूको स्थितिमाथि सबभन्दा ठूलो दुर्भाग्यपूर्ण असर पर्‍यो 'कोड नेपोलियन'को जसले उनीहरूलाई सदियौँ दासतामा जकडी राख्यो (बोउवार, अनु: सुनुवार, २०६९: ४८) । फ्रान्सका नारीहरूले बर्षौं सङ्घर्ष गरेको देखिन्छ । फ्रान्समा सन् १६८९ बाट सुरु भएको नारी मुक्ति आन्दोलनमा सन् १८७९ को समाजवादी काङ्ग्रेसले गरेको स्त्री र पुरुष समान हुन् भन्ने घोषणा महत्त्वपूर्ण उपलब्धिका रूपमा देखिन्छ । फ्रान्सेली महिलाले मतदानको अधिकारको लागि निकै लामो समय सङ्घर्ष गरे र उनीहरूलाई १५२ वर्षपछि सन् १९४५ मा मतदानको अधिकार प्राप्त भयो ।

अमेरिकामा महिला अधिकार सम्बन्धी आन्दोलन त्यहाँको क्रान्तिसँगै जोडिएको छ । अमेरिकाली क्रान्ति पछि त्यहाँका महिलाहरूले मतदान र सामाजिक समानताको लागि आवाज उठाएको पाइन्छ । यसैक्रममा न्युयोर्कको सेनेका फल्स नामक सानो सहरमा सन् १८४ मा भएको महिला अधिकारसम्बन्धी सम्मेलनलाई प्रथम अमेरिकी विशिष्ट साङ्गठनिक सङ्घर्षको कोसे ढुङ्गाका रूपमा लिने गरिन्छ (त्रिपाठी, २०६८: १९) । यसैगरी नारीवादी

आन्दोलनको विकासको सम्बन्ध अमेरिकाली औद्योगिक क्रान्तिसँग पनि जोडिएको छ । औद्योगिक विकासपछि नारीहरू घरभित्र र बाहिर दुबै ठाउँमा काम गर्न विवश हुन्छन् । उनीहरूले पुरुष सरह काम गरे पनि ज्यालाको समानता भने थिएन । अमेरिकाको न्युयोर्कमा कपडा कारखानाका महिलाहरूले तलबको वृद्धिका साथै १५/१६ घण्टाको प्रचलित कामको समयलाई घटाएर १० घण्टामा झार्न माग राख्दै सन् १८५७ मा हड्ताल गरे तर सरकारले त्यस आन्दोलनलाई दबायो । तत्काल कुनै प्रतिफल प्राप्त गर्न सफल नभए तापनि यो नै विश्वका महिलाहरूलाई उत्प्रेरित गर्ने पहिलो सङ्गठित आन्दोलन थियो (त्रिपाठी, अस्मिता, २०५०: ९) । यसरी आन्दोलनका झन् - झन् प्रभावकारी नयाँ - नयाँ रूपहरू देखिँदै जान थालेपछि १९२० ई . को अगस्ट २६ का दिन अमेरिकी संविधानले उन्नाइसौं संशोधनद्वारा महिलाहरूलाई मताधिकार दिन अमेरीकी संसद् बाध्य भयो (त्रिपाठी, २०६८: २०) । अमेरिकन महिलाहरूले १८४८ मा सुरु गरेको सङ्घर्षले बहत्तर वर्षपछि १९२० मा मताधिकार प्राप्त गरेको देखिन्छ । यस समयावधिमा महिलाका हक अधिकारलाई सुनिश्चित गर्न सङ्घ सङ्गठनको स्थापनामा पनि महिला अधिकारकर्मीहरू सक्रिय भएको देखिन्छ । नारीवादी आन्दोलनलाई सक्रिय बनाउने काममा मार्क्सवादको पनि योगदान देखिन्छ । सन् १८४८मा कम्युनिस्ट पार्टीको घोषणा पत्र जारी भएपछि मार्क्सवादका सैद्धान्तिक प्रस्तावनाहरूका आधारमा नारी अधिकार सम्बन्धी विषयहरूलाई अगाडि बढाएको देखिन्छ ( निरौला, २०७२: २०) । यसपछि पाश्चात्य जगत्मा नारीहरू आफ्ना अधिकार प्राप्त गर्न सक्रिय भई उनीहरूले विभिन्न सङ्घ सङ्गठन स्थापना गर्ने, पत्रपत्रिका प्रकाशन गर्ने जस्ता कामहरू गरेको देखिन्छ । यसैबीच अमेरिका युरोपमा स्थापित द नेसनल उमेन सफरेज एसोसिएसन्स (१८६९), द अमेरिकन उमेन सफरेज एसोसिएसन्स (१८६९) द उमेन्स क्रिस्चियन टेम्पेरेन्स युनियन (१८९०) जस्ता सङ्घ सङ्गठनले नारीवादी चिन्तनको पृष्ठभूमि तयार पार्ने कार्य गरे (निरौला, २०७२: २१) । यसरी मतदान, नागरिकता सामाजिक समनताका लागि उठेको नारी आवाजहरू विभिन्न समयमा भएका आन्दोलन, नारीवादी चिन्तनसँगै साहित्यमा पनि नारीवादी चिन्तनको विकास भएको पाइन्छ ।

महिला अधिकार आन्दोलनसँगै नारीवादीहरू लेखन कार्यमा पनि सक्रिय भएको पाइन्छ । नारीवादी साहित्यिक चिन्तनको विकासमा मेरी उलस्टोन क्र्याफ्ट, जोन स्टुअर्ट मिल, मार्गरेट फूलर, भर्जिनिया उल्फ, सिमोन द बोउवार लगायतका थुप्रै चिन्तकहरूको विशेष योगदान देखिन्छ । नारीवादी आन्दोलनका विभिन्न धारमध्ये प्रथम धारको निर्माणमा

विशेष योगदान दिने मेरी उलस्टोनक्राफ्टले **अ भिन्डिकेसन अफ द राइट्स अफ वुमन**( १७९२) कृतिमा नारीहरूको पक्षलाई सशक्त ढङ्गमा सामुन्ने ल्याई यसको उठान गरेकी हुन् (शर्मा, लुइटेल, २०६७: ३७२) । नारीवादी प्रथम धारमा लेखिएको उक्त पुस्तकमा नारी र पुरुषलाई  शैक्षिक, आर्थिक, राजनीतिक, सामाजिक, धार्मिक जस्ता अवसर र अधिकारहरू समान रूपमा प्रदान गरिनु पर्दछ भन्ने मान्यता प्रस्तुत गरिएको छ । यसरी नारी पुरुषको भोग्या नभई स्वतन्त्र मानव प्राणी हो भन्ने कुराहरू उठाइएको छ । यसपछि जोन स्टुआर्ट मिल र हेरिएट टेलरको **म्यारिज एन्ड डिभोर्स** (१८३२), सारा ग्रिम्कीको **लेटर्स अन इक्वेलिटी** (१८३८), मार्गरिट फुलरको **वुमेन इन द नाइन्टिन्थ सेन्चुरी** (१८४५) भर्जिनिया उल्फको **अरुम अफ वन्स वन** ( १९२९), डोरोथीको चेतनप्रवाह शैलीको पिलग्रिमेज उपन्यास ( १९१५- १९६७) जस्ता कृतिहरू नारीवादका सम्बन्धमा चर्चा गरिएका महत्त्वपूर्ण कृतिहरू हुन् (शर्मा, लुइटेल, २०६७: ३७२) ।

यसै सन्दर्भमा प्रथम विश्वयुद्धपछि आएको भर्जिनिया उल्फको **ए रुम अफ हर वन** लाई नारीवादको महत्त्वपूर्ण कृतिको रूपमा लिइन्छ । यस कृतिमा नारी र पुरुषको समानता अनि समन्वयनलाई जोड दिइएको छ , जसमा स्त्रीपुरुषको सङ्घर्षलाई होइन, समन्वयलाई अनुमोदन गरिएको छ (गौतम, २०५९: ३६५) भनी चिनाएका छन् ।

प्रारम्भमा नागरिकताको सन्दर्भमा उठेको नारीवादी आन्दोलनले विभिन्न साङ्गठनिक र वैचारिक रूप ग्रहण गर्दै सन् १९६० पछि नव नव गतिका साथ अगाडि बढेको पाइन्छ । सन् १९६० को दशकदेखि नारीवादी समालोचनाको विकासको थालनी बेट्टी फ्राइडनको **फेमिनिन मिस्टिकबाट** भएको हो (पन्थी, त्रिपाठी, २०७०: २२) । मध्यम वर्गीय महिलालाई केन्द्रमा राखेर लेखिएको यस पुस्तकमा आफ्नो परिवारका लागि महिलाले तिर्नु परेको मनोवैज्ञानिक र सामाजिक मूल्यलाई स्पष्ट पारिएको छ । नारी स्वतन्त्रता, सुधार र समानताको लागि मात्र नभएर  सन् १९६० पछि नारीमुक्ति आन्दोलन तीव्र भएर उठ्यो र नारीवादलाई आक्रामक बनाई माथि पुऱ्यायो (गौतम, २०५९: ३६५) ।  सन् १९६० पश्चात् नारीवादी चिन्तनलाई अगाडि बढाउने काम केट मिलेट, म्यारी एलम्यान, बेटी फ्रिडन, सुलामिथ फ्रायरस्टोन, एलेन सोवाल्टर, एन्ड्रियाना रिच, मिसेल व्यारेट, तोरिल मोई, मेरी हल्टम्यान, जुलिया क्रिस्टेभा, हेलेन सिक्सस लगायतका थुप्रै चिन्तकहरूले गरेको पाइन्छ । सन् १९६० पछिकी नारीवादी लेखिका बेटी फ्रिडनको **द फेमिनिन मिस्टिक** (१९६३ ई.) लाई

नारीवादी चिन्तनलाई नयाँ धार दिने महत्त्वपूर्ण कृतिको रूपमा लिइन्छ । फ्रिडनभन्दा उग्रवादी भएर देखिएकी केट मिलेटको **सेक्सुअल पलिटिक्स** (१९७० ) पनि यस समयको महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइन्छ । यस कृति मार्फत उनले अमेरिकाली महिलाहरूको नागरिक अधिकारका बारेमा आवाज उठाएकी छिन् । यस समयको उग्रवादी मानिने मिलेट सुधारभन्दा सामाजिक क्रान्तिमा विश्वास राख्छिन् त्यसैले उनको यस कृतिले नारीवादलाई साहित्यमा राजनीतिपरक आयाम दिएको पाइन्छ (गौतम, २०५९: ३६५) ।मार्क्सवादले नारीवादको विकासमा थप ऊर्जा प्रदान गरेको पाइन्छ । नारीवदी तेस्रो धार मानिएको मार्क्सवादी धारकी सुलामिथ फायरस्टोनको **द डाइलेक्टिक अफ सेक्स** (१९७० ई.) चर्चित कृति हो । यिनी लगायत यस धारका नारीवादीहरूले मिलेटले देखाएको उग्र नारीवादको आलोचना गर्दै नारीवादी समस्याको जरो आर्थिक, सामाजिक र वर्गीय स्थिति नै हो भन्ने स्पस्ट पारेका छन् (निरौला, २०७२: २३) । मार्क्सवादी नारीवादी धारले नारी शोषण र दमनको कारक तत्त्व आर्थिक हो भन्दछ । मार्क्सवादी नारीवादीहरूले श्रमको लैङ्गिक विभाजनको विरोध गर्दछन् । सुलामिथ फायरस्टोनका साथै मिचेल व्यारेट , इम्मा गोल्डमन, मार्गरेट मिड, रविन्सन आदिले मार्क्सवादका आधारमा नारीवादको व्याख्या गर्ने काम गरेका छन् ।

यसपछिको नारीवादी चिन्तनमा एलेन सोवाल्टरको भूमिका अग्रणी देखिन्छ र उनलाई नारीवादी समालोचनाको एक प्रकार गाइनो समालोचनाको सुरुवात कर्ता मानिन्छ । गाइनो समालोचनाको तात्पर्य नारी लेखकका कृतिको परीक्षण र मूल्याङ्कन गर्ने हो (शर्मा, लुइटेल, २०६७: ३७४) । यस सन्दर्भमा सोवाल्टरको अ लिटरेचर अफ दिएर वन नामक कृति उल्लेखनीय कृति हो । इतिहास र वर्तमानको अध्ययन गरेकी सोवाल्टरले पुरुष लेखकहरूले नारी लेखिका र उनीहरूको लेखनको इतिहासकोबेवास्ता वनाउने गरेको कुरामा जोड दिएकी छिन् । सोवाल्टरले नारी लेखनको आफ्नै इतिहास र परम्परा छ भन्ने देखाउँदै पुरुष समालोचकहरूले नारी लेखनको अवमूल्यन गर्दै तिनको कुनै लेखन परम्परा छैन भनेकोमा त्यसको खण्डन गरेकी छिन् । (शर्मा, लुइटेल, २०६७: ३७५) ।यसरी सन् १९८० को दशक तिर आइपुग्दा नारीवाद उत्तर संरचनावाद, नवमनोविश्लेषणवाद, प्रतीक विज्ञान, विनिर्माणवाद आदिबाट प्रभावित भएको पाइन्छ । यस समयमा नारीवादमा जुलिएट मिसेलले लकानको मनोविश्लेषण सिद्धान्तका आधारमा नारी समस्याको हल गर्नुपर्ने धारणा अघि सारेकी छिन् । त्यसै गरी फ्रान्सेली नारीवादी लेखिका जुलिया क्रिस्टिभाको **डिजाएर इन**

**ल्याङ्ग्वेज : अ सेमिओटिक याप्रोच टु लिटरेचर एन्ड आर्ट** (१९८० ई.) ले भाषाका माध्यमबाट नारीवादी चिन्तन प्रस्तुत गरेकी छिन् । क्रिस्टिभासँगै एल् . इरिग्यारी, हेलेन सिकस आदिले नारी भाषा र पुरुष भाषाको भेदको अन्त्य हुनुपर्ने भन्दै पाठ र भाषामा केन्द्रित रही नारीवादी चिन्तन गरेका छन् । यिनीहरूले भाषापक्षमा जोड दिँदै छुट्टै नारी भाषाको सम्भाव्यता देखाई eriture feminineको धारणालाई अगि बढाएका छन् (शर्मा, लुइटेल, २०६७: ३७६ ) ।

यसरी १७७६ ई. को अमेरिकी राज्यक्रान्ति र १७८९ ई. को फ्रेन्च राज्यक्रान्तिबाट उठेको नारीवादी आन्दोलनबाट पृष्ठभूमि ग्रहण गरेको नारीवादी साहित्यिक चिन्तन विविध मान्यतालाई आत्मसात् गर्दै द्रुत गतिमा अगाडि बढिरहेको छ । पाश्चात्य जगत्मा नारीहरूले पुरुष सरह मताधिकारको हक, श्रमको समान वेतन, आर्थिक, राजनीतिक, सांस्कृतिक र सामाजिक सारा अधिकार बराबर प्रदान गर्नुपर्छ भन्ने मान्यता बोकेको नारीवादी चिन्तन विश्वभर नै आफ्नो प्रभाव जमाउन सफल भएको देखिन्छ । नारीमुक्तिको आवाजसँगै साहित्यिक क्षेत्रमा पनि नारीवादी चेतनाको प्रभाव परेको हो । नारीवादी अवधारणा साहित्य समालोचना सिद्धान्तका रूपमा विकसित भएको छ ।

## २.५ नारीवादी समालोचनाका मान्यता

नारीहरूका हक, हित र अधिकारका लागि आवाज उठाउने एउटा साहित्यिक तथा बौद्धिक अभियानका रूपमा नारीवादी समालोचना विभिन्न साहित्यिक कृतिहरूको प्रकाशनसँगै अगाडि बढेको पाइन्छ । १९६० ई. को दशक पछिका नारीवादी समालोचनाले पाश्चात्य साहित्यमा एउटा तीव्र साहित्यिक अभियानकै रूप लिएको पाइन्छ । यसले सम्पूर्णतः साहित्यिक कृति मार्फत समाजमा नारीहरूको स्थान, स्तर र अस्तित्वको लेखाजोखा गर्दछ । नारीकेन्द्री लेखन तथा नारीवादी लेखनलाई नै समालोचनाको मूल विषय मान्ने नारीवादी समालोचनाले नारी लेखनको ऐतिहासिकता, शिल्प, संरचना आदिका आधारमा नारीरचनाको विश्लेषण गर्दछ (अधिकारी, २०६८: ४०) । नारी आन्दोलनको अङ्गका रूपमा नै नारीवादी समालोचना पनि अघि बढेको पाइन्छ । साहित्यलाई पनि नारीवादी विचारधाराका आधारमा अध्ययन गरी समालोचना गर्नु नै नारीवादी समालोचना हो । सदियौँदेखि चल्दै आएको पितृसत्तात्मक विचारधारा र साहित्यको पुरुषपरक व्याख्यालाई अस्वीकार गर्दै नारीवादी समालोचना देखापरेको हो । नारीवादी साहित्यिक समालोचना

नारीहरूको सामाजिक, आर्थिक एवं सांस्कृतिक स्वतन्त्रता तथा समानताका लागि वर्तमान युगमा सञ्चालित राजनैतिक नारीवादी आन्दोलनसँग घनिष्ठ सम्बन्ध राख्दछ (शर्मा, लुइटेल, २०६७: ३७१) । अमेरिकामा आधुनिक नारीवादी समालोचनाको प्रारम्भ **मेरी एल्मनको थिङ्किङ एबाउट विमन** बाट भएको मानिन्छ । यस पुस्तकमा पुरुषले साहित्यमा नारीप्रति एकै प्रकारको अनादरपूर्ण विचार प्रकट गरेका छन् भन्ने विचार उनले प्रकट गरेका छन् ( बराल, २०६१: १२६) ।सन् १९७० को दशकको मध्यतिर आइपुग्दा नारीवादी समालोचनामा नयाँ आयाम आएको देखिन्छ । यसपछि नारीवादी समालोचकहरू पुरुष लेखकका कृतिलाई विश्लेषण गर्ने मात्र नभएर नारी लेखकका कृतिहरूको अनुपस्थितितिर केन्द्रित हुँदैचलिआएका साहित्यिक/सांस्कृतिक परम्पराबाट पाखा लागेका नारीलेखकहरूलाई पुनः उक्त परम्पराभित्र तान्ने उद्देश्यले लेख्ने र विश्लेषण गर्ने कार्य अगाडि बढाउन थाले (उप्रेती, २०६९: २४४) । नारीवादी समालोचनाको विकासमा नव नव चिन्तकहरू थपिँदै गएर १९८० ई. देखि तात्त्विकतावादी र निर्माणवादी समालोचकहरू पनि उदाएको पाइन्छ । फ्रान्सेली नारीवादी विचारक हेलेन सिक्सु र जुलिया क्रिस्टेभाका विचारहरू केही हदसम्म तात्त्विकतावादी खेमाभित्र पर्छन् भने इलेइन शोवाल्टर तथा गायत्री स्पिवाक जस्ता उत्तरसंरचनावादी विचारकहरू निर्माणवादी खेमामा पर्दछन् (उप्रेती, २०६९: २४४) ।

नारीवादी समालोचनाले पितृसत्तात्मक पुरुषप्रधान समाजको विरोध, नारी अस्तित्वको खोजी,नारी समुन्नत समाजको स्थापनाको आग्रह, नारीलेखन र नारीसाहित्यमा जोड, लैङ्गिक अवधारणामा आधारित समालोचना लेखन आदि नारीवादी समालोचनाका प्रमुख मान्यता हुन् । नारीका हकहित र समानताका लागि थालिएको आन्दोलन नारीवाद हो र यसैमा आधारित साहित्य समालोचना सिद्धान्तलाई नारीवादी समालोचना भनिन्छ । यसरी नारीवादी समालोचनाले साहित्यका विविध विधामा नारीहरूका अनुभवलाई व्याख्या र पुनर्व्याख्या गर्ने काम गर्दछ ।नारीवादी दृष्टिबाट साहित्यको अध्ययन गर्ने, विश्लेषण गर्ने, कृतिमा नारीको स्थितिको अध्ययन गर्ने, साहित्यको पुरुषकेन्द्री इतिहासलाई सच्याउने, नारी साहित्यकारहरूको खोजी गर्ने, पितृसत्तात्मक सोचको भण्डाफोर गर्ने र नारीलाई स्वतन्त्र मानवका रूपमा बाँच्न प्रेरित गर्ने नै नारीवादी समालोचनाको उद्देश्य रहेको हुन्छ ।समग्रमा नारीवादी समालोचनाका आधारभूत मान्यतालाई यस प्रकार देखाइन्छ :

(१) पितृसत्ताको विरोध र नारीमुक्तिको लागि आवाज उठाउँछ ।

(२) पितृसत्ता र लैङ्गिक विभेदको अन्त्यको माग राख्दै समानताको पक्षमा वकालत गर्दछ । तर पितृसत्ताको विकल्पमा मातृसत्ता स्थापित हुनुपर्ने धारणा राख्दैन केवल स्वतन्त्रता, समानता र न्यायको माग राख्दछ ।

(३) नारीमाथि हुँदै आएका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, धार्मिक, शारीरिक र यौनजन्य भेदभावका विरुद्ध नारीहरूलाई आवाज उठाउन प्रेरित गर्दछ ।

(४) नारी भएकै कारण घर, परिवार, समाज र राज्यबाट हुँदै आएका भेदभाव,शोषण, दमन, अन्याय र अत्याचारको विरोध गरी राज्य र कानुनी तबरमै यसमा परिवर्तन हुनु पर्नेमा जोड दिन्छ ।

(५) नारीको शरीरमाथि नारीकै अधिकार हुनुपर्ने र हरेक प्रकारका पुरुष अधीनको अन्त्य हुनुपर्ने धारणा राख्दछ ।

(६) महिलाले घरायसी तथा अन्य कार्य स्थलमा गर्ने श्रमको मूल्य पुरुषसरह नै हुनुपर्ने माग राख्दछ ।

(७) यो महिलाको आत्मनिर्भरता, आर्थिक सवलता र सामाजिक सहभागितामा केन्द्रित छ ।

(८) लैङ्गिक विभेद विरुद्ध आवाज उठाउँदै महिलाको स्रोत माथिको पहुँच र सम्बन्ध तथा महिला विकासका विविध पक्षको व्याख्या विश्लेषण गर्दछ ।

यसप्रकार नारीहरूका हक हित र पुरुष सत्ताको विरोध गर्ने अभियानका रूपमा देखा परेको नारीवादले साहित्यको विश्लेषण गर्ने समालोचना सिद्धान्तको रूपमा लिँदैअगाडि बढेको देखिन्छ ।

## २.६ नारीवादका प्रकार

सबै नारीवादीहरूको मूल स्वर एउटै भए पनि नारी शोषण र दमनका कारण र तिनको निराकरणका उपायका बारेमा देखिएका फरक-फरक दृष्टिकोणका कारण नारीवादभित्र पनि अनेक स्वरूपलाई आधार मानी नारीवादको प्रकार निर्धारण गरिएको पाइन्छ । नारीवादी समालोचनाका प्रकारहरूको निर्धारण गर्ने क्रममा सबै समालोचकहरूको मत एउटै किसिमको पाइँदैन । विभिन्न आधारमा नारीवादी समालोचनाको प्रकार छुटट्याएको पाइन्छ । यसैक्रममा कसैले देशीय आधारमा अमेरिकाली, बेलायती, फ्रान्सेली नारीवादी समालोचना र कसैले राजनीतिक नारीवादी समालोचना, गाइनो समालोचना र

फ्रान्सेली नारीवादी समालोचना भनी छुटट्याएको पाइन्छ । नारीवादी समालोचनाको विकास यात्रा र प्रवृत्तिका आधारमा उदारनारीवादी समालोचना, मार्क्सवादी नारीवादी समालोचना, उग्र/आमूल नारीवादी समालोचना, आधुनिक समाजवादी नारीवादी समालोचना र उत्तर आधुनिक नारीवादी समालोचना गरी पाँच प्रकारमा विभाजन गरेको पाइन्छ ( अधिकारी,२०७२ः २९) । यसका प्रकारहरूको चर्चा गर्ने क्रममा नेपाली समालोचक कृष्ण गौतमले आफ्नो पुस्तक आधुनिक **आलोचनाः अनेक रूप अनेक पठन**मा उदारवादरी, सुधारवादी, चरमवादी, समाजवादी र क्रान्तिकारी गरी पाँच भेदको उल्लेख गरेका छन् ( गौतम, २०५९ः ३४५) । त्यसैगरी नारीवादी समालोचक सुधा त्रिपाठीले **नारीवादी सौन्दर्य चिन्तन** नामक पुस्तकमा उदार नारीवाद, आमूल नारीवाद, मार्क्सवादी नारीवाद, सामाजिक नारीवादलाई मूल धार र मनोविश्लेषणात्मक, उत्तर संरचनावादी अनि उत्तरआधुनिक लाई सहायक धार, जाति जनजाति, सांस्कृतिक नारीवादी, कालावादी, नारी समलैङ्गिक उत्तर उपनिवेशवादी , उत्तर नारीवादीलाई अन्य धार अन्तर्गत राखी नारीवादको प्रकार निर्धारण गरेकि छिन् (त्रिपाठी, सन् २०१२ .ः ७४) । राजेन्द्र सुवेदीले **नेपाली समालोचनाः परम्परा र प्रवृत्ति** नामक पुस्तकमा उदार नारीवाद, मार्क्सवादी नारीवादी, उग्र नारीवाद, आधुनिक समाजवादी नारीवाद र उत्तर आधुनिक नारीवाद भनी पाँच वटा धारमा उल्लेख गरेका छन् (सुवेदी, २०६८ः ६९) । ज्ञानु अधिकारीले आफ्नो दर्शनाचार्यको शोधप्रबन्ध “नेपाली समालोचनामा उदारनारीवाद र मार्क्सवादी नारीवाद” मा उदारवादी नारीवादी समालोचना, मार्क्सवादी नारीवादी समालोचना , आधुनिक समाजवादी नारीवादी समालोचना र उत्तर आधुनिक नारीवादी समालोचना गरी पाँच प्रकारमा विभाजन गरेकी छिन् (अधिकारी, २०७२ः ३०) । यसरी विभिन्न समालोचक, नारीवादी अध्येता तथा विश्लेषकहरूको भनाईका आधारमा निचोडका रूपमा नारीवादी समालोचनाका प्रकारहरूलाई पुनः उल्लेख गरी क्रमशः निम्नअनुसार व्याख्या गरिन्छ :

१. उदार नारीवाद धार
२. मार्क्सवादी नारीवादधार
३. आमूल नारीवादधार
४. समाजवादी नारीवादधार
५. उत्तरआधुनिक नारीवादधार

### २.६.१ उदार नारीवादी धार

विश्वमा रहेका नारीवादका विभिन्न धारहरूमध्ये सबैभन्दा चर्चित र पुरानो नारीवादी धार उदार नारीवादी धार हो । उदार नारीवादी धारलाई सुधारवादी नारीवादी धार पनि भनेको पाइन्छ । सार्वजनिक क्षेत्रमा महिलाको प्रवेश समान ज्याला, राजनैतिक समानता, मताधिकार, गर्भपतनको अधिकार र पुरुष सरहको समान अधिकारको माग गर्दै थालिएको आन्दोलन नै उदार नारीवादको सुरुवात हो । बेलायती लेखिका मेरी उल्स्टन क्राफ्टले **अ भिन्डिकेसन अफ द राइट्स अफ उमन** (१७९२ ई.) लेखेर उदारनारीवादको विकास गरेकी हुन् भन्ने मानिन्छ । प्रस्तुत कृतिमा पहिलो चोटि अक्षरको संसारबाट महिलालाई पुरुषको मनोरञ्जनको वस्तु ठान्ने पितृसत्तात्मक सामाजिक संस्कारको विरोधमा आवाज उठाएकी हुन् । उनले उक्त पुस्तकमा महिलालाई राजनीतिक, शैक्षिक एवम् श्रमको क्षेत्रमा समान अवसरको उपलब्धता होस् भन्ने मागलाई पनि अघि सारेकी छिन् (पाण्डे, २०६९: २४) । क्राफ्ट लगायत यस धारमा ह्यारिट टेलर, जोन स्टुआर्ट मिल, एलिजावेथ केडी स्टन्टन, भर्जिनिया उल्फ र सिमोन द बोउवार जस्ता चिन्तकहरू उदार नारीवादी धार अन्तर्गत पर्दछन् । पाश्चात्य नारीवादको इतिहासमा मेरी उल्सटन क्राफ्टले विशिष्ट योगदान दिएतापनि नारीवादी समालोचनाको इतिहासमा भने भर्जिनिया उल्फ र सिमोन दि बोउवार संस्थापक मानिन्छन् ।

उदार नारीवाद क्रान्तिकारी परिवर्तन नभई सुधारमा विश्वास राख्ने नारीवादी धार हो । उदार नारीवाद द्वन्द्व नभई समानताको पक्षमा छ र यसले नारीको आर्थिक, सामाजिक, राजनीतिक तथा परिचयपत्रको अधिकार जस्ता कुरामा पुरुषसरह अधिकार पाउनुपर्छ भन्ने मान्यता राख्दछ । सुधारवादी तथा उदारवादी अर्थमा नारीवाद ध्वंसात्मक छैन र नारीलाई नरकै समानतामा उठाउने र दुबैको मैत्री हुनुपर्छ भन्ने कुरामा जोड दिन्छ (गौतम, २०५९: ३४४) । उदारनारीवादको नारा व्यक्तिगत स्वतन्त्रता पनि हो । सांस्कृतिक र सामाजिक बन्धनबाट महिलाको मुक्तिको वकालत यसले गर्दछ । सांस्कृतिक दूराकरण र जकडनबाट मुक्ति पाउनु पर्छ भन्दै उदार नारीवादले नागरिकता र पुरुषसँगको बराबरीका कुरालाई नै आफ्नो दृष्टिकोणको केन्द्रविन्दु मानेको छ (त्रिपाठी, सन् २०१२ : ७४) ।यसले महिला पुरुषभन्दा कम छैनन् र उनीहरूले पनि राज्यबाट पुरुषसरह अधिकार पाउनुपर्छ भन्ने मान्यता राख्दछ । यसले सहकार्यमा विश्वास राख्दछ र क्रान्तिकारी परिवर्तन नभएर

सुधारको अपेक्षा गर्दछ । यसरी उदार नारीवाद पुरुषसँगै सहकार्य गरेर समानताबाट प्राप्त हुने अवसरहरू हासिल गर्न चाहन्छ (त्रिपाठी, सन् २०१२: ७५) । यसले विवाह, गर्भधारण, सम्बन्ध विच्छेद, परिवार नियोजन जस्ता नारीको व्यक्तिगत जीवनसँग सम्बन्धित पक्षहरूमा निर्णय गर्ने अधिकार नारी स्वयम्लाई हुनुपर्छ भन्ने मान्यता राख्दछ ।

उदार नारीवादीहरू महिलाको लेखनले कसरी महिलाले भोगेका दमन र अन्यायका आधारमा नारीवादी चेतना जगाएको छ भन्ने कुरामा जोड दिन्छन् । त्यसैगरी उदारवादी साहित्यिक रचनामा नारीमाथि भएको दमन, समाजले गरेको शोषण र आर्थिक अधिकारबाट वञ्चित भएको अवस्थालाई प्रस्तुत गर्दछन् । त्यस्ता अन्यायका विरुद्ध सङ्घर्ष गर्न, चेतना जागृत गर्न, नारी पक्षधरता कसरी प्रस्तुत गरिएको छ भन्ने कुरा हेरिन्छ । यसरी नारी समस्या र नारी उत्पीडनमा केन्द्रित भई थालिएको नारीवादी चिन्तन नै उदार नारीवाद हो । पुरुषको सापेक्षतामा महिलाको समान अधिकारको वकालत गर्ने काम उदार नारीवादले गर्दछ ।

### २.६.२ मार्क्सवादी नारीवादधार

मार्क्सवादी नारीवादी धार नारीवादका विभिन्न धारमध्ये महत्त्वपूर्ण धारका रूपमा रहेको पाइन्छ । मार्क्सवादका अवधारणामा विश्वास राखी त्यसैका आधारमा नारीमुक्ति आन्दोलन गर्ने धार नै मार्क्सवादी नारीवादी धार हो । मार्क्सवादी नारीवादले नारीमाथि पुँजीवाद र पितृसत्ताले दोहोरो शासन गरेको छ भन्दछ । मार्क्सवादी नारीवादले मार्क्सवादबाट महिलाको आर्थिक शोषणको ऐतिहासिक सन्दर्भलाई व्याख्या गर्न विश्लेषणको आधार ग्रहण गरेको छ (त्रिपाठी, २०६८: ७५) । मार्क्सवादी नारीवादी धारको विकासमा केट मिलेट, मार्गरेड मिड, मिसेल व्यारेट, जुडिथ न्युटन, इम्मा गोल्डम्यान, लिलियन एस रविन्सन आदिको विशेष योगदान रहेको छ ।

सुधारवादी नारीवादभन्दा भिन्न आमूल परिवर्तन चाहने नारीवादीहरू नै मार्क्सवादी धारका नारीवादीहरू हुन् । आमूल परिवर्तन चाहने मार्क्सवादी नारीवादी धार १९७० ई. देखि नै आर्थिक संरचना र जीवनको भौतिक संरचना नै लैङ्गिक असमानताका स्रोत हुन् भन्ने कुरा पत्ता लगायो (त्रिपाठी, २०६८: ७६) । मार्क्सवादले समाजका हरेक शोषणको कारण वर्गीय समाज व्यवस्थालाई मान्दछ । मार्क्सवादले वर्गविभेदको अन्त्य भएको समाजव्यवस्था

भए नारीमुक्ति हुने सम्भावना देख्दछ । मार्क्सवादले महिलालाई शोषित वर्गमा राख्दछ । घरभित्र र बाहिर दुबै ठाउँमा महिलामाथि श्रम र आर्थिक शोषण हुने गर्दछ । लैङ्गिक आधारमा घरभित्र र बाहिर दुबैतिर महिलाको श्रमको शोषण हुन्छ भन्ने मान्यता मार्क्सवादी नारीवादीहरूको छ । महिलाको घरभित्रको श्रमको मूल्याङ्कन हुँदैन र घरबाहिरको श्रमको पुरुष बराबरको ज्याला नहुनु नै महिलामाथि हुने श्रमको शोषण हो । मार्क्सवादी नारीवादीका अनुसार घरभित्र र बाहिर दुबैतिर भएको महिलाको कामको शोषण लैङ्गिक विभेदको प्राथमिक आधार हो (त्रिपाठी, २०६८ः ७७) । मार्क्सवादी नारीवादले नारी मुक्तिका लागि सामाजिक संरचनामा परिवर्तन ल्याउनुपर्छ भन्दछ । महिलाले घरभित्र गर्ने काम र घरबाहिर गर्ने काम दुबैको उचित मूल्याङ्कन हुनुपर्छ भन्ने मान्यता यसको छ । मार्क्सवादी नारीवादीहरू महिलालाई एक्लो पारिवारिक जिम्मेवारीबाट मुक्ति पाउनुपर्छ भन्दै मायाकै भरमा महिलाको श्रम शोषण गरिनु हुँदैन भन्ने मत राख्दछन् । यसले नारीलाई पूर्ण सामाजिक क्रियाशीलता र उत्पादनमूलक काममा लागेर आत्मनिर्भर बन्ने प्रेरणा प्रदान गर्दछ ।

मार्क्सवादी नारीवादले वर्गीयताका आधारमा पनि महिलाका समस्याहरूको विश्लेषण गर्ने काम गर्दछ । यसले नारीको राजनीतिक, सामाजिक र आर्थिक अवस्थाको विश्लेषण गर्ने गर्दछ । यसले वर्गीय आधारमा तल परेका वा पारिएका नारीहरू लैङ्गिक रूपमा पनि शोषित हुने बताउँदै नारीमाथि हुने द्वैध उपनिवेशको विरोध गर्छ र क्रान्तिका माध्यमबाट नारीमुक्तिको अपेक्षा राख्दछ (निरौला, २०७२ः ३३) । मार्क्सवादी नारीवादका आधारमा नारीहरूपुँजीवाद र पितृसत्ताको दोहोरो शोषणमा परेका हुन्छन् । नारीहरू बाहिर कामकाजमा पुँजीपति वर्गका कम मूल्यका श्रमिक बनेका छन् भने पितृसत्ताका कारण घरको सम्पूर्ण जिम्मेवारीमा श्रम शोषण भोगिरहेका छन् । उपल्लो वर्गकी नारी पितृसत्ताबाट मात्र शोषित छे भने तल्लो वर्गकी नारी उपल्लो वर्ग र पितृसत्ता दुबैबाट शोषित भएकी छे । मार्क्सवादी नारीवादीहरू समाजका राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक आदि संरचनामा नै आमूल परिवर्तन गरेमात्र नारीले सम्पूर्ण उत्पीडनबाट मुक्ति पाउने मान्यता राख्दछन् । आदिम समाजदेखि नै नारीहरू पछि पारिएका हुन् भन्दै यिनीहरू ऐतिहासिक भौतिकवादका आधारमा समाजको विश्लेषण गर्दछन् । मार्क्सवादको शास्त्रीय मान्यतामा अडेपनि मार्क्सवादी नारीवादीहरूले त्यसलाई फरक ढङ्गमा प्रस्तुत गरेको पाइन्छ । वर्गको अवधारणालाई अहिले मार्क्सवादी नारीवादीहरूले फरक किसिमले विश्लेषण गरेको पाइन्छ ।

मार्क्सवादले सामाजिक शोषणको मुख्य आधार वर्गलाई मानेको छ भने मार्क्सवादी नारीवादीहरूले चाहिँ लिङ्गलाई मानेका छन् (त्रिपाठी,सन् २०१२: ९१) । नारी र पुरुषको लैङ्गिक भिन्नताका आधारमा नै पितृसत्तात्मक समाजले नारीमाथि शोषण गरिरहेको छ । लैङ्गिक विभेदले नै सम्पूर्ण सामाजिक संरचना बनेको छ, त्यसैले नारीवादीहरूले श्रमको लैङ्गिक विभाजन भन्ने वाक्यांशको प्रयोग गर्न थालेका छन् ।

यसरी मार्क्सवादी नारीवादी धार सुधारको मात्र नभएर आमूल परिवर्तनको पक्षमा भएको नारीवादी धार हो । मार्क्सवादी नारीवादी धारलाई परिवर्तनको दर्शन भन्न सकिन्छ । हरेक नारीवादी धारको लक्ष्य समाजमा लैङ्गिक विभेद हटाउने हो र त्यो विभेदलाई जरैदेखि आमूल परिवर्तन गर्नुपर्छ भन्ने मान्यता मार्क्सवादी नारीवादी धारको छ । मार्क्सवादलाई आधारभूमि बनाएको यस धारले पुँजीवाद र पितृसत्ताबाट नारीलाई मुक्ति दिलाउन क्रान्ति गर्नुपर्छ भन्ने मान्यता राख्दछ । सामाजिक संरचना र सम्बन्धका कारण लैङ्गिक विभेद हुने हुनाले यस धारले सदियौँदेखि चल्दै आएको सामाजिक संरचनामा आमूल परिवर्तन गर्न चाहन्छ । समग्रमा मार्क्सवादी नारीवादी धारले साहित्य, समाज, राजनैतिक, आर्थिक सबै क्षेत्रतिर वर्गीय र लैङ्गिक दुबै प्रकारका विभेदहरूको अन्त्य हुनुपर्छ भन्ने मान्यता राख्दछ ।

### २.६.३ आमूल नारीवादधार

आमूल नारीवादले समाजमा विद्यमान नारी उत्पीडनलाई सम्पूर्ण रूपमा नष्ट गर्नुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । आमूल नारीवादलाई उग्रवादी धार भनेको पनि पाइन्छ । यसले महिला सबैभन्दा बढी घरभित्र लैङ्गिक विभेदमा परेका छन् भन्छ र त्यसको कारणका रूपमा वैवाहिक सम्बन्धलाई लिने गर्दछ । आमूल नारीवादले समलैङ्गिक सम्बन्धलाई जोड दिने हुनाले सामाजिक संरचनाका विरुद्धमा देखिन्छ । आमूल नारीवादले विपरीत लिङ्गीका बीचको वैवाहिक सम्बन्धलाई पुरै निषेध गरेर महिला महिला बीचमै वैवाहिक सम्बन्ध स्थापित गर्दै नारीसमलैङ्गिक नारीवाद (लेस्बियन फेमिनिज्म) को सिद्धान्त अगाडि सारेको छ (त्रिपाठी, २०६८ : ८४) । यसको विकासमा जुलियन, मिट्‌चर, एटडिन्सन, अड्रे लर्डे, सुलामिथ फायरस्टोन, एन्ड्रिया दोर्किन लगायतका चिन्तकहरूको विशेष योगदान रहेको छ ।

आमूल नारीवादीहरू उदार नारीवादीकै एउटा हाँगो फाटेर आएका हुन् । सुधारको माध्यमबाट महिला मुक्ति हुँदैन भन्ने मान्यताका साथ १९६८ ई. मा उदारवादी नारीवादी धारबाटै टाइग्रेस एट्किन्सनका नेतृत्वमा एउटा समूह अलग भएर आमूल नारीवाद भन्ने छुट्टै धारको निर्माण भएको हो । आमूल नारीवादले पितृसत्तालाई नै ध्वस्त पारेर मातृसत्ताको स्थापना गर्नुपर्छ भन्ने मान्यता अघि सारेको पाइन्छ । यसले पुरुषसँगको द्वन्द्वले महिला उत्पीडन अन्त्यनहुने भन्दै पितृसत्तालाई नै ढाल्नुपर्ने मान्यता राख्दछ । आमूल नारीवादले महिलालाई सुन्दरता, मातृत्व, न्यून ज्यालादर, निःशुल्क घरगृहस्थी कर्म, यौनसम्बन्ध पितृसत्ताले महिलाको शोषण गर्न बनाएको माध्यम हो भन्दछ । महिलालाई आदर्शको जालोमा पारेर पितृसत्ताले शोषण गरिरहेको हुन्छ । आफ्नो स्वतन्त्रता, चाहना, आकाङ्क्षा र अधिकार सबै छाडेर घरपरिवारमै बाँच्न बाध्य बनाउने मातृत्वको आदर्श महिलामाथि शोषण, उत्पीडन थोपर्ने सबैभन्दा सशक्त माध्यम हो (त्रिपाठी, २०६८ : ८५) । आमूल नारीवाद उदार नारीवाद र मार्क्सवादी नारीवाद भन्दा भिन्न छ । यसले उदार नारीवाद जस्तो सुधारलाई मात्रै स्वीकार नगरी आमूल परिवर्तन चाहन्छ । यसले मार्क्सवादी नारीवाद जस्तो सामाजिक वर्गका आधारमा नभएर लैङ्गिक आधारमा अध्ययन गर्नुपर्दछ भन्छ । उदार नारीवादले समानतालाई, मार्क्सवादी नारीवादले वर्गीयता र आर्थिक तत्त्वलाई मुख्य केन्द्र बनाएजस्तै यसले यौनिकता र यौनसम्बन्धको राजनीतिक पक्षलाई सबल बनाएको देखिन्छ (अधिकारी, २०७२: ३६) । पुरुष सत्तालाई चुनौती दिंदै आमूल नारीवादीहरू मातृसत्तालाई स्थापित गर्न चाहन्छन् । उनीहरू नारी समलिङ्गतालाई महत्त्व दिन्छन् र नरनारीको मात्र यौन सम्बन्ध हुन्छ भन्ने पितृसत्तात्मक नियम हो भनी त्यसलाई तोड्न चाहन्छन् । उनीहरूका विचार अनुसार नारीले नारीलाई चिन्ने, बुझ्ने र हृदयङ्गम गर्ने सच्चा अवसर समलिङ्गी जीवनबाटै प्राप्त हुनुका साथै यसैबाट पुरुषको टेवा नचाहिने तथा पुरुषले बनाएका मान्यतालाई ध्वस्त गर्न सकिने हुँदा समलिङ्गवाद नै नारीमुक्तिको सर्वोत्तमउपाय हो (गौतम, २०५९: ३५७) । यसले लैङ्गिकउत्पीडनलाई नष्ट गर्नचाहन्छ । आमूल नारीवादले पुरुष सर्बश्रेष्ठ र नारी अधीनस्थ हुने परम्परालाई तोड्न चाहन्छ र यसको अध्ययन गर्ने क्रममा ऐतिहासिक, भौतिकवादी र मनोविश्लेषणात्मक गरी तिनवटै प्रविधिको प्रयोग गर्दछ (त्रिपाठी, २०६८: ८५) ।

आमूल नारीवादीहरू लैङ्गिकतालाई महत्त्व दिन्छन् । आमूल नारीवादीहरू महिलामा आरोप गरिएका प्राकृतिक, जैविकहीनता, अधीनताजस्ता कुरालाई चुनौती दिन आफ्नो

लेखनलाई अग्रसर बनाउँछन् र आफ्नो शरीर एवं जैविकतामाथि आफ्नै नियन्त्रण कायम गर्नु एवं त्यसलाई मूल्य दिई महिला शरीरको गौरव प्रदर्शन गर्नु हो (त्रिपाठी, २०६८: ८७) । यसले पुरुषले नारी शरीरको चरम दुरूपयोग गरेको हुँदा उसबाट जोगाएर राख्ने तथा नारीप्रतिका सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक तहका गलत मान्यताहरूलाई आमूल परिवर्तन गर्न चाहन्छ । नारीमाथि हुँदै आएका चरम शोषण र दमन उद्घाटन गर्दै नारी भावना, विचार र अनुभूतिलाई विशेष महत्त्वका साथ उजागर गर्नु, नारीहरूको जीवन मूल्यलाई देखाउनु, नारी नारी बीच रहेका अनेकतालाई स्वीकारेर तिनीहरूबीच एकत्वको भावना कायम राख्नु, आफूलाई दमित वर्गका रूपमा राखेका पुरुषवादीसँग एक भएर लड्ने समाज र संस्कृतिमा रहेका पुरुषप्रधानता नष्ट पार्ने, नारी गौरवका सन्दर्भहरूलाई सबल ढङ्गमा प्रकाशमा ल्याउनु, पुरुषबाट हुने उत्पीडनबाट मात्रै नभई नारीलाई नारीबाट हुन सक्ने उत्पीडनबाट जोगाउन सचेत हुनु , नारीहरूको नयाँ विश्व निर्माण गर्नु जस्ता पक्षमा आमूल नारीवाद केन्द्रित देखिन्छ (पौडेल, २०६९: ७१ ) ।

आमूल नारीवादले नारीमुक्तिका लागि राजनैतिक, आर्थिक, सामाजिक आदि पक्षमा मात्र नभई विद्यमान लैङ्गिक व्यवस्थामा नै आमूल परिवर्तन ल्याउनुपर्छ भन्ने मान्यता राख्दछ । यसले नारीहरू पुरुषको अधीनस्थताबाट मुक्ति पाउने उपायका रूपमा नारी समलिङ्गवादलाई महत्त्व दिन्छ । पुरुषले नारीलाई एउटा उपयोगी सामग्रीका रूपमा प्रयोग गरेको ठहर यसको छ ।

### २.६.४ समाजवादी नारीवादधार

नारीवादी समालोचक त्रिपाठीले आफ्नो **नारीवादी सौन्दर्य चिन्तन** नामक कृतिमा नारीवादी चिन्तक क्रिस विस्लेको भनाई उल्लेख गर्दै आमूल नारीवाद र मार्क्सवादी नारीवादका वीचमा १९६० ई. र १९७० ई. को दशकमा भएको सामाजिक असमानताका आधारभूत कारणमाथिको बहसले समाजवादी नारीवाद (सोसलिस्ट फेमिनिज्म) को जन्म भएको देखिन्छ भनेर उल्लेख गरेकी छिन् (त्रिपाठी,२०१२: १०७) । मार्क्सवादी नारीवादभित्रको वर्गभेद र श्रमका कुरालाई समाजवादी नारीवादले स्वीकारेको छ । वर्गभेद र श्रमका कुरालाई स्वीकारे पनि समाजवादी नारीवादले आमूल नारीवादले जस्तो वर्गीय विभेदभन्दा अगाडि लैङ्गिक विभेद आएको हो भन्ने कुरा पनि स्वीकार गर्दछ । एकातर्फ उदार नारीवाद र मार्क्सवादी नारीवादका अपर्याप्तता र अर्कातर्फ उग्र नारीवादले पुरुषसँगको सम्बन्धलाई नै

तोड्नुपर्ने घोषणा गरेपछि अधिकार र परिवर्तनको सन्दर्भमा केही सन्तुलनकारी दृष्टिकोणका साथ समाजवादी नारीवादी धारको विकास भएको पाइन्छ (पौडेल, २०६९: ६८) । समाजवादी नारीवादी धारको विकासमा फ्लोरा टिस्टाना, बारबा इहरेनिरिच, क्लार्ज जेटकिन, डि. स्मिथ, रोजा लक्जम्बर्ग आदिको योगदान छ (सोसियलिस्ट फेमिनिज्म, २०१६ ई.) ।

महिला आर्थिक रूपमा सबल नभई पुरुषमा अधीनस्थ भएका कारण समाजमा उनीहरू स्वतन्त्र हुन नपाएको भन्ने धारणा समाजवादी नारीवादीहरूको छ । महिलामाथि भएको पारिवारिक जिम्मेवारी र कम ज्याला मात्रै महिला दमनको कारण नभई लिङ्ग र वर्गका आधारमा भएको अन्याय, लैङगिक एवम् जातीय अवस्थिति जस्ता तमाम कुरा महिला शोषणका कारक हुन् भन्ने मान्यता समाजवादी नारीवादको छ । समाजवादी नारीवादका अनुसार समाजले महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा हेरेकाले उनीहरू वर्गीय, जातीय र राष्ट्रिय राजनीतिमा प्रतिनिधिका रूपमा उभिन सकेका छैनन् । यसरी समाजले महिलालाई दोस्रो दर्जाका रूपमा राखेकाले यसले समाजको पुनः संरचना आवश्यक छ भन्दै वर्गविभेदले महिला उत्पीडनमा छन् भन्दछ । यसले महिला र पुरुष दुबैले घरेलु जिम्मेवारी लिनुपर्छ भन्दछ । महिला बालबच्चा घरकै स्याहारको काममा व्यस्त भएकाले उनीहरूले विभिन्न अवसर गुमाउनु परेको हुन्छ । बढी ज्याला र शक्तिमा रहने काम पुरुषले मात्र नभएर महिलाले पनि गर्न पाउनु पर्दछ भन्ने मान्यता यसको छ । समाजवादी नारीवादले शिक्षाको समान अवसर, बालबच्चाको हेरचाह, स्वास्थ्य हेरचाह, सरकारी गैरसरकारी क्षेत्रमा कामको अवसरको व्याप्तिका लागि सङ्घर्ष गर्नुका साथै पारिवारिक र आर्थिक पृष्ठभूमिमा महिलाको हैसियतको विश्लेषण गर्नका लागि आधारभूमि प्रदान गर्नु अनि लिङ्ग, वर्ग, जाति/जनजातिको संयुक्त प्रभावलाई दृश्यमान बनाउनु नै समाजवादी नारीवादको प्रमुख योगदान हो (त्रिपाठी, सन् २०१२: ११०) । समाजवादी नारीवादले सामाजिक संरचनाको परिवर्तनले लैङ्गिकताको संरचना परिवर्तन गर्न चाहन्छ । यसले सामाजिक संरचनासँग सम्बन्धित लैङ्गिकता तथा मनोरचनाको भिन्नताका प्रभावका कारणबाट पनि नारी शोषित हुन पुगेको दृष्टिकोण राख्ने भएकाले यो फ्रायडको मनोविश्लेषणबाट पनि प्रभावित देखिन्छ र जाति/जनजातिका कुरा उठाउने भएकाले यसले उत्तरऔपनिवेशिक नारीवादको पृष्ठभूमि निर्माण गर्न सहयोग गरेको देखिन्छ (अधिकारी, २०७२ : ४१) ।

समग्रमा समाजवादी नारीवाद आमूल नारीवादपछि देखापरेको धार हो । मार्क्सवादी नारीवाद, आमूल नारीवाद र मनोविश्लेषणबाट यसले प्रभाव ग्रहण गरेको देखिन्छ । यसले घरेलु कामकाजमा महिला र पुरुष दुबैले समान श्रम गर्नुपर्छ भन्दछ । अवैतनिक श्रम, न्यून तलबमा महिलाले श्रम गर्नाले आर्थिक रूपमा महिला कमजोर हुन्छे । यसले वर्गका आधारमा पनि महिलाको स्थिति फरक हुन्छ भनेपनि महिला शोषणको मूल कारण लैङ्गिकतालाई मान्दछ । सामाजिक संरचनाको नै परिवर्तन गरेर समाजको लैङ्गिकतासम्बन्धी धारणालाई परिवर्तन गर्नु यसको उद्देश्य रहेको छ । यसले नारी उत्पीडनको कारण वर्गीय समाज व्यवस्था नभएर वर्ग विभाजनभन्दा अगाडिदेखि नै यो भएको हो भन्दछ । मार्क्सवादी नारीवाद र उग्र नारीवादका कतिपय मान्यतालाई स्वीकार गरेको छ अनि कतिपय मान्यताको विरोध गरेको छ । यसरी समाजवादी नारीवाद जातीय, लैङ्गिक, मनौवज्ञानिकआदि आधारमा सामाजिक संरचना परिवर्तन गरी घरेलु कामको समान सहभागिता र घर बाहिरको समान ज्यालाको लागि वकालत गर्ने चिन्तन हो ।

### २.६.५ उत्तरआधुनिक नारीवादधार

आधुनिकताका विरोधमा आएको समालोचना सिद्धान्त उत्तरआधुनिकवाद हो र यसैबाट प्रेरित नारीवादी समालोचना सिद्धान्तलाई उत्तरआधुनिक नारीवाद भनिन्छ । नारीवादका विभिन्न धारमध्ये उत्तरआधुनिक नारीवादी धारले विश्व समुदायका सबै नारीहरूलाई विश्लेषण गर्ने आधार अलग-अलग हुन्छ भन्ने मान्यता राख्दछ । पुरुष एकाधिकारको विरोध गर्ने उत्तरआधुनिक नारीवादी धारको विकास १९ औं शताब्दीमा भएको पाइन्छ । यस नारीवादी धारको विकासमा डेरिडा, बार्थ, फुको, ल्योतार्ड आदिका सैद्धान्तिक मान्यताले विशेष टेवा पुऱ्याएका छन् ।

पछिल्लो समयमा देखिएको उत्तरआधुनिक नारीवादी धारको प्रारम्भ फ्रान्सबाट भएको मानिन्छ । इतिहास, भाषाशास्त्र, सौन्दर्यशास्त्र, मनोविश्लेषणसँग सम्बन्धित चिन्तकहरूले यस धारको अवधारणालाई ल्याएका हुन् भन्ने मान्यता पाइन्छ । उत्तरआधुनिक नारीवादीहरूले बहुलवादलाई अनुसरण गर्दछ र यसले सार्वभौम सिद्धान्त प्रयोग गरेर विविध किसिमका नारीहरूका समस्या बुझ्न नसकिने कुरामा विश्वास गर्दछ (अधिकारी,२०७२ : ४३) । उत्तरआधुनिक नारीवादी धारले सत्यको सार्वभौमिकताको विरोध गर्दछ र त्यसको पुनर्व्याख्या र पुनर्परिभाषित गरिनु पर्दछ भन्ने मान्यता राख्दछ । आधुनिकतावादीहरूले

सार्वभौम सत्यका नाममा पुरुष पक्षधरता अङ्गाल्ने हुनाले यिनीहरूपौरुष दृष्किोणको वाहक बनेका हुन्छन् भन्ने भनाइ उत्तरआधुनिक नारीवादीहरूको छ । (त्रिपाठी, सन् २०१२ : १३३) । यसले पितृसत्तात्मक प्रणालीले सत्य भनेर व्याख्या गरेका कुराहरूमा पुनर्लेखन हुनु र पौरुष एकाधिकार भञ्जन हुनुपर्छ भन्ने आवाज टड्कारो रूपमा उठाएको पाइन्छ ।

उत्तरआधुनिकतावादी नारीवादी धार बहुलवादलाई समर्थन गर्ने नारीवादी धार हो । यसले सार्वभौमिकताको विरोध गर्दछ र सबै नारीको पीडा एउटै नभएकाले सबै नारीजातिमाथि न्याय हुन सक्दैन भन्ने धारणा राख्दछ । यसले सबै महिलाको परिस्थिति एउटै नहुने हुनाले पिछडिएका जाति/जनजाति, वर्ग आदिका कतिपय महिलाहरूको उत्पीडन समाप्त नहुने धारणा राख्दछ । उत्तरआधुनिक नारीवादी धारले आफू पूर्वका नारीवादी धारको अवधारणाहरूलाई पूर्ण रूपमा स्वीकार गर्दैन । यसले सबै वर्ग, जाति, धर्म, संस्कृति सम्प्रदाय र विभिन्न क्षेत्रका नारीको उत्पीडन पनि फरक छ भन्दै अन्य नारीवादी धारले सबैलाई समेट्न नसकेको विचार राख्दछ । उत्तर आधुनिकतावाद आधुनिकतावादको विरोधी सिद्धान्तका रूपमा रहेको छ । आधुनिकतावादको एकीकृतता र सार्वभौमिकताको अवधारणाको विरोध यसले गर्दछ । उत्तरआधुनिक नारीवादीहरूले सार्वभौम मानव प्रकृति भन्नाले युरोपीय पुरुष बुझिने हुनाले आधुनिकतावादले अरु मानवको उपेक्षा गरेको धारणा राख्दै यसलाई लैङ्गिक विभेदसँग जोडेका छन् । सुधा त्रिपाठीले आफ्नो नारीवादी सौन्दर्य चिन्तनमा विस्लेलाई उद्धृत गर्दै भनेकी छिन् : आधुनिकतावादी मानववादले वकालत गरेको एकीकृत मानव प्रकृतिसँग जोडिएको पहिचानलाई विस्थापित गर्ने, बिस्तारै भत्काउँदै लैजाने र नष्ट नै गर्ने अभिप्राय उत्तरआधुनिक नारीवादले अघि सारको छ (त्रिपाठी, सन् २०१२ : १३४) ।

उत्तरआधुनिक नारीवादी समालोचनाका प्रमुख मान्यताहरूमा आधुनिकतावादीहरूले निर्धारण गरेको द्विचर विभाजनप्रति असन्तुष्टि, सबै किसिमका नारीहरूलाई एउटै व्याख्याले प्रस्ट पार्न नसकिने भएकाले विभिन्न किसिमका व्यख्यामा जोड, नारीकेन्द्रको समेत विरोध र बहुकेन्द्रप्रति झुकाउ, पहिचान र राजनीतिलाई प्रमुख मुद्दाका रूपमा स्थापित गराउने प्रवृत्ति तथा कुनै निश्चित र निर्धारित सिद्धान्तमा मात्र नारीवाद अटाउन सक्दैन आदि रहेका छन् ( अधिकारी, २०७२: ४४) । उत्तरआधुनिकनारीवाद विविधताले भरिएको नारीवादी धार हो । बहुलतालाई समर्थन गर्ने नारीवादी धारभित्र पनि अनेक सहायक नारीवादी धार अटाउँदै

आएका छन् । उत्तरआधुनिक नारीवादभित्र पनि जाति/जनजातिगत सांस्कृतिक नारीवादी धार, उत्तर नारीवादी धार, नारीवादी तेस्रो धार जस्ता थुप्रै विविधताको उदय भइसकेको छ (त्रिपाठी, २०६८ : २२२) ।

समग्रमा उत्तरआधुनिक नारीवादी धार आधुनिकतावादको मान्यतालाई अस्वीकार गर्दै उदाएको नारीवादी धार हो । उत्तरआधुनिकनारीवादी धार पाश्चात्य साहित्य साहित्य सिद्धान्तको उत्तरआधुनिकतावादबाट प्रेरित देखिन्छ । उत्तरआधुनिकनारीवादी धारले केन्द्रिकृता, सार्वभौमिकता, मानव प्रकृति आदि जस्ता अवधारणाको विरोध गर्दै बहुलता, बहुकेन्द्रकलाई समर्थन गर्दछ । यसले सबै वर्ग, जाति, धर्म, क्षेत्र संस्कृति आदिका नारीहरूको उत्पीडनको फरक-फरक छ र विश्लेषणको तरिका फरक-फरक हुनुपर्दछ भन्दछ । यसले पुरुषकेन्द्रकताको विरोध गर्दछ र सत्यको पुनर्व्याख्या हुनुपर्छ भन्ने मान्यता अघि सारेको छ ।

## २.७ उपन्यासको नारीवादी विश्लेषणका आधारहरू

नारीलाई केन्द्रमा राखेर गरिने चिन्तन नै नारीवाद हो । साहित्यको नारीवादी विश्लेषणका निम्ति रचनाको प्रकृतिअनुसार विभिन्न आधार तय गर्न सकिन्छ । प्रस्तुत अध्ययन कृष्ण धरावासीका निश्चित उपन्यासमा नारीवादको अध्ययन रहेको छ । यहाँ धरावासीका उपन्यासमा प्रयुक्त नारीवादी चिन्तनको विश्लेषण गर्न सहज हुने किसिमका आधारहरू प्रस्तुत गरिएको छ । आधार तय गर्दा नारीवाद सम्बन्धी गरिएका विविध परिभाषा, नारीवादका मूलभूत मान्यता आदिलाई आधार मानिएको छ । यसलाई तल बुँदागत रूपममा प्रस्तुत गरिएको छ ।

१. पितृसत्तात्मक समाजको चित्रण र विद्रोह
२. नारी समानता र स्वतन्त्रताको चित्रण
३. नारी शोषण उत्पीडनको चित्रण
४. नारी पहिचानको अवस्था

## परिच्छेद : तिन

# धरावासीका उपन्यासमा पितृसत्तात्मक समाजको चित्रण र विद्रोह

### ३.१ परिचय

पिता, पति र पुत्र जस्ता पुरुषका आधरमा चलेको वा उनीहरूकै अधीनस्थ रहेको सामाजिक व्यवस्थालाई पितृसत्ता भनिन्छ । पुरुष जातिकै निर्णय मान्य हुने, सम्पत्तिमा पुरुषकै अधिकार हुने,वंश परम्परा पनि पुरुषकै नामबाट चल्ने र सार्वजनिक स्थलमा पनि पुरुषकै हालीमुहाली चल्ने समाज व्यवस्था नै पितृसत्तात्मक समाज हो । राजनीतिक, प्रशासनिक, कानुनी, सामाजिक जस्ता सबै क्षेत्रमा पुरुषकै केन्द्रीयता रहनु र महिलालाई यी सब पहुँचबाट पर राखी घरायसी काममा सीमित गर्नु पितृसत्ताकै उपज हो । सदियौँदेखि संसारका धेरैजसो देशमा पितृसत्तात्मक सामाजिक प्रणाली नै चल्दै आएको छ । पितृसत्तात्मक समाजले नारीलाई बन्धनको घेरामा राखेको हुन्छ । नारीलाई घरायसी कामकाजमा सीमित गर्नु, बालबच्चाको हेरचाह एक्लै गर्नु पर्ने, हुनु परिवारका लागि सधैँ आफू समर्पित हुनु, सधैं पुरुषको अधीनमा बस्नु, आर्थिक आर्जनको काम गर्न नपाउनु, पुरुषका भोग्याका रूपमा रहनु, सार्वजनिक क्षेत्रमा प्रवेश गर्न रोकटोक हुनु र सधैं पुरुषको नियन्त्रण र नियमको घेरामा बस्नु पर्ने आदि जस्ता कुरा नै पितृसत्ताले नारीमाथि गरेका उत्पीडनहरू हुन् । नारीले पुरुषको यस्तो परिपाटीको विरोध गरी स्वतन्त्रता र समानताको वकालत गर्ने, आफ्नो अस्तित्व र पहिचानका लागि पितृसत्तासँग सङ्घर्ष गर्नु नै पितृसत्ताप्रतिको विद्रोह हो । नारीवादले पितृसत्तालाई नारी उत्पीडनको एउटा प्रमुख कारण मान्दछ र पितृसत्ताको शोषण, दमन र उत्पीडनको विरोध गर्दछ । यहाँ धरावासीका उपन्यासमा पितृसत्तात्मक समाजको चित्रण र त्यसको विरुद्ध विद्रोही चेतना कसरी प्रस्तुत भएको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

## ३.१ शरणार्थी उपन्यासमा प्रस्तुत पितृसत्तात्मक सामाजिक प्रणालीको चित्रण र विद्रोह

कृष्ण धरावासिको **शरणार्थी** उपन्यास नारीवादी दृष्टिले पनि अध्ययनीय रहेको छ । धरावासिको पहिलो उपन्यास **शरणार्थी** मा विभिन्न कारणले लामो समयदेखि लाखैं नेपालीहरू विदेशी भूमिमा शरणार्थी बनेर हिँड्नु परेको विवशतालाई प्रस्तुत गरिएको छ । विभिन्न लेखकका कृतिहरूबाट सन्दर्भ र पात्रहरू निकालेर राखिएको यस उपन्यासमा लीलालेखनको प्रयोग पाइन्छ । धरावासी स्वयम्ले यस उपन्यासका सम्बन्धमा भनेका छन् - यस उपन्यासमा लीलालेखनलाई सरल ढङ्गबाट प्रयोग गरिएको छ (धराबासी, २०७०:१९) । यस उपन्यासमा जसमाया, बर्था, कान्ता, सुशीला, धर्मेकी श्रीमती आदी नारीहरूको जीवन कथा प्रस्तुत भएको छ ।

यस उपन्यासमा प्रस्तुत भएका जसमाया र बर्था दुबै नारी पात्र पितृसत्तात्मक अहम् भएका पुरुषहरूबाट पीडित भएका छन् । बर्माबाट आफ्नो परिवारसँग भाग्ने क्रममा जसमायाको भेट जयबहादुरसँग भएको छ । जयबहादुरलाई जसमायाले आफ्नो सर्वस्व ठानेर उसँग प्रेम गरेकी छे । आफ्नो सर्वस्व ठानेर जयमायाले जयबहादुरलाई प्रेम गरे पनि उसले त्यसलाई खेलको रूपमा लिएको देखिन्छ । जसमायालाई प्रेम र राम्रो भविष्यको आश्वासन दिएर जयबहादुरले फेरि बर्थातिर पनि झुकाव देखाएको छ । जयबहादुरले जसमायालाई न आफ्नो प्रेमको बन्धनबाट मुक्त गरेको छ न त उसको साथ नै दिएको छ । जयबहादुरले जसरी जसमायालाई अन्योलमा राखेको छ उसले बर्थालाई पनि त्यसरी नै अन्योलमा राखेको छ । बर्थासँगसँगै बस्ने, हिँड्ने जयबहादुरले बर्थाको विवाहको प्रस्ताव स्वीकार गरेको छैन । यसरी जयबहादुरले एकैचोटि दुईवटी नारीको जीवन बर्बाद गरेको देखिन्छ । जयबहादुरको व्यवहारले उसको पौरुष अहंम्लाई व्यक्त गरेको छ । उसले नारीलाई जे भने पनि हुने, जसो गरेपनि हुने, मन लाग्दा साथ दिने मन लाग्दा छोडिदिने गर्नु उसको पितृसत्तात्मक सोचको परिणम हो । जयबहादुर र जयमाया वृद्ध हुँदासम्म पनि जयमायालाई उसले आफ्नो प्रेमरूपी पिँजडमा थुनेर राखेको छ । उसकै प्रेमका लागि जयमायाले आफ्नो जीवनका सारा रहरहरू मार्नु परेको छ । जयले न जयमायालाई विवाह गरेर वैवाहिक सुख दिएको छ न त उसलाई आफूबाट मुक्त गरिदिएको छ । यहाँ जयबहादुरले जयमायालाई आफ्नो प्रेमदासी बनाएको छ । उदाहरण :

"मलाई आफू एक्लै  ज्यादा भावुक हुन पुगेझैं लाग्यो । सोचें - यो मेरो एक्लो आवश्यकता होइन, प्रेम र विवाहको अनुभूति उनलाई पनि हुनुपर्छ ।"(पृ. १९२)

माथि प्रस्तुत जयमायाको भनाइले जयबहादुरले उसलाई एउटी दुः खी र पुरुषका अगाडि आफ्नो प्रेमको भिख माग्ने विवश नारी बनाइदिएको छ । उसले जयमायालाई प्रेमको भिखारी बनाएर आफ्नो पौरुष अहंम् प्रस्तुत गरेको छ ।

पुरुषले नारीलाई भोग्याका दृष्टिले मात्र हेर्ने पितृसत्तात्मक सोचको प्रस्तुति यहाँ चन्द्रप्रकाशका कार्यहरूबाट पनि भएको छ । उसले पछि पश्चाताप गरे पनि पहिले नारीलाई भोग गर्ने पदार्थ वा रमाइलोको साधनका रूपमा मात्र लिएको छ । उदाहरण :

"जसलाई देख्यो त्यसलाई मन पराउने, एक क्षणलाई एक पल्टलाई भोग गरेर फेरि त्यागिदिने, बिर्सिदिने सामन्ती संस्कारको एक उपयुक्त नमुना थिए चन्द्रप्रकाश ।" (पृ. ११३)

माथिका वाक्यहरूले चन्द्रप्रकाशको चरित्र चित्रण गरेको छ । ऊ नारीलाई केवल भोग गर्ने पदार्थका रूपमा सम्झन्छ । उसले नारीलाई आफ्नो प्रेममा पारेर सिकार बनाई उनीहरूको उपयोग गरेर छोडिदिएको छ। चन्द्रप्रकाशको यस्तो घिनलाग्दो व्यत्तित्व बन्नुमा पनि पितृसत्तात्मक सामाजिक प्रणालीकै हात देखिन्छ । पितृसत्तात्मक समाजमा हुर्किएकाले नै उसले नारीको सम्मान गर्न जानेको छैन र नारीलाई मानवप्राणी नभएर एउटा भोग गर्ने पदार्थका रूपमा लिएको छ ।

यस उपन्यासको अर्को पात्र सुयोगवीरले पनि नारीलाई भोग्याकै रूपमा हेरेको पाइन्छ । उसले जागिरका क्रममा विभिन्न ठाउँमा थुप्रै नारीहरूको बलात्कार गरेको छ । सुयोगवीरले नारीलाई यसरी बलात्कार गर्दै हिँड्नुको कारण पनि उसको पितृसत्तात्मक सोचको परिणाम हो । उसले नारीलाई एउटा मूल्यहीन वस्तुका रूपमा मात्र हेरेको छ ।

त्यसैगरी यस उपन्यासकी नारी पात्र सुशीला पनि पितृसत्तात्मक प्रणालीको थिचोमिचो सहन बाध्य नारी हो । आफ्नो परिवार त्यागेर अपनाएको उसको पतिले उसलाई पशुसरह व्यवहार गरेको छ । उसले रातदिन श्रीमती कुटेर उसप्रति शारीरिक हिंसा गरेको छ । उदाहरण :

“पदमले स्वास्नी कुटेर मार्ने भयो ।जहिले पनि रक्सी खाएर राति घर पुग्छ । अनि स्वस्नीसँग पैसा माग्छ र त्यसैको निहुँमा निर्मम पिटाइ पिट्छ । ” (पृ. ५८)

माथि प्रस्तुत वाक्यहरू मार्पत् पुरुषले नारीमाथि गर्ने अन्यायको चित्रण गरिएको छ । यसरी श्रीमान्ले श्रीमती कुट्नुलाई घरेलु हिंसा भनिन्छ र यसको घोर विरोध नारीवादले गर्दछ । हाम्रो समाजको पितृसत्तात्मक प्रणालीकै कारण श्रीमान्ले श्रीमतीलाई आफ्नो सहयात्रीका रूपमा नहेरेर आफ्नो सेवकका रूपमा हेर्ने र उसमाथि अन्याय गर्ने परिपाटीको चित्रण यहाँ भएको छ । आफ्नो पतिको अन्याय सहन नसकी सुशीलाले उसलाई छोडेर पितृसत्तात्मक प्रणालीप्रति विद्रोह जनाएकी छे ।

यसरी **शरणार्थी** उपन्यासका नारी पात्रहरू पितृसत्तात्मक सामाजिक प्रणालीको थिचोमिचो सहन बाध्य छन् । जयमाया र बर्था देशले बनाइएका शरणार्थी मात्र नभएर पितृसत्ताले बनाइएका शरणार्थी पनि हुन् । त्यसैगरी सुयोगवीर, पदम, चन्द्रप्रकाश जस्ता पौरुष अहम् भएका व्यक्तिहरूले नारीलाई भोगको पदार्थका रूपमा मात्र लिएका छन् । यस उपन्यासमा पितृसत्ताले नारीमाथि गर्ने थिचोमिचो प्रस्तुत गरे पनि नारीहरूलाई सशक्त रूपमा विद्रोही बनाउन नसक्नु नारीवादी दृष्टिले यसको कमजोर पक्ष हो ।

### ३.२ आधाबाटो उपन्यासमा पितृसत्तात्मक समाजको चित्रण र विद्रोही चेतना

अधिआख्यानात्मक शैलीमा लेखिएको **आधाबाटो** उपन्यास नारीवादी दृष्टिले पनि अध्ययनीय रहेको छ । आधावबाटो उपन्यासमा अधिआख्यानात्मक प्रयोगलाई सशक्त रूपमा प्रयोग गरिएको देखिन्छ ।यसमा लेखक स्वयम् प्रतिबिम्बित भएको पाइन्छ । यसरी उपन्यासभित्र उपन्यासकार आफै प्रस्तुत हुनु अधिआख्यानको विशेषता हो (श्रेष्ठ, २०६९: १२१) । लेखकको आफ्नो जीवनको कथा व्यथामा लेखिएको यो उपन्यास आत्मसंस्मरण शैलीमा लेखिएको छ । नेपाली समाजको शोषण, दमन, पीडामय जीवन, राजनीति आदिको यथार्थ चित्रण गरेको यो उपन्यास एक अत्यन्त नवीन प्रयोगशील उपन्यासको रूपमा रहेको छ । पञ्चायतकालीन परिवेशबाट सुरु भएको यस उपन्यासमा नेपालको पहाडी र तराई समाजको चित्रण पाउन सकिन्छ । यस उपन्यासमा पितृसत्तात्मक सामाजिक प्रणालीको चित्रण पनि पाउन सकिन्छ ।

उपन्यासको प्रथम अध्यायमा म पात्रको परिवारले छोरीलाई भन्दा छोरालाई महत्त्व दिएको देखिन्छ । छोरा जन्माउनकै लागि भाकल पुजा आदि गरिएको छ । कुलको मान, स्वर्गको द्वार, मुक्ति दिलाउने मान्छे, वंश परम्परालाई अगाडी बढाउने मान्छेका रूपमा समाजले छोरालाई लिन्छ । हाम्रो पितृसत्तात्मक सामाजीक प्रणालीले नै छोरालाई यति धेरै महत्त्व दिएकाले नै पुरुषलाई सधैं केन्द्रमा राखिएकोछ । समाजले छोराका लागि दान, धर्म गरेको पुत्रेष्ठि यज्ञ गरेको कुराहरू सुनिन्छ तर छोरी जन्मिन भनेर कुनै यज्ञ दान वा भाकल गरेको आजसम्म सुनिएको छैन । उदाहरणः

"बुबाले पाथीभरादेवीको धाममा गई छोरो जन्मिएदेखि दर्शन गराउन पनि ल्याउने र एकजोर कालो सेतो चमर चढाउने भाकल गर्नु भएछ ।" (पृ .१)

यस उपन्यासमा छोरा जन्मनु अतिआवश्यक मान्नु पितृसत्तात्मक सामाजिक प्रणालीको उपजकै रूपमा देखिन्छ । समाजमा छोरी बुहारीप्रति गरिने व्यवहारलाई यहाँ चित्रण गरिएको छ । छोरी बुहारीलाई कामको बोझ बढी दिइने, बुहारीहरूलाई गरिने व्यवहार आदि पितृसत्तात्मक सामाजिक प्रणालीका परिणाम हुन् । नारीलाई कम महत्त्व दिने र उनीहरूलाई अपहेलना गरिने सामाजिक प्रणालीको चित्रण यहाँ गरिएको छ ।

"छोराहरूका लागि मकै र धानको चामल मिसिएको र बुहारी तथा नोकरचाकरहरूका लागि पिठो हालेको भात पाक्थ्यो ।"(पृ.४)

यहाँ बुहारीलाई परिवारको सदस्यका रूपमा नहेरेर उसलाई नोकरका रूपमा हेरिने संस्कारको चित्रण गरिएको छ । समाजमा बुहारीहरू पनि त्यही घरको सदस्य हुँदाहुँदै पनि उनीहरूलाई पराईको व्यवहार गरिएको पाइन्छ । बुहारीलाई घरको काम गर्ने नोकरको हैसियतमा राख्ने सामाजिक प्रणालीको विकास पितृसत्ताकै कारण भएको हो । नारीलाई घरको काममा सिमित गराउने र अपहेलना गर्ने पितृसत्ताको विवाह प्रणालीले नारीलाई सधैं दोस्रो दर्जामा राखेको छ । विवाह गरेर ल्याएकी बुहारीलाई नोकर समान गर्नु पितृसत्ताकै कारण भएको हो र यस उपन्यासमा यसको सफल चित्रण गरिएको छ । उपन्यासमा छोराको शिक्षादीक्षालाई जोड र महत्त्व दिइएको छ छोरीको शिक्षाको कुरा भने कहीँ कतै उठाइएको छैन । उदाहरणः

"दिदीबहिनीहरू बारीको काम गर्थे । म पढ्न स्कुल जान्थें ।" (पृ ३६)

म पात्रको परिवारको आर्थिक स्थिति निकै नाजुक छ तरपनि छोरीको पढाइको कुरो सम्म उठाएको पाइँदैन । जहाँ छोराको पढाइ सस्म्भव थियो त्यहाँ छोरीहरूलाई साक्षर सम्म बनाउने कुनै चेतना देखिँदैन । छोरा पदढलेखेर ठूलो भएपछि परिवार सुखी हुन्छ भन्ने विश्वास छ तर छोरीले पनि केही गर्न सक्छन् भन्ने दृष्टिबाट यहाँ हेरेको पाइँदैन । यहाँ पितृसत्तात्मक सामाजिक प्रणालीकै करारण छोरालाई जति महत्त्व दिइएको छ छोरीलाई त्यत्ति महत्त्व दिइएको छैन । छोरीहरूलाई सानै उमेरदेखि घर धन्दाको काममा नै व्यस्त गराएको स्थिति यहाँ देख्न सकिन्छ । यस उपन्यासका नारीपात्रहरूले पनि यस्तो सामाजिक प्रणालीका विरुद्ध विद्रोह गरको छैनन् र उनीहरू आफ्ना अधिकारका लागि सचेत पनि देखिँदैनन् ।

म पात्रले नम्रतालाई प्रेमको बन्धनमा पारेर उसलाई यसै अलपत्र छोड्नाको कारण पनि कतै न कतै स्वार्थी पुरुष अहम् रहेको छ । ऊ सँग प्रेम गर्दा सामाजिक मर्यादाका बारेमा नसोच्ने म पात्रले विवाह गर्ने बेलामा चाहिँ सामाजिक मर्यादाका कारण नम्रतालाई छोड्नु एउटा निहुँजस्तो मात्र देखिन्छ । यहाँ नेर के नारी पुरुषले इच्छा लाग्दा अपनाउने र इच्छा नलाग्दा त्यसै छोडिदिने एउटा वस्तु हो भन्ने प्रश्न आउँछ । यस उपन्यासकी अर्की निडर हकी पात्र आताले पनि आखिरमा पुरुषबाट उत्पीडन खप्नु परेको छ । अनाथ गरीब आताले आफ्नो सर्वस्व सम्झी विवाह गरेको मान्छेले उसलाई गर्भवती बनाई अलपत्र छोडिदिएको छ । उदाहरणः

"तर म गर्भवती भएपछि स्वत्तै हिँडेको मान्छे फर्किँदै फर्किएनन् ।" (पृ. २६७)

आताको लोग्नेले उसलाई दुईचार महिना भोग गरी त्यसै अलपत्र छोडिदिएको छ । पुरुषले नारीलाई एउटा भोग्या वस्तु जस्तो सोच्ने प्रवृत्तिले आज धेरै नारीहरूले दुःख पाइरहेका छन् । पितृसत्तात्मक सामाजिक प्रणालीका कारण पुरुषले आफूले जे गर्दा पनि हुने र नारीलाई एउटा वस्तु ठान्ने प्रवृत्ति देखिएको हो । उता खसीकट्टा कार्कीको श्रीमती र उसकी छोरी भगी पनि पुरुष दमन सहन बाध्य भएका पात्र हुन् । मानसिक रूपमा अपाङ्ग भगीमाथि पटक–पटक बलात्कार भएको छ । एउटा दीन दुःखी र असाहाय नारीलाई संरक्षण

गर्नुको साटो यस समाजका पुरुषहरूले उसलाई थप पीडा दिएका छन् । यसलार्य म पात्रकै कथनबाट यसरी प्रस्तुत गरिएको छ । उदाहरणः

“समाजमा नारीको अवस्थालाई व्यवस्थित गरिँदैन भने पुरुषको कर्तव्य आफ्नो चरित्रको संरक्षण गर्नुमा रहँदैन ? रक्सी खाए पनि, माते पनि जे भए पनि होस गुमाएको त्यसले कहाँ हुन्छ ? अरे नर्कबासी पुरुष ! कति सास्ती दिन्छौ नारीको शरीरको मासुलाई ?”(पृ.४०)

समाजमा पुरुष अहम् भएका पुरुष जातिले नारीलाई एउटा खेलौना, भोग्या भोग गर्नु पर्ने पदार्थका रूपमा मात्र हेरेको पाइन्छ । नारीको शरीर त्यस्ता पुरुषहरूका लागि एउटा रमाइलोको साधन मात्र हुने तितो यथार्थ यहाँ प्रस्तुत गरिएको छ । पटक पटक बलात्कृत भएकी भगीको सुरक्षाका लागि सामाजिक स्तरमा कुनै पहल भएको देखिँदैन हाम्रो समाजको पितृसत्तात्मक सामाजिक प्रणालीकै कारण पुरुषले भगी जस्ता असहायमाथि शोषण गरिरहेको यथार्थ प्रस्तुत गर्न लेखक सफल देखिन्छन् ।

यसरी उपन्यासकारले यहाँ पितृसत्तात्मक सामाजिक प्रणालीको राम्रो उद्घाटन गरेका छन् । उपन्यासमा हाम्रो समाजले छोरा र छोरीमा गर्ने भेदभाव, पुरुष अहम् आदि प्रस्तुत भए पनि त्यसका विरुद्ध कुनै पनि नारी पात्रले विद्रोह गरेको भने देखिँदैन । पितृसत्तात्मक सामाजिक प्रणालीले नारीमाथि गरको थिचोमिचोलाई कुनै विद्रोह नगरी सहेको देखाउनु नारीवादी दृष्टिमा यस उपन्यासको कमजोर पक्ष हो ।

### ३.३ राधा उपन्यासमा प्रस्तुत पितृसत्तात्मक समाजको चित्रण र विद्रोही चेतना

पौराणिक विषयवस्तुलाई आधार बनाई लेखिएको राधा उपन्यास विनिर्माणवादी शैलीमा लेखिएको छ । पौराणिक विषयवस्तुमा आधारित रहेर लेखिएको यस उपन्यासका कतिपय पात्रहरू पुराणबाट झिकिएका छन् भने कतिपय पात्रहरू काल्पनिक पनि रहेका छन् । यस उपन्यासमा पौराणिक सन्दर्भ र मिथकका आधारमा पितृसत्तात्मक समाजको नारी प्रतिको दृष्टिकोण प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासले विनिर्माणद्वारा नारीवादी स्वरलाई मुखरित गर्ने प्रयास गरेको छ र उनीहरूको उन्मुक्तिलाई सघाउन खोजेको छ (साझा भूमिका राधाबाट) । यस उपन्यासमा राधा, विशाखा, सुशीला, एकनंशा, रुक्मिणी, देवकी,

यशोदा, कुन्ति, कलावती, द्रोपदी आदि नारी पात्रहरू छन् र उनीहरू कतै न कतैबाट पितृसतात्मक समाजको शिकार भएका छन् ।

समाजले आदिकालदेखि नै नारी र पुरुषबीच भेदभाव राखेकाले आफूहरूले यस्तो अवस्थाको सामना गर्नु परेको पीडालाई राधा मार्फत उपन्यासमा व्यक्त गरिएको छ । उपन्यासको पहिलो अध्यायमा गोपिनीहरूको वस्त्र हरण गर्ने पुरुष अहंम् भएको कृष्णको निर्लज्जपनसँगै सुरु भएको छ । कृष्णले रात्री भोजको आयोजना गर्दा युवतीहरूलाई मात्र बोलाई रास लीला गरेको छ । यहाँ कृष्णको पुरुषवादी सोच प्रकट भएको छ । उसले नारीलाई यहाँ रमाइलोको रूपमा प्रयोग गरेका छ र सबै गोपिनीहरूलाई आफ्ना भोग्याका रूपमा हेरेको छ । उसका कारणले सबै गोपिनीहरूलाई नजर वन्द भई बस्नु परेको छ । गोपिनीहरूलाई नजर बन्द गरिएको तर त्यस समाजले कृष्णलाई खासै कुनै सजाय दिएको छैन । यसबाटके बुझ्न सकिन्छ भने पुरुषले नारीहरूमाथिका उसका इच्छा चाहनाहरूमाथि खेलवाड गर्दै आएको छ । यस रात्रिभोज मनाएको निहुँमा कृष्णलाई समाजले केही गरेन तर गोपिनीहरूलाई अनेक वचन लगाई नजरवन्द गरेको छ । यहाँ पितृसत्तात्मक सोचकै कारण नारीलाई मात्र सजाय दिइएको छ र पुरुष यसैका कारण छाडा स्वतन्त्र भएर हिँडेको छ ।

नन्दबाबाकी पत्नी यशोदा माथि लगाइएको लाञ्छना र नन्दबाबाले उसप्रति गरेको अन्याय पनि पितृसत्तात्मक समाजकै उपजका रूपमा आएको छ । नन्दबाबा र वसुदेवले आफ्ना श्रीमतीलाई थाहै नदिई छोरा छोरी साटासाट गरेका छन् । नन्दबाबाले र वसुदेवले छोरा अर्थात पुरुषलाई बचाउन एकनंशा अर्थात छोरीलाई मृत्युको मुखमा धकेलिदिएका छन् । उनहिरूको पितृसत्तात्मक सोचकै कारण छोरा महान् र योद्धा बन्ने विश्वासले छोरालाई बचाएका छन् तर छोरीको महत्त्वै नभए झैँ गरको छन् । आफ्नो सन्तानबाट टाढा भएर पनि थाहा नपाएकी यशोदालाई उल्टै यस समाजले चरित्रहीन साबित गर्न खोजेको छ ।

“हैन पुरुषहरूले हामी नारीलाई किन कहिल्यै विश्वास नगरेको ? सारा जीवन सँगै बिताउँदा पनि देह आत्मा सबै जिम्मा लगाउँदा पनि किन सधैँ परपर राखेको ? पुरुषजति लोग्ने भए पनि छोरो भए पनि उत्तिकै निष्ठुर किन ?”(पृ. ६८)

यशोदाले  पुरुष एकाधिकारप्रति प्रश्न उठाएकी छे तर ऊ पूर्ण रूपमा पितृसत्तासँग विद्रोह गर्न भने असमर्थ देखिएकी छे । पुरुषले सधैं नारीलाई अन्याका रूपमा हेरिरहेको हुन्छ र उसलाई आफ्नो निर्णय अनुसार हिँड्न बाध्य बनाएको हुन्छ । यशोदाले आफैले जन्माएकी छोरीको मुखै नदेखाई नन्दबाबाले छोरो कृष्णसँग साटिदिएको छ । यहाँ नारीलाई सन्तान जन्माउने मेसिन जस्तो बनाइएको छ र आफ्नै सन्तान अरुलाई दिँदा एकपटक सोध्न जरुरी सम्म ठानीएको छैन ।

कृष्णको मृत्युमा बलि चढाएकी तर छोरी भएर मर्न लायकसम्म नभएकी पात्र एकनंशा कंसको दरवारमा हुर्किएर त्यहाँको नारकीय जीवनलाई प्रत्यक्ष देखेकी पात्र हो । उसलाई नन्दबाबाले मृत्युको मुखमा हाली छोरा साटेर ल्याएको छ र फर्केर पनि हेरेका छैन । ऊ पुरुषले बनाएको एकल कानुनको संशोधन गर्नुपर्ने विचार व्यक्त गर्दछे । राधालाई कृष्णले विश्वासघात गरेपछि पुन उसलाई कृष्णप्रति नझुक्न आग्रह गर्ने एकनंशा प्रमुख पात्र राधालाई सचेत गराउने पात्र हो ।

“म त प्रत्येक पुरुषमा वसुदेव र नन्दको अनुहारभित्र पनि कंसवृत्ति देख्छु । नारीका विरुद्धको घिनलाग्दो षड्यन्त्रकारी नङ्ग्रा देख्छु । तिनीहरू मयालाग्दा, दयालाग्दा प्रेमलाग्दा भएर पनि भित्र भित्रै कुटुकुटु खाइरहने कीरा देख्छु । राधा पुरुष र नारीवेगर सृष्टि र समाज दुवै चल्दैन तर चलिरहेको यो एकल पुरुषदम्भको संशोधन गर्नु पर्दैन ? हामीमा त्यस्तो चेतना र शक्ति कहिले आउला ?”(पृ. २२०)

एकनंशा पुरुषले नारीप्रतिगर्ने गरेको अत्याचारको पर्दाफास गर्ने पात्र हो । ऊ अरु पुरुषमा मात्र नभएर आफ्ना बाबु दाजुहरूमा पनि कंसको जस्तै प्रवृत्ति हुन्छ भन्छे । उसले पितृसत्तात्मक समाजको विरोध गर्दै उनहिरूले बनाएको एकल कानुन, नारीमाथिको व्यवहार, नारीप्रति पुरुषले राख्ने दृष्टिकोण आदि सबैको विरोध गर्नुपर्ने धारणा राखेकी छे । पितृसत्ताको यो एकल शासन र दम्भको संशोधन हुनु पर्ने भन्दै उसले नारीजातिमा यस्तो चेतना कहिले आउने भनी प्रश्न गरेकी छे । एकनंशामा नारी अस्तित्व पितृसत्ताले नारीमाथि गरको थिचोमिचोको चेतना भएपनि उसले पूर्णरूपमा विद्रोह नै गर्न भने सकेकी छैने । ऊ रिसका प्रतीक मानिएका र एउटी पत्नलिाई मारिसकेको वृद्ध दुर्वासा ऋषिसँग विवाह गराइदिँदा पनि मौन भएर बसेकी छे । कृष्णको अन्धभक्त जस्ती देखिएकी राधाको मानसिकता परिवर्तन गर्न भने एकनंशा सफल भएकी देखिन्छे । उसका भनाइहरूले राधा

प्रभावित भई आफू कृष्णको रखौटी वा कान्छी पत्नी भएर नबस्ने बरु स्वतन्त्र भएर नारीजातिलाई सचेत बनाउने काममा लाग्ने निर्णय गरेकी छे । एकनंशाले यस पितृसत्तात्मक समाजले नारीलाई बाँच्न, रोज्न, बढ्न, र हुर्कन नदिएको भनाइ व्यक्त गरेकी छे ।

उपन्यासको सुरुमा कृष्णप्रति पुरै समर्पित भएकी राधामा कृष्णका व्यवहारहरूबाट धोका खाएपछि केही परिवर्तन आएको छ । कृष्णले त्यति धेरै पत्नी विवाह गरको देखेर र उसको पौरुष अहंम् देखेर राधा उसबाट टाढा हुन चाहन्छे ।उदाहरणः

"म कसरी कृष्णकी सोह्र हजार एक सय नवौं पत्नी बन्न सक्थें? कृष्णले जति नै मानसम्मान गरे पनि, मभित्र उनको जति नै प्रेम भए पनि, तर म उनलाई पति मान्न कसरी सक्छु ? उनले गरेका सबै गल्तीहरूलाई म कसरी अनुमोदन गर्न सक्छु ?"(पृ.२१७)

राधाले कृष्णलाई आफूले जति नै प्रेम गरे पनि उसका गल्तीहरूलाई माफ नगर्ने निर्णय गरेकी छे । नारीले पुरुषहरूले गर्ने गल्तीको उनीहरूलाई सजाय दिनुपर्छ र पौरुष अहंमले मातेका पुरुषहरूको विरोध गर्नुपर्छ भन्ने सन्देश यहाँ राधाका मार्फत दिइएको छ । पितृसत्ताले मातेका पुरुष जो कोही भएपनि नारीले तिनीहरूको मनमानी विरोध गर्नु पर्ने सन्देश दिन राधा सफल देखिएकी छे । राधाकृष्णले आफ्ना साथै समग्र नारीजातिको अपमान गरेको ठानी उसकी पत्नी नबन्ने निर्णयका साथ वैष्णवी बनेकी छे । उदाहरणः

"यो कसरी मेरो महल ? मलाई किन महल ? म कृष्णकी को हुँ र महल ? के उनले मलाई पनि पत्नी बनाउन लागेका हुन् ।"(पृ. १९७)

राधाले सोह्र हजार नारीको जीवन बर्बाद गरी आफ्नो महलमा बन्दी बनाउने र नारीलाई सुन्दरताको प्रतिमा बनाई सजाएर राख्ने कृष्णसँगको सम्बन्ध तोडेकी छे । उसले आफू कृष्णकी भोग्या वा रखेल भएर बस्न नसक्ने भनेर स्वतन्त्र जीवन बाँच्ने निर्णय गरेकी छे । राधाले आफूलाई रखेल बनाउन चाहने कृष्णको चाहनाको विरोध गरेकी छे । उसले कृष्णले नारीमाथि दमन गर्दै आएको र नारीलाई पुरुषको भोग्या मात्र सोच्ने प्रवृत्तिको विरोध गरेकी छे र उसबाट टाढा जान चाहन्छे । राधा नारीजातिको हितकालागि आफ्नो जीवन समर्पण गर्न चाहन्छे ।

"नारीहरूमाथि हुने गरको ज्यादतीहरूको विरोध गरी नारी जागरण र चेतनाको प्रचार गर्ने छु । परुषहरूले नारीलाई उपभोग्य पदार्थका रूपमा मात्र लिएको र नारीहरूले पनि आफूलाई त्यसै अनुकुल स्विकारेको यो परम्पराको विरोध गर्नेछु, कृष्ण यो परम्परा नभएको भए तिमीले यत्रा पत्नहिरू सङ्कलन कसरी गर्थ्यौ होला र ?"(पृ .२२८)

यसरी कृष्णले सोह्र हजार एकसय आठजना नारीलाई पत्नी बनाएर उनीहरूप्रति गरको अन्याय, नन्दबाबाले आफ्नो सन्तान वसुदवसँग साटेर यशोदामा लगाइएको लाञ्छनाको प्रतिवाद नगर्नु, यशोदा र देवकीका सन्तान साट्दा जन्मदिने आमालाई एकचोटि पनि सोध्न आवश्यक नसम्झनु, पुरुष अहंमले कैयौं पत्नीहरूको लाइन लगाउने कृष्णले बहिनी एकनंशाको विवाह पत्नीमारा रिसाहा ऋषि दुर्वासासँग गराइदिनु, युद्धमा अर्जुनले जितेर ल्याएकी द्रोपदीलाई पाँचैजना दाजुभाइले पत्नी बनाई भोगको वस्तु सरह बनाउनु, जस्ता पितृसत्तात्मक प्रणालीको चित्रण प्रस्तुत उपन्यासमा गरिएको छ । यस उपन्यासमा पौराणिक कालदेखि नै नारीहरूले भोग्नु परेका पीडा, पितृसत्तात्मक समाजमा उनीहरूको स्थितिका साथै आधुनिक युगमा पनि नारीले बहुपति व्यवस्थाकी पत्नी हुनुको पीडा आदिलाई देखाउँदै यसका विरुद्ध नारीहरूले विद्रोह गर्नुपर्ने धारणा व्यक्त भएको छ । समग्रमा **राधा** उपन्यासका नारी पात्रहरूले पितृसत्तात्मक प्रणालीका विरुद्ध पूर्णरूपमा नलडेपनि उनीहरूमा विद्रोही भावना भने देखिएको छ ।

## ३.४ तपाई उपन्यासमा पितृसत्तात्मक समाजको चित्रण र विद्रोही चेतना

**तपाई** बहुनायकत्व भएको परम्परागत शैली भन्दा भिन्न नवीन ढङ्गले लेखिएको उपन्यास हो । प्रस्तुत उपन्यासमा द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरी परम्परागत लेखनको शैलीलाई भत्काइएको छ । यसमा साहित्यका अनेक विधाहरूलाई मिश्रण गरेर, आखयानभन्दा बाहिरका विषयलाई उपन्यासभित्र प्रस्तुत गरेर यस उपन्यासमा अधिआख्यानात्मकताको सफल प्रयोग गरिएको पाइन्छ (श्रेष्ठ, २०६९: १२७) । लीलालेखन र अधिआख्यानात्मक शैलीमा लेखिएको प्रस्तुत उपन्यास नारीवादी दृष्टिले पनि अध्ययनीय रहेको छ । यस उपन्यासमा रतियाकी मौसी, रतिया, माया, कालीकी आमा, अस्मिता, अस्मिताकी आमा र दिदी आदि नारीपात्रहरू छन् ।

यस उपन्यासका नारीहरूको स्थिति अत्यन्त दयनीय देखाइएको छ । उपन्यासमा प्रस्तुत भएकी अस्मिताले पितृसत्तात्मक समाजको थिचोमिचो सहनु परेको छ । उसको बाबुको

मृत्युपछि उसका आमा दिदीले निकै संङ्घर्ष गर्नुपरेको छ । समाजले नारीलाई हेर्ने निकृष्ट विचार यहाँ प्रस्तुत भएको छ । उसको आमा र दिदीले पुरुषहरूको यौनदुराचार सहनु परेको छ । अस्मिता आफ्नो अस्तित्वको लडाइँ लडे पनि उसका आमा र दिदीमा भने विद्रोह देखिएको छैन बरु उनीहरू निरीह जस्ता भएर अन्यायलाई चुपचाप सहिरहेका छन् । यस समाजका पौरुष दम्भ भएका पुरुषहरूले अस्मिताको अस्तित्व समाप्त पार्न हरसम्भव प्रयास गरेका छन् । उपन्यासमा पितृसत्ताले मात्तिएका पुरुषहरू नारीहरूलाई हेप्ने प्रवृत्तिको अभिव्यक्ति भएको छ । उदाहरण :

"आइमाईले धेरै घमण्ड गरे भने चाँडै बिग्रिन्छन ।"(पृ ७८)

अस्मिताले आफ्नो मान मर्यदामा बस्दा पनि यस समाजका पुरुषले उसको खेदो खनिरहेका छन् । ऊ गरिब छे र उसले वर्गीय र लैङ्गिक दुबै तर्फको पीडा भोग्नु परेको छ । अस्मिताकी दिदीलाई बर्बाद पार्ने घनेन्द्रलाई समाजले केही भन्न सकेको छैन तर गरिबनारी भएकैले उसले सबै दुःख र लाञ्छना एक्लै सहनु परेको छ । उदाहरण :

"यो गरिबीको खाडलमा टुप्पीसम्म डुबिसकेकी म मेरो अनुहार उनीहरूलाई लाग्दो हो - लाचार यौन उपस्थिति र पदार्थ मात्र ।"(पृ ८०)

यहाँ पुरुषले नारीलाई सधैँ उपभोग्य वस्तु, पदार्थ वा साधनका रूपमा हेरिरहने प्रवृत्तिलाई चित्रण गरिएको छ । नारीले गरिबीको मात्र नभएर नारी भएको पनि उत्पीडन सहन बाध्य भएको स्थितिको चित्रण उपन्यासमा गरिएको छ । गाउँमा अनेक कष्ट सहेर बसेकी अस्मितालाई उसकै दाजुले सहर बोलाएर बेचिदिएको छ । ऊ आफ्नो अस्तित्वको लडाइँ लड्दा लड्दै हारेकी छे र आफ्नै दाजुको हातबाट बेचिन पुगेकी छे । अस्मिताको वयक्तित्व जुझारू विद्रोही हुदाँहुँदै पनि उसले हारेकी छे । ऊ हरतरहबाट पितृसत्तात्मक जालोबाट जकडिएकी छे र उत्पीडित भएकी छे । अन्त्यमा अस्मितालाई बहादुर योद्धा बनाए पनि नारीवादी दृष्टिले हेर्दा यो उपन्यासमा पितृसत्ताले गरेको नारी शोषणको विद्रोहमा उठ्न सकेकी नारीका रूपमा ऊ प्रस्तुत हुन सकेकी छैन ।

लक्ष्मीको श्रीमान्ले पनि आफ्नो स्वार्थ पुरा गर्न श्रीमतीको प्रयोग गरेको छ । उसलाई आफ्नी श्रीमती अघि सारेर पनि आफ्नो व्यापार गर्नु छ । उदाहरण :

"जे होस श्रीमतीको नाम लक्ष्मी ठ्याक्कै मिलेको छ । ऊ कतै गई भने त दोकान बन्द गरेर दिनतरात सिरक ओढेर सुतेपनि हुन्छ । ऊ छे की ग्राहकको ओइरो ।"(पृ ३५)

लक्ष्मीको श्रीमान्ले उसलाई श्रीमतीको रूपमा भन्दा पनि आफ्नो व्यापार बढाउने साधनका रूपमा लिएको देखिन्छ । उसलाई आफ्नी श्रीमतीको मानभन्दा धन ठूलो छ । लक्ष्मीको श्रीमान्का माध्यमबाट पुरुषले नारीलाई एउटा मानव प्राणी नभएर उपयोगी वस्तुका रूपमा हेर्ने यथार्थता प्रस्तुत गरिएको छ ।

माया पनि पितृसत्तात्मक सामाजिक प्रणालीको सिकार हुन पुगेको नारी हो । उसलाई अपहेलना गर्ने शङ्का गर्ने, अनेक आरोप लगाउने र उसको विवशताको फाइदा उठाउने मान्छे त छन् तर उसलाई मद्धत गर्ने कोही छैन । उसको माइतीको आर्थिक अवस्था खस्कदा उसको श्रीमान्ले घरबाट निकालिदिएको छ । मायामाथि अन्याय हुँदा यो समाजले उसलाई कुनै सहयोग गरेको छैन तर उसमाथि लाञ्छना लगाउन समाज सधैं अग्रसर छ किनकि समाज पितृसत्तात्मक सोचले सञ्चालित छ ।

"बिचरी दुईटा छोराछोरी पाएर बन्ध्याकरण गरिसकेकी उमेरदार केटी न्यायका लागि निक्कै घुमिन् । तर विचरा इज्जतकै लागि रोइकराई गर्ने उनको लोग्नेप्रति सबैले गहिरो सहनुभूति प्रकट गरे किनकि आइमाईको के विश्वास ? यो जातै अविश्वासी हो ।

अर्थात्
स्त्री चरित्रम् पुरुषष्य भाग्यं
दैवो नजाने कुतो मनुष्य : । " (पृ.६६)

मायालाई त्यत्रो अन्याय पर्दा उसलाई कसैले सहयोग गरेका छैनन् । बरु उसको निच पतिको साथ समाजले दिएको छ । समाजले मायालाई सहयोग गर्नाको साटो नारीलाई अविश्वासी पात्रको संज्ञा दिएको छ । पितृसत्तात्मक सामाजिक प्रणालीकै कारण समाजले मायाको साथ नदिई उसको निच पतिको साथ दिएको छ । हाम्रो समाजले नै पितृसत्ताको भरण पोषण गरेकाले पुरुष पितृसत्ताको मातले नारीमाथि थिचोमिचो गर्छ । मायाको लोग्नेले गलत कदम चाल्दा समाजले उसलाई रोक्थ्यो, सजाय दिन्थ्यो भने ऊ जस्ता पुरुषले फेरी नारीमाथि अन्याय गर्ने आँट गर्ने थिएनन् होला । हाम्रो समाजमा आज पनि वहुविवाह

परम्परा यथावत नै छ र त्यसो हुनुको मूल कारण नै पितृसत्तात्मक सामाजिक प्रणली हो । वहुविवाहका कारण समाजका हजारौं नारीहरूले दुःख पाइरहेका हुन्छन् त्यसकारण उपन्यासकारले यहाँ मायाको सन्दर्भबाट पितृसत्तात्मक सामाजिक प्रणलीको चित्रण गरी त्यसको विरोध गरेका छन् । रतियालाई समिमले जबरजस्ती बिहे गर्न खोज्नु पनि पितृसत्तात्मक सामाजिक प्रणालीकै उपज हो । रतियाले समिमले उसको जगल्टा समात्दा प्रतिवाद गरेकी छे । समाजमा अहिले पनि नारीलाई विवाहका लागि जबरजस्ति गरिन्छ । मुस्लिम समुदायकी रतियाको इच्छा नहुँदा नहुँदै विवाहको पहिलो हक दाबि गर्ने उसको काकाको छोरोले जवरजस्ती विवाह गर्न खोजेको छ । यसरी मुस्लिम समुदायको पितृसत्तात्मक सामाजिक प्रणालीको पनि चित्रण यहाँ गरिएको छ । रतियालाई पहिला विद्रोहीका रूपमा प्रस्तुत गरि फेरि समिमसँग विवाह नगरेकोमा अल्हासँग माफी मागेर रोएको सन्दर्भले रतियाको विद्रोहलाई हराईदिएको छ । रतियाको विवाह बुढोसँग भएको छ र उसले बच्चा जन्माउन नसकेर मर्नुपरेको छ ।

उपन्यासमा नाारीलाई पुरुषको सेवा टहलको वस्तु ठान्ने सामाजिक प्रणालीको पनि चित्रण गरिएको छ । श्रीमतीले श्रीमान्को जुठो थालमा खाने जस्ता पितृसत्तात्ममक सामाजिक प्रणाली यहाँ प्रस्तुत भएका छन् । उपन्यासका प्रायजसो पुरुषपात्र पुरुषदम्भ भएका छन् र उनीहरूबाटै नारीमाथि थिचोमिचो हुन पुगेको छ । लेखकले पितृसत्तात्मक सामाजिक प्रणालीको यथार्थ चित्रण यहाँ गरेका छन् । उनले पितृसत्तात्मक सामाजिक प्रणालीले नारीमाथि गरेको थिचोमिचोलाई उदाङ्गो गरी प्रस्तुत गरका छन् तर नारीलाई त्यसको विरुद्ध विद्रोह गराउन असफल देखिएका छन् । उपन्यासमा नारीले आफूमाथि भएको दमन र अन्याय थाहा पाउँदा पाउँदै पनि विद्रोह गर्न नसक्नु नारीवादी दृष्टिले यस उपन्यासको कमजोर पक्ष हो । उपन्यासमा जसरी पितृसत्तात्मक सामाजिक प्रणालीको थिचोमिचोको चित्रण गरिएको छ त्यो राम्रो पक्ष भएपनि सो अनुसार विद्रोह नहुनु कमजोर पक्ष बनेको छ ।

### ३.५ टुँडाल उपन्यासमा पितृसत्तात्मक समाजको चित्रण र विद्रोह

पञ्चायतकालीन र काठमाडौंली परिवेशमा लेखिएको यस उपन्यासमा केन्द्रीय भूमिकामा सुस्मीता रहेकी छे । सुस्मिताका जीवनका आरोह अवरोह प्रस्तुत भएको यस उपन्यासमा नारीवादी चिन्तन, चेतना र मूल्य मान्यता प्रकट भएको छ । काठमाडौं र

भक्तपुरका टुँडालहरूलाई विषय बनाई लेखिएको यस उपन्यासलाई लेखक स्वयमले सांस्कृतिक मनोविज्ञाको प्रयोग भएको उपन्यास स्वीकार गरेका छन् । सांस्कृतिक मनोविज्ञानलाई आधार बनाई नेपाली कला र संस्कृतिमा झल्किँदै आएको यौनबिम्ब यस कृतिको विषय बन्न पुगेको छ (धरावासी, २०६८ : पृ.ठ) सांस्कृतिक यौनमनोविज्ञानलाई टड्कारो रूपमा प्रस्तुत गरिएको यस उपन्यासमा पितृसत्तात्मक समाजका नियमले नारीले भोग्नु परेका कुण्ठा र त्यसको विद्रोह स्पष्ट रूपमा प्रस्तुत गरिएको छ ।

काठमाडौँलाई परिवेश बनाइएको यस उपन्यासमा सहरिया नारीहरूको चेतना प्रस्तुत गरिएको छ । सामाजिक मूल्य मान्यता नारीका लागि मात्र कडा हुने परम्पराको विरोध यस उपन्यासका नारीपात्रहरूले गरेका छन् । छोरी वा केटी मान्छेलाई हेर्ने पितृसत्तात्मक समाजको दृष्टिकोण कस्तो हुन्छ भनी देखाउँदै त्यसको विरोध यहाँ प्रस्तुत गरिएको छ । पितृसत्तात्मक सोचले जकडिएको हाम्रो समाजमा नारीलाई सानैदेखि लैङ्गिक आधारमा नारीत्वको भार बोकाइरहेको हुन्छ ।

“तँ अब ठूली भइस् । छोरीमान्छेले एक्लै वा केटाहरूसँग घुम्न राम्रो हुँदैन । तँ अब मलाई पनि काम सघाउने गर छोरी ।”(पृ. ११)

यहाँ नारी स्वयम् पनि पितृसत्तात्मक सोचबाट माथि उठ्न नसकेकी र उनीहरूले नै त्यसको पक्षपोषण गरेको यथार्थ प्रस्तुत गरिएको छ । नारीलाई बालककालदेखि नै केटी मान्छेले गर्न हुने र नहुने कामको सीमा तोकिदिइएको हुन्छ । छोरालाई घरको कामबाट मुक्त राख्ने र छोरीलाई सानैदेखि घरायसी काममा होम्ने प्रवृत्ति यहाँ प्रस्तुत गरिएको छ ।

टुँडाललाई विषय बनाइएको यस उपन्यासमा समाजका पुरुषले सधैँ नारीलाई यौनका दृष्टिले हेर्ने र ती टुँडाल जस्तै सम्झने कुराको विरोध सुस्मिताले केटाहरूलाई झापड हानेर गरेकी छे । उपन्यासमा पति मरेका नारीहरूको पीडा, समाजले उनीहरूप्रति राख्ने दृष्टिकोण, उनहिरूको यौन कुण्ठा नारीले किन सहने भन्ने कुरा यहाँ उठाइएको छ । समाजको यो मान्यता बुढी अजीले स्वीकार गरे पनि सुस्मिताकी आमा उपमाले यसको विरुद्ध कदम चालेकी छे । सुस्मिताका बाबुलाई उसले अझै पनि प्रेम गरेपनि प्रेमकै नाममा नारी पलपल मर्ने र हुँदै नभएको शरीरको स्मृतिमा रोएर आफ्नो शरीर मार्न नचाहेको बताएकी छे । उदाहरणः

"नारीको जीवनलाई तिमीले सजिलै बुझ्न सक्छ्यौ ! नारीले मात्र बेहोर्नु पर्ने वैधव्यको यो निरस जीवनबाट मुक्तिका लागि मैले गरेको यो निर्णयमा मलाई पश्चाताप छैन । ......... दिवङ्गत भइसकेको पतिका नाममा पुरै जिन्दगी विधवा भएर रुदैं बिताउनु व्यावहारिक होइन रहेछ छोरी । बाँच्दा पो सँगै बाँच्ने, मरिसकेपछि केका लागि यस्तो बाँच्ने । प्रेम जीवनसँग हुन्छ, शरीरसँग हुन्छ, स्वभाव, चरीत्र र व्यवहारसँग हुन्छ ........... । शरीर नै नभएपछि त्यहि शरीरकै स्मृतिमा रोएर अर्को शरीर किन मराउनु ?" (पृ. ४३)

उपमा वैधव्यकै कारण आफ्नो जीवन रोएर बिताउन चाहन्न । हाम्रो समाजले पत्नी मरेका पतिले अर्को विवाह गर्दा स्वीकार गर्छ । त्यो विवाह सामाजिक संस्कार अनुसार हुन्छ तर नारीले भने त्यसो गर्नु पाप हो भन्छ । लामो जीवनमा नारीले एक्लै पीडाहरू भोग्न बाध्य हुन्छे । तर उपमाले पितृसत्ताको पक्षपोषण गर्ने संस्कार र मान्यताको विरोध गरेकी छे । यो उसको नारीलाई नियम र बन्धनमा राख्ने पितृसत्तात्मक समाजप्रतिको विद्रोह हो ।

आज पनि हाम्रो समाजले नारीलाई सन्तान सम्बन्धी निर्णयको स्वतन्त्रता दिएको छैन । पितृसत्तात्मक वंश परम्पराका कारण नारीले आफ्नो रगत सिचेर जन्माएको बच्चाको जन्म प्रमाणपत्र बनाउन पहिले बाबुकै नाम सोधिन्छ । यस सोचको विरोध नारीवादले गर्छ र उमाले पनि विद्रोह गरी आफ्नो बच्चा पतिविना एक्लै जन्माएकी छे ।उदाहरण :

"यसलाई पेटमा बोक्ने, यत्रो समयसम्म हुर्काउने, आज यत्रो कष्टका साथ जन्माउने म आमा सिङ्गै हुँदाहुँदै किन चाहियो यसको बाबुको नाम ? के काम छ बाबुको यहाँ ? ऊ मद्धारा आजका मितिमा तपाइँहरूको अस्पतालमा जन्मिएकी हो, त्यति प्रमाणित गर्न के गारो छ ?" (पृ १७३)

उमाले छोरी मान्छेका लागि मात्र बनाइएका अप्ठ्यारा नियमहरूको विरुद्ध विद्रोह गरेर आफ्नो सन्तान जन्माएकी छे । नारीलाई गर्भवती बनाई आफू चोखो बन्ने पुरुष प्रवृत्तिका विरुद्ध उभिई उसले अविवाहित अवस्थामा आफ्नी छोरी जनमाएकी छे । उमाका मार्फत यहाँ पितृसत्ताको एकल शासनको विरोध गरिएको छ । सन्तान जन्माउने आमालाई आफ्नो सन्तानका बारेमा निर्णय गर्न नदिने पितृसत्तात्मक सामाजिक प्रणालीको चित्रण गरी त्यसको विरोधमा विद्रोहीका रूपमा उमालाई प्रस्तुत गरिएको छ ।

यस उपन्यासकी केन्द्रीय पात्र सुस्मिताका जीवनमा धेरै आरोह अवरोह आएका छन् । उसले बाल्यकालदेखि नै विभिन्न प्रकारका पुरुषको सङ्गत गरेकी छे । उसले पुरुषसँग प्रेम र आत्मियताको आकांक्षा गरेपनि हरेकबाट ऊ निराश भएकी छे । रविन दादा लगायतका उसका जीवनमा आएका हरेक पुरुषले उसलाई विश्वासघात गरेर उसको भावनासँग खेलेका छन् । उसले सुरुवातमा त्यति विद्रोह नदेखाएपनि उपन्यासको अन्त्यतिर आइपुग्दा उसले विवाह नगर्ने निर्णयगरेकी छे । कतिपय नारीवादीहरू पितृसत्तात्मक सामाजीक प्रणालीले बनाएको विवाह परम्परालाई पनि नारी उत्पीडनको कारण मान्दछन् । यहाँ पनि सुस्मिताले विवाह नगर्ने निर्णय गरेर पितृसत्तात्मक प्रणालीको विरोध गरेकी छे । यसरी प्रस्तुत उपन्यासमा पितृसत्तात्मक समाजको चित्रण गरी त्यसको विरोध गरिएको छ । नारीवादी दृष्टिले यस उपन्यासको अध्ययन गर्दा टुँडाल पितृसत्तात्मक सामाजिक प्रणालीको चित्रण र विद्रोह देखाउने सफल उपन्यास हो भन्न सकिन्छ ।

परिच्छेदः चार

# धरावासीका उपन्यासमा नारी समानता र स्वतन्त्रताको चित्रण

## ४.१ परिचय

नारी कसैको अधीन, हस्तक्षेप वा बन्धनमा नभएको अवस्था नै नारी स्वन्त्रता हो । नारीले समाजमा पाउनु पर्ने सामाजिक, आर्थीक, रानीतिक तथा विभिन्न क्षेत्रमा पुरुष सरह बराबरको अधिकार पाउनु नै नारी समानता हो । नारीले समाजका विभिन्न क्षेत्रमा आफ्नो शरीर अनि जीवनमाथि आफै निर्णय लिन पाउनु पर्ने स्वतन्त्रता नारी अधिकार हो । पिता, पति र पुत्रको अधीनमा रहेको पितृसत्तात्मक समाजका नारीहरू स्वतन्त्र हुँदैनन् । यस्तो एकल पितृसत्तात्मक शासन भएको समाजमा नारीहरूले पुरुष समान अवसर र अधिकार पएको देखिँदैन । पितृसत्तात्मक सामाजिक प्रणालीमा नारी भएकै कारण घर, परिवार समाज र राजयबाट विभिन्न खालका विभेद, शोषण, दमन, अन्याय र अत्याचार सहँदै आउन विवश छन् । जसरी समाजमा पुरुषलाई आफ्नो शरीर, भविष्य र जीवनका विभिन्न पक्षमा स्वतन्त्र भएर निर्णय लिने अधिकारछ । त्यसरी नै स्वतन्त्र भएर नारीले पनि निर्णय लिन पाउनु पर्छ भन्ने मान्यता नारीवादको छ । नारीले व्यक्तिगत, सामाजिक, राजनीतिक, आर्थिक, लैङ्गिक स्वतन्त्रता र समानता नपाउन्जेलसम्म नारीहरू उत्पीडनबाट मुक्त हुन पाउँदैनन् । समाजमा नारी जातिको उत्थान र विकासका लागि नारीले पनि स्वतन्त्रता र समानताको अधिकार पाउनु पर्दछ । कुनै कृतिको नारीवादी अध्ययन गर्दा सो कृतिमा नारी स्वतन्त्रता र समानताको स्थितिको अध्ययन गर्न जरुरी देखिन्छ । त्यसैले धरावासीका उपन्यासहरूमा नारीको व्यक्तिगत, पारिवारिक, सामाजिक, आर्थिक, लैङ्गिक, राजनैतिक, यौनिक आदि स्वतन्त्रता र समानताको चित्रण के कस्तो छ भन्ने अध्ययन विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## ४.२ शरणार्थी उपन्यासमा नारी स्वतन्त्रता र समानता

**शरणार्थी** उपन्यास विभिन्न कारण र परिस्थितिले शरणार्थी बनेका नेपाली जातिको कथा हो । प्रस्तुत उपन्यास नारीवादी दृष्टिले पनि अध्ययनीय रहेको छ । उपन्यासमा नारी पात्रहरू राजनीतिक कारणले मात्र शरणार्थी नबनेर पितृसत्ताले पनि शरणार्थी बनाइएका छन् । जयमाया, बर्था, हरीकी पत्नी, पदमकी पत्नी, धर्मे भुजेलकी पत्नी आदि नारी पात्रका मार्फत् यहाँ नारी स्वतन्त्रता र समानताको खाजी गरिएको छ ।

यस उपन्यासको पुरुष पात्र जयबहादुरले जयमाया र बर्था दुबैलाई एकैचोटी आफ्नो प्रेमको बन्दि बनाएको छ । जयमायाको इच्छा रहरहरूलाई वेवास्ता गरी कुण्ठित पारिदिएको छ । जीवनको अन्तिम अन्तिमतिर आइपुग्दा पनि बुढी जयमायाले जयलाई तिर्खालु आँखाले हेरिरहेकी हुन्छे । जयमायालाई जयले न सुखदिन सकेको छ न त आफूबाट मुक्त गरेको छ र उसले जयमायालाई केवल प्रेमदासि बनाएको छ । जयमायाको स्वतन्त्र जीवनमा जय बाधकका रूपमा देखिएको छ । उसले आदर्श प्रेमका नाममा जयमायाको व्यक्तिगत र यौन स्वतन्त्रतालाई हनन गरेको छ ।उदाहरण :

“जीवनभरि साथ पाएर पनि उसबाट मैले पतिको हात पाउन सकिनँ । सबै आकाङ्क्षा, मोह र तृष्णाहरू आफैसँग आलै बोकेर जीवनकाट बिदा हुने भएँ ।”(पृ.२०६)

माथि प्रस्तुत वाक्यहरूले जयमायाको पीडालाई व्यक्त गरिराखेको छ । जयमायामा कति रहर र इच्छाहरू थिए तर जयका बन्धनका कारण ती सबै जीवका अन्तिम क्षणसम्मै अतृप्त नै छन् । उसले आफ्नो जीवनलाई निर्थक जस्तो सोचेकी छे । जयले न जयमायालाई पति बनी साथ दिएको छ न त आफ्नो प्रेमको दासताबाट मुक्त गरेको छ ।

यस उपन्यासकी अर्की पात्र बर्था आफ्नो जीवन स्वतन्त्रतापूर्वक विताउने पात्र हो । जयबहादुरले आफूसँग विवाह गर्न नमाने पछि बर्थाले आफ्नो पूर्व प्रेमी चन्द्रप्रकाशसँग विवाह गरेकी छे । उसको र चन्द्रप्रकाशको विवाह पनि बर्थाकै इच्छाले भएको छ । बर्थाले चन्द्रप्रकाश र जयबहादुर दुबैसँग प्रेम स्वतन्त्र भएर गरेकी छे भने चन्द्रप्रकाशसँग विवाह पनि स्वतन्त्र भएर गरेकी छे । यसरी बर्थाले आफ्नो प्रेम र विवाह सम्बन्धी स्वतन्त्र निर्णय

गरेर नारी स्वतन्त्रतालाई प्रस्तुत गरेकी छे । त्यसैगरी यस उपन्यासकी अर्की पात्र धर्मे भुजेलकी श्रीमती पनि नारीसमानतालाई वकातल गर्ने पात्र हो ।उदाहरण :

“के गर्नु, हामी आइमाईको कुरा कहिल्यै बिकतैन । हामीलाई खाली वस्तुभाउ जस्तो सम्पत्तिका रूपमा पालेको ठान्नुहुन्छ तपाइँ लोग्ने मान्छेहरू । हाम्रो पनि बुद्धि हुन्छ, हामी पनि सोच्न सक्छौ, हाम्रो राय पनि काम लाग्छ भन्ने ठानेको भा यो दुःख पहिले नै टरिसक्ने थियो ।”(पृ.१३६)

माथि प्रस्तुत धर्मे भुजेलका भनाईहरूले नारी समानतालाई वकातल गरेको छ । नारीलाई हेयको भावले हेर्ने र सधैं दोस्रो दर्जाको मान्ने पितृसत्ताको यहाँ विरोध गरिएको छ । नारी जनावर होइन ऊ पनि मानव हो र नारीसँग पनि पुरुष जत्तिकै सामर्थ्य हुन्छ । नारी पनि विवेकशीलप्राणी हो उसँग पनि पुरुष जत्तिकै सोच्न सक्ने र निर्णय लिन सक्ने क्षमता हुन्छ भन्ने कुरा प्रस्तुत गरी नारी समानताको आवश्यकता व्यक्त गर्न खोजिएको छ । त्यसैगरी उपन्यासमा हरी खनालकी श्रीमतीको सन्दर्भबाट लेखकले यहाँ नारीको यौन स्वतन्त्रतालाई प्रस्तुत गरेका छन् । उदाहरण :

“मलाई यो अवस्थामा पुऱ्याउने तिमी नै हो । तिमीले नै मलाई यस्ती पाऱ्यौ । तिमीले किन मलाई एक्लै छोडयौ ? किन तिम्रो ज्वाइँ भनाउँदोलाई मसँग आउनबाट रोकेनौ ?”(पृ.१८२)

माथि प्रस्तुत वाक्यहरूबाट के स्पष्ट हुन्छ भने हरी खनालले आफ्नी पत्निलाई समय नदिएकाले नै उसले पदमसँग सम्बन्ध राखेकी हो । यहाँ हरी खनालकी पत्नीले आफ्नो यौन स्वतन्त्रतालाई प्रस्तुत गरेकी छे । त्यसैगरी सुशीलाले पनि आफ्नो पतिको अत्याचार सहन नसकी उसलाई छोडेर हिँडेकी छे र उसको यो निर्णले नारीको व्यक्तिगत स्वतन्त्रतालाई प्रस्तुत गरेको छ ।

### ४.३ आधा बाटो उपन्यासमा नारी स्वतन्त्रता र समानता

कृण धराबासीको **आधा बाटो** उपन्यासमा नारीवादी चिन्तन पनि प्रस्तुत भएको उपन्यास हो । उपन्यासमा आएका नारी पात्रहरू, तिनका सङ्घर्षशील जीवन, हाम्रो असमान सामाजिक मूल्यमान्यता, नारी शिक्षाको अभाव जस्ता कुरा प्रस्तुत भएको यस उपन्यासले नारी स्वतन्त्रता र समानताको आवश्यकतालाई प्रस्तुत गरेको छ ।

यस उपन्यासकी प्रमुख पात्र आमाले गरेको सङ्घर्षको कथाको रूपमा आधा बाटो प्रतुत भएको छ । जसले नारीको पारिवारिक र सामाजिक समानतालाई प्रस्तुत गरेको छ । आमाको मातृत्वलाई सशक्त रूपमा प्रस्तुत गरिएको यस उपन्यासमा आमाले स-सम्मान आफ्नो सन्तानलाई राम्रो भविष्य दिन सफल देखिन्छिन् । यस उपन्यासले एउटी नारीको सङ्र्षलाई सम्मान गरेको छ । उदाहरण :

"कमलाकी आमा, हेर ! ५० रूपैयाँ गोजीमा हालेर तिनवर्ष अघि बसाइँ हिँडेका हामी, आज हामीसँग मधेशमा आफ्नै दुई बिघा भयो । त्यसमा दश कट्ठा खाल खेत छ, खान पुग्ने धान फल्छ । तर यसमा सबै जस तँलाई नै छ । तैंले ढिपी नलिएको भए हामी फर्केर पहाडै पुगि सक्ने थियौं ।"(पृ.३०)

प्रस्तुत वाक्यहरूबाट नारी र पुरुष समान छन् भन्ने कुराको प्रस्तुत भएको छ । उपन्यासमा नारी पनि पुरुष समान भएर सङ्घर्ष गर्न सक्छे, आफ्नो परिवारको आर्थिक अवस्था सुधार्न सक्छे, पुरुषलाई उसकै समकक्षी भएर साथ दिन सक्छे भन्ने सन्देश दिएको छ । यहाँ श्रीमान र श्रीमती भनेका एउटै रथका दुई पाङ्ग्रा जस्ता हुन् भन्ने कुरा देखाइएको छ । उपन्यासमा आमाले आफ्नो श्रीमान्लाई जुन साथ दिएकी छिन् त्यसले नारी पनि पुरुष समान छ र श्रीमान् श्रीमती समान भएर परिवार रूपी रथ अगाडि बढाउन सकिन्छ भन्ने स सन्देश दिई नारी समानताको आवश्यकता प्रस्तुत गरिएको छ । आमाले आफूमा दुर्व्यवहार गर्ने उडिया माथि गरेको प्रहारले यहाँ नारीको आर्थिक र सामाजिक स्वतन्त्रता प्रस्तुत भएको छ समाजमा महिला व्यापारी माथि राख्ने नराम्रो विचारको विरोध यहाँ गरिएको छ । उदाहरणः

"यसमा माइलीको केही दोष छैन । त्यो उडिया रक्सिले मातेर आएर जहिले पनि यिनलाई कस्तो नराम्रो गरी हेर्ने, खैनी किन्ने निहुले हात समात्न खोज्ने गर्थ्यो । आज त त्यसले जिउमै हात हालुँला जस्तो गर्‍यो । व्यापारी हुँदैमा कति सहनु त तिनै उडिया मोराहरूले खैनी नकिने किन्दैनन् । माइलीले आज त्यसलाई ढकले हानेकै हो । हामी आइमाईले गरी खान नपाउनु मालिक ?"(पृ.४२)

माथिका वाक्यहरूबाट नारीले आर्थिक उत्पादन गर्न पाउनु पर्छ भनिएको छ । महिला व्यापारी माथि गरिएको दुर्व्यवहारको विरोध गरेर आमाका मार्फत् महिलाले पनि स-

सम्मान आफ्नो व्यापार व्यवसाय गर्न पाउनुपर्छ भन्ने सन्देश दिइएको छ । नारीलाई पनि आर्थिक आम्दानीको बाटो खोलिदिनुपर्छ र नारी स्वयम्ले पनि यो अवस्थाका लागि विद्रोह गर्न सक्नुपर्छ भन्ने कुरा आमाले आफूमाथि दुर्व्यवहार गर्दा गरेको प्रहारबाट प्रस्तुत गरिएको छ । जसरी पुरुषले समाजमा स-सम्मान व्यापार गर्दछ त्यसरी नै नारीले पनि स(सम्मानका साथ आर्थिक उपार्जनको काम गर्ने वातावरण हुनुपर्छ भनेर समानतालाई जोड दिइएको छ ।

यस उपन्यासमा नारी शिक्षाको अभाव देखिन्छ । यस उपन्यासका पुरुष पात्रहरूले शिक्षाको अवसर जति पाएका छन् नारीपात्रले त्यो अवसर पाएका छैनन् । समाजले छोराको शिक्षालाई जति महत्त्व दिएको छ छोरीको शिक्षालाई त्यति महत्त्व दिएको छैन । अलिअलि पढेलेखेका छोरीहरूको पनि चाँडै विवाह गरिदिइएकोछ । यसरी आधाबाटो उपन्यासले नारी र पुरुषमा भएको असमान शैक्षिक अवसरलाई प्रस्तुत गरेकोछ । यहाँ छोरा र छोरीमा गरिको भेदभावलाई प्रस्तुत गरी समाजले नारी र पुरुषमा गर्ने असमान व्यवहारलाई देखाइएको छ । उपन्यासमा नारी पात्रहरूले पनि आफ्नो शिक्षाका लागि आवाज उठाएका छैनन् । आफ्नो राम्रो भविष्यका लागि उनीहरू स्वयम्ले जागरुक भई जुनसुकै अवस्थामा पनि शिक्षा आर्जन गर्न अग्रसर हुनुपर्थ्यो तर उनीहरूले आफूमाथि भएको शैक्षिक र पारिवारिक असमानतालाई चुपचाप सहेका छन् । उपन्यासमा जबसम्म नारी स्वयम् आफ्ना अधिकार प्रति सचेत हुँदैनन् तब सम्म समाजमा नारी स्वतन्त्रता र समानता सम्भव नहुने यर्थाथ प्रस्तुत गरिएको छ ।

यसैगरि उपन्यासमा प्रस्तुत आमा बाहेकका अरु नारीपात्रहरू चुल्होचौको र घरपरिवारमा नै सीमित भएको देखिन्छ । यस उपन्यासमा प्रस्तुत नारीहरूले सामाजिक, आर्थिक, पारिवारिक, शैक्षिक आदि स्वतन्त्रता र समानताको वातावरण महसुस गर्न पाएका छैनन् । एउटी पात्र नम्रता बाहेक अरु नारीपात्रले आफ्नै शैक्षिक स्वतन्त्रताको चेतना देखिँदैन । उपन्यासका पुरुष पात्रहरूले पनि नारी शिक्षा र समानतालाई त्यत्ति महत्त्व दिएको देखिँदैन । यसलाई म पात्रकै कथनबाट यसरी प्रस्तुत गरिएको छ । उदाहरण :

"केटी साधारण पढेलेखेकी भए हुन्छ । मलाई घर चलाउने केटी चाहिन्छ, जागिर खाने होइन ।" (पृ.२२४)

प्रस्तुत कथनबाट नारीको शैक्षिक स्वतन्त्रता र समानता अनि आर्थिक स्वतन्त्रता र समानतालाई महत्त्व नदिएको देखिन्छ । यहाँ छोरीमान्छेले नपढे पनि केहि हुँदैन भन्ने आशय प्रस्तुत भएको छ । नारीलाई केवल घरायसी कामकाजमा सीमित गर्न चाहने पुरुष मानसिकता यहाँ प्रस्तुत भएको छ । नारीले पनि जागिर खाएर आर्थिक उपार्जन गर्न सक्छन् र सार्वजनिक क्षेत्रमा प्रवेश गरी आफ्नो पहिचान बनाउन सक्छन् भन्ने कुरालाई यहाँ बेवास्ता गरेको देखिन्छ ।

उपन्यासमा प्रस्तुत बजैका मार्फत् यहाँ समाजमा नारीको यौन स्वतन्त्रतालाई कुण्ठित पार्ने परिपाटीको चित्रण गरिएको छ । बाहुनी बजैकाश्रीमान्ले यसै अलपत्र छोडी हराएपछि उनले विभिन्न पीडाहरू खप्नु परेको छ । बजैले इलामको सिन्फिङमा भएको कुमार बाबुको घरमा आश्रय पाएकी छिन् । बषौंसम्म पनि उनका पतिले कुनै खोज खबर नगर्दा उनले मनमनै कार्कीलाई मन पराएकी छिन् । तर त्यस कुराको विरोध समाजले गरेको छ । यहाँ उनी नारी भएकै कारण आफ्ना रहर इच्छालाई मार्नु पर्ने धारणा समाजको देखिन्छ । उदाहरण :

“हैन नानी । कार्की र बाहुनी बजै त साह्रै गनाइसके । जसले पनि यिनीहरूकै कुरा गर्छ, यिनीहरूलाई नछुटाई भएन ।”(पृ. १५६)

जुन समाजमा पुरुषलाई दोस्रो विवाह गर्ने स्वतन्त्रता छ त्यस समाजमा बजै जस्ता नारीलाई दोस्रो विवाह गर्ने स्वतन्त्रता किन छैन ? यहाँ बजैले नारी भएकै कारण आफ्ना यौन कुण्ठाहरू र रहरहरू दबायर राख्नु परेको छ । आफ्नो शरीरमाथि नारिकै हक हुन्छ र उसले आफ्नो जीवन कसरी अनि कोसँग बिताउने भन्ने निर्णय आफै लिन पाउनु पर्छ । यहाँ बजैको व्यक्तिगत जीवनमा समाजले हस्तक्षेप गरी उनको व्यक्तिगत स्वतन्त्रताको पनि हनन गरेको छ । यसरी हाम्रो समाजले नारीलाई व्यक्तिगत, सामाजिक र यौनिक जस्ता कुरामा स्वतन्त्रता अनि समानता नदिएको अवस्थाको चित्रण गरिएको छ ।

### ४.४ राधा उपन्यासमा नारी स्वतन्त्रता र समानता

धरावासीको **राधा** उपन्यासमा पुरुषहरूले आफ्नो व्यक्तिगत स्वतन्त्रताको उपभोग गरे तापनि नारीहरूलाई यस अधिकारबाट वञ्चित गराउन खोजिएको छ । यस उपन्यासका

नारीपात्रहरूका मार्फत नारीहरूका हकहित र स्वतन्त्राताको माग गरिएको छ । उपन्यासमा राधा, एकनशा, विशाखा, कुन्ती, कलावती, द्रोपदी, यशोदा, रुक्मिणि आदि नारीहरूको आ-आफ्नै पीडा रहेको छ । यस उपन्यासका नारीपात्रहरूले नारी स्वतन्त्रता र समानताका लागि विद्रोह गर्नुपर्ने चेतना प्रस्तुत गरेको पाइन्छ ।

यस उपन्यासमा राधा एउटा स्वतन्त्र चरित्र हो । आफ्नो स्वतन्त्र निर्णयमा अडिग रहने राधाले प्रेम स्वतन्त्र भएर गरेकी छे । उसलाई आमाबाबुले उसको स्वतन्त्र प्रेम त्याग्न लाख सम्झाउँदा पनि उसले आफ्नो प्रेमको स्वतन्त्रतामा आँच आउन दिएकी छैन । राधाले उपन्यासको अन्त्यसम्म पनि आफ्नो प्रेमप्रति आफ्नै स्वतन्त्र निर्णय गरेकी छे । उसले न कृष्णका भनाइले आफ्नो निर्णय बदलेकी छे न त समाजको प्रश्नले आफ्नो निर्णय बदलेकी छे । राधाले विवाहका सन्दर्भममा पनि आफ्नो स्वतन्त्र निर्णय गरेकी छे । उसले कृष्ण वा अरु कुनै पनि पुरुषसँग विवाह नै नगरी जीवन निर्वाह गरेर स्वतन्त्र भएर बाँच्ने निर्णय गरेकी छे । ऊ कुनै पनि पुरुषको अधीनस्थ नभई विनापुरुष पनि नारी बाँच्न सक्छे भन्ने उदाहरण दिन सफल चरित्रका रूपमा रहेकी छे । राधा व्यक्तिगत स्वतन्त्रतालाई सचेत रूपमा प्रस्तुत गर्ने चरित्र हो । उदाहरणः

“म यो द्धारिकमा कुनै पनि हालतमा बस्न सक्दिन मैले कृष्णका समीप बस्नु नै आफूलई समाप्त गर्नु हो । म यहाँ बस्नु भनेको कृष्णकी रखैलका रूपमा रहनुपर्छ अब । तिनले मलाई शारीरिक दुरूपयोग गर्न नसक्लान्, तर समाजको नजरमा म कृष्णकी पछिल्लो पत्नीका रूपमा विस्तारै प्रचारित हुँदै जानेछु र यो मलाई सहन हुँदैन । म राधा, कृष्णकी सोह्र हजार एक सय नवौँ पत्नी हुन सक्दिनँ ।” (पृ. २२३)

राधा आफ्नो व्यक्तिगत स्वतन्त्रतामा जति सचेत छे, ऊ आफ्नो आत्मसम्मान र अस्तित्वका बारेमा पनि त्यत्तिकै सचेत देखिन्छे । उसले कृष्णको महलको सुखसुविधामा नबस्ने निर्णय गरेर आफ्नो आत्मसम्मान र स्वतन्त्रालाई रोजेकी छे । राधालाई सजाएर आफ्नो महलको शोभा बढाउने कृष्णको पौरुष अहम्लाई राधाले ध्वस्त पारिदिएकी छे। राधा नारीको आर्थिक र राजनीतिक स्वतन्त्रता र समानताको चित्रण गर्ने चरित्र पनि हो । आफ्नो पिता विरामी परेपछि राधाले आर्थिक र राजनीतिक दुबै ठाउँमा उनको मदत गरेकी छे । राधाले कोषको पैसा चलाउनु, राजस्व सङ्कलन गर्नु आदि नारीको आर्थिक स्वतन्त्रताको राम्रो उदाहरण हो । ऊ आफ्नो राज्यको प्रतिनिधित्व गरेर मथुरा गएकी छे । उसले आफ्नो

विवेकले आफ्नो राजनैतिक जिम्मेवारी पुरा गरेकी छे । उपन्यासमा राधा मार्फत समाजमा छोरीले पनि छोराले गर्न सक्ने काम गर्न सक्छन भन्ने देखाएर नारी समानताको राम्रो उदाहरण प्रस्तुत गरिएको छ । राधा नारी र पुरुषमा केही भिन्नता हुँदैन यदि छ भने त्यो शारीरिक भिन्नता मात्र हो भन्ने कुराको प्रमाण बनेकी छे । राजा वृषभानुकी छोरी भएर छोराले जस्तै बाबुको जिम्मेवारी वहन गर्न सक्छन् भन्ने प्रमाण दिएकी राधाले उपन्यासमा नारी स्वतन्त्रता र समानताको दरो उदाहरण प्रस्तुत गरेकी छे ।

उपन्यासमा जन्मेकै दिन कृष्णसँग साटिएर मृत्युको मुखमा पुऱ्याइएकी एकनंशा आफूले नचाहँदा नचाहँदै बुढो ऋषिसँग विवाह गर्नुपर्ने पीडा बोकेकी पात्र हो । एकनंशा आफू जन्मेको दिनदेखि नै कैदीका रूपमा जीवन व्यतीत गरिरहेकी हुन्छे । कंशको महलमा कैदी बनाइएकी एकनंशाले व्यक्तिगत, आर्थिक, सामाजिक वा राजनीतिक कुनै पनि स्वतन्त्रता प्राप्त गरेकी छैन । एकनंशाले न स्वतन्त्रताको सास फेर्न पाएकी छे न उसले समानताको अधिाकार पाएकी छे । उसको इच्छा नहुँदा नहुँदै उसका बाबुआमा र दाजुले बुढो दुर्वासासँग गरिदिएका छन् । नारीले आफ्नो विवाहको निर्णय आफै लिन पाउनु पर्छ तर उसले यो स्वतन्त्रता पाएकी छैन । ऊ आफूमाथि भएको अत्याचारको विरुद्धमा रहेकी छे । उदाहरणः

“हजारौं पत्नी ल्याएर पनि सुन्दरताको भोकले ग्रस्त कृष्णलाई के मेरो आकाङ्क्षाको बोध हुनु पर्दैन ? उनले रोजीरोजी राम्रा युवतीहरूलाई पत्नी बनाइरहेका बेला मलाई दुर्वासाको आतङ्कमा थुनेको स्मरण होला त ? स्वार्थको पनि एउटा हद हुनु पर्दैन ?”(पृ. २२१)

एकनंशा नारी स्वतन्त्रता र समानताका बारेमा सचेत पात्र हो । उसले राधालाई पनि नारी अस्तित्व, स्वतन्त्रता र समानताका बारेमा सम्झाएकी हुन्छे तर उसले आफ्नै स्वतन्त्रताका लागि विद्रोह गर्न सकेकी छैन । एकनंशाले आफ्नो अधिकारका लागि विद्रोह गर्न सक्नु पर्थ्यो । एकनंशामा विरोध त छ तर विद्रोह भने गरेकी छैन ।

यस उपन्यासकी अर्की पात्र विशाखा पनि नारी स्वतन्त्रता र समानताको वकालत गर्ने पात्र हो । उसले बाबु आमाले खोजेको बुढो केटोसँग विवाह गर्न अस्तीकार गरेकी छे । आफूलाई जबरजस्ती बुढोसँग विवाह गराइदिन खोज्ने बाबुआमासँग विद्रोह गरी ऊ राधासँग

तीर्थाटनमा गएकी छे । नारीवादीहरू विवाहको स्वतन्त्रतालाई महत्त्व दिन्छन् र विशाखाको यो विद्रोह नारीवादी दृष्टिले उच्च रहेको छ ।

राधाकी आमा कलावतीले पनि नारी स्वतनत्रतार समानताको चेतना दिने काम गरेकीछिन् । उनले विशाखाका आमाबाबुलाई छोरीको स्वतन्त्रता र समानताका लागि दिएका अर्तीहरूले उनी नारी अधिकारका बारेमा सचेत देखिन्छन् । उदाहरणः

"हामीले छोरीहरूलाई केवल सन्तान जन्माउने यन्त्रजस्तो मात्र मान्ने गरेका छौँ । पुरुषहरूबाट भोगिने र त्यसको परिणामले गर्भवती भई सन्तान जन्माउने एउटा गतिहीन यन्त्रजस्तोबाट छोरीहरूलाई मुक्त गरी स्वनिर्णय गर्ने हक दिनुपर्दछ । आफ्नो सुरक्षा गर्न र आफ्नो निर्णयमा जीवन चलाउन तिनीहरूलाई छोडिदिनुपर्दछ ।"(पृ. १७५)

राधाकी आमाले नारी स्वतन्त्रता र समानताका लाीग सचेत बनाउने काम गरेकी छे । उसका माध्यमबाट उपन्यासकारले नारी पुरुषको भोग्या वा सन्तान उत्पादनको साधन होइन र उसको पनि आफ्नो छुट्टै अस्तित्व छ भन्ने कुरालाई प्रस्तुत गरेका छन् । प्रस्तुत भनाइबाट छोरा र छोरीको बीचको भेद हटाउनु पर्छ । छोरीलाई पनि छोरा जस्तै स्वतन्त्रता प्रदान गरिनु पर्दछ र उनीहरूलाई कमजोर र हीन सम्झनु हुदैँन छोरीहरूलाई नियन्त्रणबाट मुक्ति दिई स्वनिर्णय गर्ने अधिकार दिनुपर्दछ भन्ने चेतना दिइएको छ ।

त्यसैगरी उपन्यासमा कुन्ती, रुक्मिणी, द्रोपदी, कलावती आदि नारीहरूको आ–आफ्नै पीडा रहेको छ । पाँचवटा पतिकी साझा पत्नी बन्ने द्रोपदी, एउटा कृष्णको महलमा श्रीमतीका रूपमा बन्दी बनाइएका सोह्रहजार नारीहरू आदिका पीडाहरू देखाएर उनीहरूको स्वतन्त्रता प्राप्तिको माग गरिएको छ । पौराणिक ग्रन्थको विनिर्माण गरेर लेखिएको यस उपन्यासमा पौराणिक कालदेखि नै नारीहरूको आफ्नो यक्तिगत, सामाजिक, राजनीतिक, आर्थिक स्वतन्त्रता नभएको र यसको लागि आवाज उठाउँदै आएको पाइन्छ । यसैको पृष्ठभूमिमा आजका नारीहरूले व्यक्तिगत स्वतन्त्रताको निम्ति लड्नु पर्ने सन्देश उपन्यासले दिएको छ ।

### ४.५ तपाई उपन्यासमा नारी स्वतन्त्रता र समानता

धरावासीको **तपाई** उपन्यासमा पुरुषहरू सक्षम र स्वतन्त्र छन् तर नारीहरू भने स्वतन्त्र देखिँदैनन् । उपन्यासमा नारीहरूले पारिवारिक, व्यक्तिगत, आर्थिक, सामाजिक, यौनिक आदि असमानता र थिचोमिचो सहनु परेको छ ।

यस उपन्यासमा समाजमा नारी स्वतन्त्रता र समानताको स्थिति अत्यन्त दयनीय देखाएको छ । यस उपन्यासमा विभिन्न प्रकारका नारीपात्रहरू छन् र ती सबै एउटा न एउटा पीडामा परेका छन् । यस उपन्यासमा कालीकी आमा मानसिक रूपले रोगी र कमजोर छे । समाजका यौनपिपासु पुरुषहरूले त्यस्ती पागल, रोगी कमजोर नारीमाथि यौन दुराचार गरेका छन् । कालीकी आमामाथि भएको पटक पटकको यौन दुराचारले उसको यौन स्वतन्त्रतामाथि प्रहार भएको छ । कालीकी आमाको यौन स्वतन्त्रता हनन् गर्नु भनेको उसको व्यक्तिगत स्वतन्त्रताको हनन गर्नु पनि हो । यहाँ कालीकी आमाको अवस्था मार्फत् असाहय नारीको स्वतन्त्रता हनन गर्ने फोहोरी पुरुषवादी पुरुषहरूको विरोध गरिएको छ । उपन्यासमा तपाईंकी श्रीमतीले श्रीमान्का लागि घन्टौं भान्सा कुरेको सन्दर्भ प्रस्तुत भएको छ । श्रीमान्ले नखाई खाना खान हुँदैन भन्ने हाम्रो समाजले कहिल्यै श्रीमतीका लागि श्रीमान्ले भान्सा कुर्नु पर्दछ भनेको छैन । यसरी नारीलाई आफ्नै परिवारमा मन लागेको र भोक लागेको बेला खाना खाने सम्म स्वतन्त्रता नभएको परिस्थितिको चित्रण यहाँ गरिएको छ । नारीहरू पनि आफूमाथि गरिएको असमान व्यवहारलाई नारी धर्म भनेर त्यस सँस्कृतिलाई पछ्याउँदै आएको स्थिति यहाँ देखिन्छ । यस सन्दर्भबाट उपन्यासकारले नारीजातिको स्वतन्त्रताको हनन र पारिवारिक असमानतालाई प्रस्तुत गरेका छन् । त्यसैगरी उपन्यासमा आफ्नो पतिको अपहेलना र तिरस्कार सहन विवश मायामाथि समाजले अनेक आरोप लगाएको छ । श्रीमान्ले मन लागे घरमा राख्ने र मन लागे घरबाट निकालिदिने माया पारिवारिक अनि सामाजिक असमानताको सिकार भएकी पात्र हो । छोराछोरी भएकी श्रीमती निकाली कान्छी श्रीमती ल्याउने श्रीमान्लाई समाजले केही भनेको छैन तर पीडामा परेकी मायामाथि भने अनेक शङ्का गरेको छ । समाजले नारी र पुरुषलाई गर्ने व्यवहार कति असमान छ भन्ने कुरा यहाँ प्रस्तुत भएको छ । सामाजिक असमानता मात्र नभई मायालाई उसको श्रीमान्ले केही सम्पत्ति नदिई यत्तिकै छोडिदिएकोले उसमाथि पारिवारिक र आर्थिक असमानता पनि भएको देखिन्छ । तपाईसँग पैसा सापटी माग्दा तपाईंले उसप्रति

गरेको व्यवहार आर्थिक कमजोरीका कारण नै हो । यस उपन्यासमा मायाका मार्फत उपन्यासकारले समाजले नारीप्रति गर्ने असमान व्यवहारको विरोध गरेका छन् । उदाहरण :

“न म रहरले यस अवस्थामा आएकी हुँ, न मलाई कुनै बाध्यता थियो । मलाई यस अवस्थामा ल्याउने त समाजकै इच्छा थियो - आफन्तहरकै मन....... ।” (पृ . ६७ )

मायाको जुन अवस्था छ त्यो अवस्थामा ऊ पुग्नुमा कतै न कतै यही समाजको असमान व्यवहारको हात छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । अधिआख्यानात्मक प्रयोगका दृष्टिले धरावासीको तपाईं उपन्यास सबैभन्दा बढी सफल देखिन्छ । यस उपन्यासमा परम्परागत समाख्यानात्मक संरचनालाई भत्काउँदै लेखक र पाठकलाई पनि औपन्यासिक संसारभित्र प्रवेश गराइएको छ (पृ.१२७) । अधिआख्यानात्मक शैलीमा लेखिएको यस उपन्यासमा कथा वाचकको श्रोताका रूपमा प्रस्तुत भएकी लीलाका भनाइ मार्फत पनि उपन्यासकारले समाजमा नारी र पुरुषमा गरिने असमान व्यवहारको विरोध गरेका छन् । उदाहरण :

“तपाईंको समाजमा ठूलो इज्जत छ । समाजमा ठूलो इज्जत चाहिँ पुरुषकै मात्र हुनुपर्ने ? वा स्त्रीसँग प्रेमालाप गर्दा बदनाम चाहिँ स्त्रीकै मात्र हुनुपर्ने ? एकान्तमा भावुकता प्रस्तुत गरेर पनि समाजको इज्जत चाहिँ पुरुषकै थाप्लोले मात्र बोक्नु पर्ने !”(पृ.७०)

नारी र पुरुषमा हुने प्रेम, यौन जस्ता कुरामा दुबैको बरबरी हात हुन्छ तर समाजका दृष्टिमा दोषी सधैं नारी नै हुन्छे र इज्जत सधैं नारीकै जाने गर्दछ । पुरुष पनि त्यस कार्यमा उत्तिकै सहभागी हुन्छ तर पुरुषको बेइजजती कही गरिँदैन र उसलाई आदर्शका रूपमा नै चिनाइन्छ । यस उपन्यासमा अस्मिताकी दिदीले पनि सामाजिक असमानता भोग्नु परेको छ । उसको गरिबीको फाइदा उठाएर घनेन्द्रबाबुले उसको यौन शोषण गरेको छ । घनेन्द्रबाबुले आफू जोगिन अस्मिताकी दिदीको बिहे आफ्नो नोकरसँग गरिदिएपछि उसको जयजयकार गर्ने समाजमा अस्मिताकी दिदीमाथि भएको अन्यायका विरुद्ध कोही बोलेको छैन । यो नारी र पुरुषमा भएको  सामाजिक असमानताको एउटा उदाहरण हो र यसका मार्फत उपन्यासकारले नारीमाथि हुने सामाजिक  असमानताको विरोध गरेका छन् । दिदीका कारण अस्मितामाथि पनि अनेक आरोप र लाञ्छना लगाइएको छ । अस्मिता सचेत,

स्वाभिमानी, निडर पात्र हुँदाहुँदै पनि उसले समाजका पुरुषहरूको गिद्धेदृष्टि खप्नु परेको छ । उदाहरण :

"यो उसकी दिदीभन्दम कम हुने छैन ।" (पृ.७८)

अस्मितामाथि गरिएको यो व्यवहार कारण आर्थिक असमानताको पनि हो । ऊ आर्थिक रूपले कमजोर भएकाले नै उसमाथि विभिन्न आरोपहरू आएको हो । अस्मिता आफ्नै दाजुको हातबाट बेचिएर यौनकर्मी बन्न विवश पात्र हो । उसलाई झुक्याएर उसको इच्छाविरुद्ध उसलाई देहव्यापारमा लगाएर उसमाथि यौनदुर्व्यवहार गरिएको छ । हाम्रो समाजमा आज अस्मिता जस्ता हजारौं नारीले आफ्नो आत्मसम्मानलाई मार्न परिरहेको छ । यस उपन्यासका मार्फत नारीलाई भोग गर्ने वस्तुका रूपमा प्रयोग गर्ने परिपाटीको विरोध गरिएको छ । नारीलाई यौनकर्मी बनाउनमा कतै न कतै समाजकै हात छ । समाजले अस्मिताको संरक्षण गर्थ्यो, उसमाथि भएका अन्यायका विरुद्ध लड्न प्रेरित गर्थ्यो भने ऊ यौनकर्मीसम्मको स्थितिमा पुग्न बाध्य हुने थिइन । समाजमा नारीलाई भोग्ने पुरुषको सम्मान घटेको कहिल्यै देखिँदैन । यदि कुनै महिला यौनकर्मी छे भने त्यसलाई भोग गर्ने त पुरुष नै हो तर समाजमा त्यो विवश नारीलाई हेर्ने र त्यो पुरुषलाई हेर्ने दृष्टि फरक देखिन्छ । उदाहरण :

"यहाँ त हजारौं वर्ष अघिदेखि पुरुषहरू खेलिरहेका थिए नि । तिनीहरूलाई मात्र शरीर सुख हुने हो र ? शरीर सुख त हामीलाई पनि त हुन्छ । बदनाम हाम्रो मात्र हुन्छ ?"(पृ.१११)

उपन्यासमा अस्मिताले नारीमाथि हुने यौन असमानतालाई प्रस्तुत गरेकी छे । नारी यौनकर्मी भएकाले जुन अपहेलना र तिरस्कारका दृष्टिले उसलाई हेरिन्छ त्यही तिरस्कारका दृष्टिले उसलाई भोग गर्ने पुरुषलाई पनि त हेरिनुपर्छ भन्ने भनाइ अस्मिताको छ । यसरी तपाईं उपन्यासमा उपन्यासकारले अस्मिता मार्फत नारीमा मात्र लाग्ने एकल यौन आरोपको विरोध गरेका छन् । सदियौंदेखि नारीमाथि यौन आरोप लागेको छ र यो समाजले नारीमाथि कहिल्यै विश्वास गरेको छैन । उदाहरण:

"मेरो भन्दा हजारौं वर्ष पहिलेका युगमा पनि ऊ विभिन्न परिस्थितिमा अस्मिता थिई । उसले कहिले अग्निपरीक्षा दिएकी छे, कहिले सती भएर चिता चढेकी छे, कहिले नगरबधू भएर

सहरभरि नाचेकी छे, दरबारमा अप्सरा भएर, विषकन्या भएर सधैं उसले आफ्नो सपनाको खरानी उडाएकी छे ।" (पृ.११४)

यहाँ नारीले नारी भएकै कारण भोग्नु परेको अपहेलनालाई प्रस्तुत गरी लैङ्गिक असमानताको विरोध गरिएको छ । आज अस्मिताको जुन अवस्था छ त्यो सदियौंदेखि नारीजातिले खेप्नु परेको पीडा हो । सती,  सीता, अप्सरा, विषकन्या जस्ता नारीहरूमाथि जुन अन्याय भएको छ त्यसको कारण लैङ्गिक विभेद नै हो । समाजले लैङ्गिक कारणले नै नारी र पुरुषमा विभेद गर्दछ । सीतासँग अग्निपरीक्षा माग्नु, सती चितामा चढाइनु, नगरबधू र अप्सराहरू नाच्दै जीवन बिताउनु पर्ने अवस्थाको कारण लैङ्गिक विभेद नै हो । इतिहासलाई हेर्ने हो भने न कुनै पुरुषले अग्निपरीक्षा दिनुपरेको छ र न त कुनै पुरुष अप्सरा वा नगरबधू जस्तो नाँच्दै हिँड्नुपरेको छ । यसरी उपन्यासमा यस सन्दर्भको उल्लेख गरेर नारीमाथि हुने लैङ्गिक असमानताको विरोध गरिएको छ ।

उपन्यासको अन्तिमतिर अस्मिता एउटा लडाकुका रूपमा प्रस्तुत भएकी छे । ऊ यौनकर्मीको दलदलबाट निस्केर युद्धको मैदानमा पुगी आफूलाई साहसी नारी प्रमाणित गरेकी छे । उसले देशको राजनैतिक परिवर्तनका लागि युद्धमा लडेर वीरगति प्राप्त गरेकी छे । अस्मिमताले गरेको यस सासिक कार्यले नारी समानताको राम्रो उदाहरण प्रस्तुत गरेको छ । उसको कार्यले नारीहरू दीन, दुःखी, लाचार, केही गर्न नसक्ने, कमजोर भन्ने मानसिकता बोकेको हाम्रो समाजलाई दरो झापड दिएको छ । अस्मिताका मार्पत नारी कमजोर छैन र उसले पुरुष समानका काम गर्न सक्छे भन्ने कुरा प्रस्तुत गरी लेखकले नारी समानताको वकालत गरेका छन् । अस्मिता देशको राजनैतिक परिवर्तनका लागि युद्धमा गएको सन्दर्भले नारी र पुरुषको राजनैतिक समानतालाई प्रस्तुत गरेको छ । कुनै पनि देशको राजैतिक परिवर्तन र क्रान्तिहरूमा जति पुरुषको हात हुन्छ त्यत्ति नै महिलाको पनि हात हुन्छ । जसरी एक हातले ताली बज्दैन त्यसरी नै समाजमा पुरुषले मात्र एक्लै परिवर्तन ल्याउन सक्दैनन् । यहाँ सामाजिक परिवर्तका लागि नारी र पुरुष दुबैको समान सहभागिता आवश्यक हुने कुरा देखाएर नारी र पुरुषको समानताको वकालत गरिएको छ ।

### ४.६ टुँडाल उपन्यासमा नारी स्वतन्त्रता र समानता

**टुँडाल** उपन्यास नारी स्वतन्त्रता र समानताका दृष्टिले सचेत देखिन्छ । काठमाडौँलाई परिवेश बनाइएको यस उपन्यासमा सहरिया नारीहरूको चेतना प्रस्तुत गरिएको छ । उपन्यासमा नारीको व्यक्तिगत, सामाजिक, यौनिक, आर्थिका, सांस्कृतिक जस्ता स्वतन्त्रता र समानतालाई उठाइएको छ ।

सामाजिक मूल्य मान्यताको डरले नारीले आफ्नो मन परेको मान्छेसँग विवाह गर्न डराउनु नपर्ने कुरा सुस्मिताकी आमा र बाबुको प्रेम विवाहबाट नारीको प्रेम र विवाह सम्बन्धी स्वतन्त्रताको वकालत गरिएको छ । सुस्मिताले आफ्नो पति मरिसकेपछि दोस्रो विवाहको निर्णय गरेकी छे । उसको यस निर्णयले नारीको व्यक्तिगत तथा सामाजिक स्वतन्त्रताको वकालत गरेको छ । पति मरेपछि नारीलाई सामाजिक बन्धनले सधैँ रोएर बस्न बाध्य बनाउनुहुँदैन र उसलाई आफ्नो जीवन स्वतन्त्र भएर बिताउने अधिकार छ भन्ने कुरा प्रस्तुत गरिएको छ । पुरुषले पहिलो श्रीमती विवाह गरेपछि उसको दोस्रो विवाहलाई समाजले जुन मान्यता दिन्छ त्यसरी नै नारीले पनि आफ्नो पति मरेपछि दोस्रो विवाह गर्न पाउनु पर्दछ । यस कुरालाई उपन्यासमा प्रस्तुत गरेर लेखकले नारी र पुरुषको सामाजिक समानतालाई उजागर गरेका छन् । उपमाले आफ्नो जीवनका बारेमा लिएको निर्णय व्यक्तिगत स्वतन्त्रताको राम्रो उदाहरूण हो ।

यस उपन्यासका प्रायशः नारी पात्रमा चेतनाको विकास भइसकेको पाइन्छ । यस उपन्यासकी अर्की पात्र सत्या पनि समाजका नियम अनुशासन भन्दा माथि उठेर स्वतन्त्र जीवन विताउन चाहन्छे । पुरुषलाई नियम, कानुन, डर, धक हुँदैन भने नारी मात्र सधैँ डराएर लजाएर बाँच्न हुन्दैन भन्दै उसले नारी स्वतन्त्रता र समानताका लागि विद्रोह गरेकी छे । जब पुरुष स्वतन्त्र भएर घुम्न, डुलन डराउँदैनन् भने नारी मात्र किन स्वतन्त्र भएर हिड्न डराउने ? उपन्यासमा समाजले बनाएका नियम कानुन नारीका लागि मात्र किन छन् र तिनले नारीलाई बन्धनमा राखेको कुराको विरोध सत्याका मार्फत गरिएको छ । उदाहरणः

“म को हु, मैले के हुने भन्ने निर्णय मेरो आफ्नै हुन्छ । मलाई मन परेको केटासँग हात समातेर डुल्न मैले कोसँग किन डराउने ? किन लजाउने ? केटालाई मसँग घुम्न डुल्न लाज लाग्दैन, उसलाई गर्व अनुभव हुन्छ भने मलाई किन हिनताबोध ।”(पृ. ८३)

नारीले आफ्नो बारेमा निर्णय गर्ने अधिकार छ । नारीले म को हुँ मैले आफ्नो जीवनमा के गर्ने भन्ने जस्ता नितान्त व्यीक्तगत निर्णय उसले स्वयम्ले लिन पाउनु पर्छ । जुन समाजमा पुरुषले आफ्नो जीवनका निर्णय स्वतन्त्र भएर लिन पाउँछ त्यस समाजमा नारीले पनि स्वतन्त्र निर्णय लिन पाउनुपर्छ भन्दै यहाँ व्यक्तिगत र सामाजिक स्वतन्त्रता अनि समानताका लागि आवाज उठाइएको छ । उपन्यासमा सत्याको यौन सम्बन्धी स्वच्छन्द विचारका माध्यमबाट नारीको यौन स्वतन्त्रताको पनि वकालत गरिएको छ । हाम्रो समाजले नारीलाई यौनशिक्षा नदिएको कारण नारीले यौनआरोप खप्नु परेको हो । समाजले छोरीलाई मात्र एकल यौनआरोप लगाएकोले उसले यौन दुराचार सहनु परेको हो । जब नारीले यस्ता यौन आरोपको विरोध गर्छे तब उसलाई कहिल्यै अपमानित हुनु पर्दैन । यौनमर्यादा केवल नारीका लागि मात्र हुन्छ, के पुरुषका लागि हुँदैन भन्ने प्रश्न यहाँ उठाइएको छ । उदाहरणः

“कान्छीपत्नी पट्टिका सन्तानका अघि, के बाबु जेठीपत्नी पट्टिका छोराछोरीबाट विरत् रहेको हुन्छ र ? हाम्रो सामाजिक मान्यताले स्त्रीमा मात्र यौन मर्यादा थोपरेका कारण यस्तो भएको हो ।” (पृ. १५९)

प्रस्तुत वाक्हरूका माध्यमबाट नारी र पुरुषमा भएको यौन सम्बन्धी असमान विचारको विरोध गरिएको छ । यहाँ स्त्रीको पनि यौन स्वतन्त्रता हुनुपर्छ र स्त्रीलाई मात्र यौनमर्यादा थोपर्ने सामाजिक परिपाटीको विरोध गरी समानताको खाँचो देखाइएको छ । हाम्रो समाजको धार्मिक मूल्यमान्यता पनि नारीलाई मात्र तल्लो स्तरमा राखेको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । उदाहरण :

“तैंले देखेकै छ नि मन्दिरका टुँडालतिर स्त्रीको योनीलाई कति घिनलाग्दो पाराले प्रस्तुत गरेको छ तर पुरुषको लिङ्‌गको भने सदादिन पूजा हुन्छ । शिवलिङ्गदेखि उन्मत भैरवसम्मका लिङ्‌गहरूमा टाउको राखेर हाम्रा आमाहरू नै ढोग्छन् तर कति पुरुषले ती लिङ्‌गको पूजा गर्छन्? पशुपतिमा राता सारी र छड्‌के तिलहरी लगाएर नाच्ने प्रतिस्पर्धाको दर्शक मात्र हुन्छन् पुरुषहरू त । संस्कृति र परम्पराको नाममा हामीले नै जोगाएका यस्ता सन्दर्भहरू आफ्नै खुट्टालाई अल्झाउने लहराहरू मात्र हुन् ।(पृ. १६०)

यी माथिका वाक्यहरूमा धार्मिक क्षेत्रमा पनि एउटै मन्दिरमा टुँडालमा केरिएका नारी मूर्तिहरूलाई नारी पुरुष कसैले पनि कुनै वास्ता गर्दैनन् र समाजले ती टुँडालका

नारीलाई यौनिकताका नजरबाट मात्र हेर्दछ । तर त्यहीँ टुँडाल तल भएको मन्दिरभित्र स्थापना गरिएका पुरुषको मूर्तिहरूमा भने तिनै नर–नारी सबैले अपार आस्थाका साथ पूजा गर्ने परिपाटी समाजमा रहेको छ । पुरुष लिङ्गलाई नारीले पूजा गर्ने परिपाटी पनि हाम्रो समाजमा छ । यस किसिमको धार्मिक असमानताप्रति उपन्यासकारले दरो प्रहारगरेका छन् । त्यस्तै श्रीमान् मरेकी श्रीमती र श्रीमती मरेको पुरुषमा हाम्रो संस्कृतिले असमान व्यवहार गरेको कुरा यहाँ चित्रण गरिएको छ ।उदाहरणः

"लोग्ने मरेका तरुनी आइमाईलाई जसले पनि हेप्छन् । अलक्षिनी भन्छन्, पोइ टोक्ने भन्छन । कतिपय पूजाआजामा, वर्तहरूमा अपशकुन ठान्छन् ।"(पृ. ३८)

श्रीमती मरेका श्रीमान्ले एक दुई महिनामै सामाजिक संस्कार अनुसार विवाह गर्न पाउने तर श्रीमतीले  आफ्नो शृङ्गार समेत त्यागी जीवनभर तड्पेर बस्नुपर्ने सांस्कृतिक असमानताको विरोध यहाँ गरिएको छ । श्रीमती मरेको श्रीमान् अलक्षिनो नहुने तर श्रीमान् मरेकी श्रीमती अलच्छिनी र अपशकुनी मानिने चलन वा धारणा हाम्रो असमान सांस्कृतिक मान्यताका रूपमा रहेको हुँदा यहाँ त्यसको विरोध गरिएको छ ।

उपन्यासमा उमा मार्फत नारीको मातृत्व सम्बन्धी अधिकार र आफ्नो शरीरमाथि आफ्नै अधिकार हुने व्यक्तिगत स्वतन्त्रतालाई प्रस्तुत गरिएको छ । उपन्यासमा नारीले आफ्नो शरीरमाथिको हकदाबी गर्न आँट देखाउनुपर्छ, सन्तान जन्माउने निर्णय स्वतन्त्र हुनुपर्छ, आमाले आफ्नो नाममा सन्तानलाई परिचित गराउने आँट गर्नु पर्छ जस्ता नारी सवतन्त्रता र समानताको चेतना प्रस्तुत गरिएको छ । यस उपन्यासमा उमा स्वतन्त्र रूपमा बाँच्न चाहने महिलाका रूपमा रहेकी छे । उसले लाछी र जिम्मेवारीबाट भाग्न चाहने मान्छेसँग जीवन बिताउन नचाहने र अविवाहित भए पनि आफ्नो बच्चा जन्माउने र हुर्काउने अठोट गरेकी छे ।उदाहरणः

"के म यो बच्चा जन्माउन, पाल्न,हुर्काउन सक्दिन र ? यो बच्चाको लागि बाबु उभिनै पर्छ र ?"(पृ.११५)

उमाको प्रेमीले उसलाई गर्भवती तुल्याएर जिम्मेवारीबाट भागे पनि उसले आफ्नो मातृत्व सम्बन्धी स्वतन्त्र निर्णय गरेकी छे । उसको प्रेमीले र साथीहरूले बच्चा एबोर्सन गर्न

भने पनि उसले आफ्नो बच्चा जन्माउने निर्णय गरेर आफ्नो मातृत्व सम्बन्धी स्वतन्त्र अधिकारलाई अभिव्यक्त गरेकी छे । सन्तान कहिले कसरी जन्माउने भन्ने निर्णय गर्ने अधिकार महिलाको स्वतन्त्र अधिकार हो । उसले लाछी र जिम्मेवारीबाट भाग्न चाहने मान्छेसँग जीवन बिताउन नचाहने र अविवाहित भए पनि आफ्नो बच्चा जन्माएर हुर्काउने अठोट गरेकी छे । यस सन्दर्भले नारीको शरीर अनि उसको जीवनमा उसकै स्वतन्त्र अधिकार छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । समाजले विनाबाबुको बच्चा जन्माउने आमालाई नराम्रो दृष्टिले हेर्छ । आज पनि हाम्रो समाजले नारीलाई मातृत्व सम्बन्धी निर्णयको स्वतन्त्रता दिएको छैन । उमाले गरेको प्रेम स्वतन्त्रता र मातृत्व स्वतन्त्रताको निर्णय नारीवादी दृष्टिले उच्च छ । त्यसैले उपन्यासमा उमाले आफ्नो अस्तित्वको लागि सङ्घर्ष गरेको देखाएर नारी स्वतन्त्रताको लागि आवाज उठाइएको छ ।

**टुँडाल** उपन्यासमा उपन्यासकारले उमा मार्फत नारीमुखी आर्थिक सबलीकरणका कुरा पनि उठाएका छन् । यहाँ नारीहरूले समाजमा दुःख पाउनुको र हेपिनुको मूल कारण नारी शिक्षाको अभाव अनि आर्थिक स्थिति हो भन्ने कुरा प्रस्ट पार्न खोजेका छन् । घर गाउँमै हिड्ँदा पनि कतिपय महिलाहरू असुरक्षित भएको उदाहहरण पाइएको अवस्थामा अरब, इज्रायल गएका कतिपय महिलाहरू घरायसी रूपमै यौनदासी बन्न बाध्य भएका हुन्छन् । पहिला अपहेलित भएका नारीले त्यसरी पैसा कमाएर ल्याउँदा हाम्रो समाजले फूलमाला लिएर स्वागत गर्न तयार हुनुले नारी शोषणको मुख्य कारण आर्थिक उपार्जन र त्यसको स्वामित्त्व वा आधिपत्य हो भन्ने कुरा देखाएर उपन्यासकारले यहाँ आर्थिक समानतालाई जोड दिएका छन् ।

यस उपन्यासकी केन्द्रीय पात्र सुस्मिताका जीवनमा आएका आरोह अवरोहबाट पनि यहाँ नारी स्वतन्त्रता र समानता प्रस्तुत गरिएको छ । सुस्मिता प्रेम स्वतन्त्रता, यौन स्वतन्त्रता, सामाजिक स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रतालाई प्रस्तुत गर्ने पात्र हो । उसले बाल्यकालदेखि मन पराएको रविन दादासँग प्रेम स्वतन्त्र भएर गरी नारीको प्रेम स्वतन्त्रतालाई प्रस्तुत गरेकी छे । नारीवादले यौन स्वतन्त्रता र समानताको पक्षमा पनि सशक्त आवाज उठाएको हुन्छ । प्रस्तुत उपन्यासमा पनि नारीको यौन स्वतन्त्रता सम्बन्धी कुरा उठाइएको छ । उपन्यासमा सुस्मिताले शर्माजीसँग आफ्नो खुसीले राखेको यौन सम्बन्धलाई नारीको यौन स्वतन्त्रताको रूपमा लिन सकिन्छ । उसले आफ्नो शरीरमा आफ्नै

हक हुने भएकाले आफ्नै खुसी र आफ्नै सन्तुष्टिका लागि शर्माजीसँग सम्बन्ध राखेकी छे । समाजले नारीलाई यौन स्वतन्त्रता दिएको हुँदैन र यस कुराको विरोध यहाँ सुस्मिता मार्फत गरिएको छ । समाजले नारीलाई मात्र यौन आरोप सधैं लगाउने र त्यो आरोप सधैं किन सहने भन्ने कुरा यहाँ उठाइएको छ । जब पशुपतिमा सुस्मिताहरूलाई केटाहरूले मैयाँ टुँडाल हेर्ने होइन भन्दा सुस्मिताले गरेको प्रहारलाई यहाँ नारीप्रति पुरुषले राख्ने यौन सम्बन्धी निकृष्ट दृष्टिको विरोधका रूपमा प्रस्तुत गरिएको छ । जब नारी डर, लाज र धकलाई फालेर यौन दुर्व्यवहारको विरोध गर्छे तब ऊ विजयी हुन्छे र उसले यौन दुराचार सहनु पर्दैन भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । सुस्मिताले भाइको सहारामा नबसेर स्वतन्त्र भई एक्लै बस्ने निर्णय गरेकी छे र आफ्नो व्यक्तिगत स्वतन्त्रतालाई महत्त्व दिएकी छे । उदाहरणः

"आफूलाई पाल्न चलाउन सक्ने हैसियत बनिसकेकी मैले एक्लै पनि अब उभिन सक्नुपर्छ ।" (पृ.१४६)

सुस्मिताले उपन्यासको अन्त्यतिर आउँदा परिवार बनाउने सपनालाई पनि त्यागिसकेकी छे । उसले आफ्नो जीवन स्वतन्त्र र स्वच्छन्द जिउने निर्णय गरेकी छे । ऊ स्वतन्त्र भएर जीवनमा नयाँ उत्साह, उल्लास र उमङ्ग भर्न चाहन्छे । उदाहरणः

"अब मैले पुग्नु छ त्यो थुम्कोमा जहाँ मलाई पर्खिबसेको छ आफ्नै आकाङ्क्षाले आफ्नै उचाइले ।"(पृ. २००)

सुस्मिता एक शिक्षित र सक्षम नारी हो । उसले उपन्यासको अन्त्यमा आफ्नो जीवन स्वतन्त्र र स्वच्छन्द भएर बाँच्ने निर्णय गरेकी छे । यसरी उसले नारी स्वतन्त्र भएर बाँच्न पाउने अधिकारको वकालत गरेकी छे । नारीले परिवार बनाउनै पर्छ, बिहे गर्नैपर्छ, नारी एक्लै बस्न सक्दिन भन्ने सामाजिक मान्यतालाई चुनौती दिँदै आफ्नो स्वतन्त्र जीवनका पक्षमा निर्णय गरेकी छे । यसरी यस उपन्यासले अब नारी पुरुषको अन्याय, अत्याचार सहेर बस्न सक्दिन, नारी आफ्नै स्वतन्त्रतामा बाँच्न सक्छे भन्ने कुरालाई देखाएको छ । यस उपन्यासले नारी र पुरुषका बिच भएको असमानताको खाडल मेटाई समानताको स्थापना गर्न नारी स्वयम् जागरुक हुनुपर्छ भन्ने सन्देश दिन खोजेको छ ।

परिच्छेद : पाँच

# कृष्ण धरावासीका उपन्यासमा नारी शोषण र उत्पीडनको स्वरूप

## ५.१ परिचय

नारीवादले गम्भीर रूपमा उठाएका विविध पक्ष मध्ये नारी उत्पीडन पनि एक प्रमुख पक्ष हो । मानवको इच्छा विपरीत शारीरिक तथा मानसिक आघात पुग्ने गरी गरिएका हिंसालाई शोषण उत्पीडन भनिन्छ । नारीवादका सन्दर्भमा कुनै पनि नारीलाई जाति, वर्ग, धर्म, लिङ्ग, विचार वा मान्यताका आधारमा दिइने शारीरिक तथा मानसिक यातनालाई शोषण उत्पीडनका रूपमा लिइन्छ (निरौला, २०७२ : ४१) ।

यो संसारमा पुरुषको जति महत्त्व छ नारीको पनि त्यत्ति नै महत्त्व छ । नारी विना मानव सृष्टि असम्भव छ । आदिकालदेखि सम्पूर्ण मानवजातिलाई आफ्नो प्रेम, वात्सल्य र ममताले छोपेर यहाँसम्मको अवस्थामा ल्याउने नारी मातृत्वको गुणले ओतप्रोत छे । सम्पूर्ण मानव सभ्यताकै सृष्टिकर्ता ममतामयी नारीलाई पितृसत्ताले अन्याका रूपमा हेरेको पाइन्छ । त्यही मातृत्व क्षमताका कारण उसको गरिमा पनि कायम छ तर पितृसत्तामा मात्तिएको पुरुष यसलाई बेवास्ता गर्छ र यिनै कुराका माध्यमले महिलालाई छिछि र दुरदुर गर्छ ( त्रिपाठी, २०७० : ३०८) ।

नारी र पुरुषमा हुने केही शारीरिक भिन्नता बाहेक नारी पनि पुरुष सरह बौद्धिक, तार्किक क्षमताले भरिपूर्ण छे । यति शक्तिशाली, क्षमताशील र महिमामयी हुँदाहुँदै पनि पितृसत्तात्मक सामाजिक संरचनाका कारण समाजका जुनसुकै क्षेत्रमा पनि पुरुष वर्गकै हालीमुहाली, हैकम, शोषण र उत्पीडन रहेको छ भने नारीहरू सदियौँदेखि पुरुषको थिचोमिचो सहेर शोषित उत्पीडित जीवन विताउन विवश छन् (निरौला, २०७२: ४१) । हाम्रो समाजमा नारी घरभित्र र बाहिर जताततै असुरक्षित र उत्पीडित भएर बाँच्नु पर्ने स्थिति रहेको छ ।

पितृसत्तात्मक व्यवस्थाले आफूलाई केन्द्रमा राखी आफ्नै स्वार्थ अनुसारको नियम

कानुन बनाई नारीलाई पाखा लगाएको छ । पुरुषले आफू अनुकूल सामाजिक व्यवस्था बनाएर आफू पहिलो दर्जा र नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा परिभाषित गरिदिएको छ । यसरी नारीवादले नारीलाई उपेक्षा गर्ने, नारीमाथि नियन्त्रण गर्ने पितृसत्तात्मक हेपाहा सँस्कृतिका कारण नारीहरूले आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनीतिक, लैङ्गिक, वर्गीय लगायतका अनेकौँ उत्पीडनको सिकार हुनु परेको बताउँदै नारी मुक्तिको पक्षमा वकालत गर्दछ । (निरौला, २०७२: ४२) । यसैक्रममा धरावासीका उपन्यास लैङ्गिक उत्पीडन र वर्गीय उत्पीडनका दृष्टिले अध्ययनीय रहेका छन् । लैङ्गिक उत्पीडन अन्तर्गत नारीले नारी भएकै कारण बेहोर्नु पर्ने उत्पीडनलाई जनाउँदछ । नारीवादका आधारमा एउटी निम्न वर्गीय नारीले उच्च वर्गबाट भोग्नु परेको शोषण उत्पीडनलाई वर्गीय उत्पीडनका रूपमा लिन सकिन्छ । त्यसैगरी एउटै वर्गाको नारी पुरुषमा पनि वर्गीय उत्पीडन हुन सक्छ । समान वर्गको पुरुषले आफू शक्तिशाली र केन्द्रमा भएका कारण नारी माथि शोषण गर्छ भने पनि त्यसलाई वर्गीय उत्पीडनमा राख्न सकिन्छ । यसरी यस परिच्छेदमा धरावासीका उपन्यासलाई नारीमाथि हुने विभिन्न उत्पीडन मध्ये वर्गीय र लैङ्गिक उत्पीडनहरूका आधारमा अध्ययन गरिएको छ ।

## ५.२ शरणार्थी उपन्यामा नारी शोषण र उत्पीडनको चित्रण

**शरणार्थी** उपन्यासलाई नारी उत्पीडनका आधारमा पनि अध्ययन गर्न सकिन्छ । यस उपन्यासमा समग्र रूपमा नभएर भिन्नभिन्न सन्दर्भमा नारी उत्पीडनको चित्रण भएको पाइन्छ । उपन्यासमा सुशीला नारी उत्पीडन भोग्न बाध्य नारी पात्र हो । उसको पति पदमले सधैं जाँडरक्सी खाएर घर आउँछ । रक्सी खाएर मातेको बेलामा उसले सुशीलासँग पैसा माग्ने र नदिएको निहुँमा निर्मम पिटाइ गर्दछ । आफू दिनभरि जुवातास र जाँडमा भुल्ने पदमले घरव्यवहारमा श्रीमतीलाई केही सहयोग गरेको देखिँदैन । उसले आफ्नो जिम्मेवारी पनि पूरा गरेको छैन र दुई जिउकी श्रीमतीलाई निर्मम तरिकाले कुट्दछ । पदमले यसरी स्वास्नी कुटपिट गर्नुलाई घरेलु हिंसा भनिन्छ र यसको घोर विरोध नारीवादले गर्दछ । पदम केही नगर्ने निकम्मा र श्रीमतीमै आश्रित भएपनि श्रीमतीलाई नै कुटपिट गर्नु उसको पुरुषवादी अहङ्कार हो । उसले आफू पति अर्थात् पुरुष भएकैले नारीलाई हेपेर श्रीमतीमाथि अत्याचार गरिरहेको छ । के नारी भएकैले श्रीमतीले श्रीमान्को अत्याचार सहनुपर्ने हो भन्ने प्रश्न यहाँ उठेको छ । यसरी पतिको अत्याचार सहन नसकी सुशीला पछि घर छोडेर भाग्न

विवश भएकी छे । त्यसैगरी यस उपन्यासको पुरुषपात्र सुयोगवीर एउटा नारीउत्पीडक पात्र हो । सुयोगवीरले विभिन्न किसिमका नारीहरूलाई बलात्कार गर्दै हिँडेको छ । उदाहरण:

"सुयोगवीरले त्यसलाई चुल्ठामा समातेर ओठमा मुक्का बजार्‍यो । केटीका सुकुमारी ओठबाट रगत बग्न थाल्यो र पनि त्यसले हार मानिन । सुबेदारले बन्दुकको बटले टाउकोमा हिर्काएर बेहोस पार्‍यो ।"(पृ . ६७)

माथि प्रस्तुत वाक्यहरूबाट सुयोगवीरको क्रूर पौरुषवादी चरित्र स्पष्ट हुन्छ । उसले नारीलाई केवल खेलौना, भोग्या र यौनतृप्तिको साधनका रूपमा मात्र लिएको छ । उसले त्यो आदिवासी छिन केटीमाथि बर्बरतापूर्वक यौन दुराचार गर्नुले उसको घिनलाग्दो प्रवृत्तिलाई स्पष्ट पार्दछ । त्यो छिन केटीले लाख प्रयास गर्दा पनि सुयोगवीरको चङ्गुलबाट बच्न सकेकी छैन । यसरी उपन्यासमा यस सानो सन्दर्भबाट लेखकले यौनपिपासु पुरुषहरूले नारीमाथि गर्ने यौन दुराचारलाई देखाएर हाम्रो समाजमा नारीले पुरुषद्वारा भोग्नुपरेको लैङ्गिक उत्पीडनलाई प्रस्तुत गरेका छन् । त्यसैगरी जयमायाको परिवार बाटो हिँडिरहेका बेला एउटी बलात्कृत भएर पीडाले छट्पटाइरहेकी बीस, बाइसकी युवतीलाई भेट्टाएका छन् । आफ्ना बाबुआमाभन्दापनि बढ्ता विश्वास गरेर युवकसँग आएकी ती युवतीलाई उसकै साथीले विश्वासघात गरी सामूहिक बलात्कार गरेर छोडिदिएका छन् । आफ्नै घरबाट लखेटिएर शरणार्थी बनी हिँडेका बेला पनि आफ्नै साथीलाई बलात्कार गर्ने पुरुषमन कति हीन हुन्छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । यस उपन्यासको अर्को पुरुषपात्र चन्द्रप्रकाश पनि यौनपिपासु नारीउत्पीडक हो । चन्द्रप्रकाश सामन्ती संस्कार भएको पुरुष हो र ऊ नारीलाई केवल भोग गर्ने वस्तुका रूपमा मात्र हेर्दछ । चन्द्रप्रकाशले पुतली, रत्ना, कान्ता जस्ता नारीहरूलाई आफ्नो उत्पीडनको सिकार बनाएको छ । त्यसैगरी पुलिसहरूको बर्बता र यौन अत्याचार देखाएर उपन्यासमा पुरुषको यौनआवेगका शिकार हुन पुगेका उत्पीडित नारीहरूको अवस्था पनि प्रस्तुत गरिएको छ । यसरी यस उपन्यासमा नारीहरूले लैङ्गिक उत्पीडन खप्नुपरेको छ । यहाँ नारीहरूले नारी भएकै कारण पुरुषको चिथोमिचो सहन बाध्य भएका छन् । उपन्यासमा प्रस्तुत पुरुषपात्रहरूले नारीलाई केवल भोग र वासनाको तृप्तिका दृष्टिले मात्र हेरेका छन् र नारीहरूमाथि आफ्नौ पौरुष अहम्ले यौन दुराचार गरी लैङ्गिक उत्पीडन गरेका छन् । यस उपन्यासका नारीपात्रहरूले वर्गीय उत्पीडनभन्दा लैङ्गिक उत्पीडन नै बढी सहनुपरेको छ ।

## ५.३ आधाबाटो उपन्यासमा नारी शोषण र उत्पीडन

धरावासीको **आधाबाटो** उपन्यासमा एउटी आमाको सङ्घर्षशील जीवनलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा नारीलाई प्रमुख पात्र बनाएर लेखिएको कठिन र सङ्घर्षपूर्ण परिस्थितिमा आमाले गरेका साहसपूर्ण काम र आफ्ना सन्तानप्रति गरेको अगाध स्नेहलाई व्यक्त गरिएको छ । यस उपन्यासमा नारी उत्पीडनको स्वरूप भगी र आता जस्ता पात्रका मार्फतबाट  चित्रण गरिएको छ ।

खसीकट्टा कार्कीकी छोरी भगी अबलेस्री र सुस्तमनस्थितिकी जस्ती थिई । चोकचोकमा माग्दै खाँदै गर्ने भगीमाथि विभिन्न कामुक पुरुषहरूले गरेको दुर्व्यवहार र यौनशोषण भगीमाथि भएको लैङ्गिक उत्पीडन हो । उपन्यासमा  भगीको उत्पीडनका मार्फत नेपाली समाजमा पुरुषले नारी शरीरमाथि गर्ने गरेको अन्यायपूर्ण एवम् अमानवीय कार्यलाई प्रस्तुत गरिएको छ । त्यस्ती सुस्तमनस्थितिकी भगीलाई बारम्बार गर्भवती बनाउने स्वार्थी पुरुषहरूले एउटी अबोध नारीलाई यौनले भरिएको मासुको डल्लो मात्र देख्दछन् । समाजमा भगीहरू जस्ता नारीले पुरुषको यौनदुराचार सहँदै आउनुपरेको छ । पुरुषले नारीलाई केवल यौनका दृष्टिले मात्र हेर्ने यथार्थ यहाँ प्रस्तुत गरिएको छ । पुरुषहरूको प्रताडना र शोषण भोग्न विवश भगीको अत्यन्त दयनीय अवस्थाको चित्रण गरी यस उपन्यासले नेपाली समाजमा नारीले भोग्नुपर्ने लैङ्गिक उत्पीडनको राम्रो नमुना पेस गरेको छ । भगीमाथि भएको यौनशोषण लैङ्गिक उत्पीडन पनि हो । ऊ गरीब असहायकी छोरी भएकीले पनि पुरुषहरूले भगीमाथि यौनशोषण गरेका हुन् । हाम्रो समाज र राष्ट्रले भगी जस्ता निम्न स्तरका नारीहरूको पीडालाई बेवास्ता गरेको पाइन्छ । आज भगी जस्ता नारीहरू विभिन्न शोषणको शिकार भइरहेका छन् तर त्यता कसैको पनि ध्यान गएको हुँदैन । भगी जस्तागरीब असहाय नारीहरू मानव भएर मानवजस्तो गरी बाँच्न पाएका छैनन् र उनीहरूलाई पशुसरह व्यवहार गरिएको हुन्छ । समाजको यस्तै घिनलाग्दो सत्यलाई यस उपन्यासले उजागर गरेको छ ।

त्यसैगरी आताको पतिले उसलाई विवाह गरेर दुईचार महिना भोग गरेर गर्भवती बनाई एक्लै दुःख बोक्नलाई छोडिदिएको छ । आताको पतिले उसलाई मनलाग्दाबेर भोग गरेर त्यसरी अलपत्र छोड्नु उसमाथि भएको लैङ्गिक उत्पीडन हो । आताको पतिले आफू पुरुष भएकाले नारीलाई मूल्यहीन ठान्दै त्यसै अलपत्र छोडिदिएको छ । यसरी नारीको मूल्य

नै नभएजस्तो गरी आताको पतिले उसलाई हेपेर अलपत्र छोडिदिनु लैङ्गिक उत्पीडनको नमुना हो । आताले लैङ्गिक उत्पीडनका साथै वर्गीय उत्पीडन पनि सहनुपरेको छ । आता गरिब र विवाहपछि कामी भइसकेकीले उसले जातीय छुवाछुतलाई पनि बेहार्नुपरेको छ र उसले छोएको पानी पनि उच्च वर्गले स्वीकार नगर्दा उसलाई काम गरी खान पनि गाह्रो परेको छ । साहुको होटेलमा भाँडा माझ्ने आताले आफ्नो परिश्रमको सही मूल्य पनि पाएको देखिँदैन । उच्च वर्गले उसको परिश्रमको उचित मूल्य नदिनाले ऊ भोकभोकै बस्नुपर्ने स्थितिको चित्रण यहाँ गरिएको छ । यसरी आताले पितृसत्ता र उच्च वर्ग दुबैको उत्पीडन सहनुपरेको छ, उसले नारी भएकाले लैङ्गिक उत्पीडन सहनुपरेको छ भने गरिब भएकाले वर्गीय उत्पीडन सहनुपरेको छ ।

यसरी नारीउत्पीडनका दृष्टिले हेर्दा सानो सन्दर्भमा आएका भगी र आताको उत्पीडनको चित्रणबाहेक अरु कुनै किसिमको उत्पीडन यहाँ प्रस्तुत भएको छैन । **आधाबाटो** उपन्यासमा निम्नस्तरका महिलाहरूको चित्रण भएपनि उनीहरूले माथिल्लो वर्गबाट भोग्नुपरेको उत्पीडनको चित्रण यहाँ गरिएको छैन । यसरी नारीउत्पीडनका दृष्टिले हेर्दा धरावासीको **आधाबाटो** कमजोर देखिन्छ ।

## ५.४ राधा उपन्यासमा नारी शोषण र उत्पीडनको स्वरूप

**राधा** उपन्यासका नारी पात्रहरूको अवस्था हेर्दा उनीहरू वर्गीय भन्दा लैङ्गिक रूपमा उत्पीडित छन् । यस उपन्यासमा चित्रित प्रायस नारीपात्रहरू घरानीया खान्दानका वा माध्यमस्तरका छन् र उनीहरूले वर्गीय उत्पीडन सहनु परेको देखिदैन । यस उपन्यासका पुरुषपात्रहरूले नारीमाथि लैङ्गिक उत्पीडन गरेको अवस्था छ । उपन्यासमा एकनंशा, द्रोपदी, कुन्ति, रुक्मिणी, यशोदा, देवकी आदि नारीपात्रहरू लैङ्गिक उत्पीडनका सिकार भएका छन् ।

नन्दबाबा र वसुदेवले कृष्णलाई बचाउन एकनंशाको बलि चढाएका छन् । एकनंशा छोरी भएकाले उसलाई कृष्णको मृत्युसँग साटिएको छ । कृष्ण छोरो भएकाले भविष्यमा उसले बौद्धिक, तार्किक र बलवान काम गर्न सक्छे भन्ने विश्वास छ तर एकनंशा छोरीले पनि बहादुरीको काम गर्न सक्छे भन्ने विश्वास छैन । यहाँ एकनंशालाई कृष्णसँग साटेर कंस जस्तो क्रुरको हातमा राखिदिनुलाई एकनंशाप्रति भएको लैङ्गिक उत्पीडनका रूपमा लिन

सकिन्छ । एकनंशाको विवाह उसको इच्छा विपरित बुढो दुर्वासासँग गरिदिनु पनि उसमाथि भएको लैङ्गिक उत्पीडन हो । कृष्ण चाही छोरो भएकाले उसले राम्रा राम्रा युवतीहरूलाई छानेर विवाह गरेको छ भने एकनंशा छोरी भएकै कारण बुढो दुर्वासासँग विवाह गर्न विवश बनाइएकी छे । उदाहरण :

"मेरो विवाहका लागि मलाई कुनै राय लिइएन । मेरो अघि मभन्दा कैयौं वर्ष ज्येष्ठ पुरुष लामोलामो दाह्री हातले मुसार्दै दुलाहा बनेर उभिएको थियो । सारा समाजको अघि मैले त्यसलाई माला लगाइदीएँ । मलाई कसैले सोधेन, प्रश्न गरेन ।"(पृ. २२१)

हाम्रो समाजमा आज हजारौं छोरीहरूले एकनंशाले जस्तै आफ्नो विवाहको आफै निर्णय गर्न पाएका छैनन् । यहाँ एकनंशाकै विवाहमा उसकै महत्त्व छैन र उसको इच्छा विपरित एउटा बुढोसँग विवाह गराइएको छ । पितृसत्ताले नारीलाई यतिसम्म हीन र अपहेलित बनाएको छ की उसले आफ्नो जीवनको विवाह जस्तो कुरामा पनि निर्णय लिन पाएकी छैन । यहाँ एकनंशाले नारी भएकै कारण मूल्यहीन बन्नु परेको अवश्था चित्रित छ र यसले उसको लैङ्गिक उत्पीडनलाई प्रस्तुत गरेको छ ।

देवकी र यशोदा पनि लैङ्गिक उत्पीडनको शिकार भएका पात्र हुन् । नन्दबाबा र वसुदेवले उनीहरूलाई थाहै नदिई उनीहरूका छोराछोरी साटिदिएका छन् । पितृसत्तात्मक मानसिकता भएका नन्दबाबा र वसुदेवले आफुले जन्मदिएका सन्तानका बारेमा आमाले पनि निर्णय गर्न पाउनु पर्छ भन्ने कुरालाई आवश्यक ठानेका छैनन । आमाबाट उसको सन्तान टाढा गरिदिएर उनीहरूले यशोदा र देवकीको मातृत्व अधिकार समेत खोसिदिएका छन् । यशोदा देवकीले सहनु परेको उत्पिडन मानसिक उत्पिडन हो र उनीहरूले नारी भएकै कारण यो सहनु परेको छ । यशोदा माथि लगाईएको चरित्रहिनको आरोपले उनलाई जुन मानसिक आघात पुगेको छ । त्यसलाई पनि उनीप्रति भएको मानसिक उत्पीडनका रूपमा लिन सकिन्छ । यशोदामाथि परेको मानसिक चोटलाई तल प्रस्तुत वाक्यहरूले स्पष्ट पार्दछन् ।

"कंशद्वारा वध नगरिएकी त्यो पुत्रीलाई म आफ्नै अर्को फाँचो पान गराएरै हुर्काउन पनि त सक्थैं । हे शङ्कालु, अविश्वासी, दम्भ पुरुष ! तिमीले मेरो सारा जीवनलाई निरर्थक र पत्रु बनाइदियौं । मलाई कहीको हुन दिएनौं ।"(पृ.८१)

यस उपन्यासमा आएका कुन्ती र द्रोपदी पनि लैङ्गिक उत्पिडन  सहन विवश दिएका छन् ।

“राधा ! हामी नारीहरू पुरुषको इज्जत र प्रतिष्ठाका लागि नै सारा जीवन यस्ता कष्टहरूका साथ बिताउँछौं । मैले त्यो बालकलाई त्याग्नु परेको मेरो लागि थिएन, मेरो पिताको इज्जतका निम्ति थियो ।”(पृ.२३४)

जहाँ पनि पुरुषले नारीलाई आफ्नै इच्छा र स्वार्थका लागि प्रयोग गरेको छ । कुन्तीका पिताले आफ्नो स्वार्थका लागि उसको सन्तान खोसिदिएका छन् र उसका पतिले पनि कुन्तीलाई उपयोगी वस्तु जस्तै नै बनाएका छन् । जुन समाजले स्त्रीले परपुरुषसँग सम्बन्ध राख्नु पाप हो भन्छ त्यही समाजका पुरुषले आफ्नो स्वार्थका लागि नारीलाई परपुरुषसँग सम्बन्ध राख्न बाध्य बनाउँछन् । नारीलाई सधैं दोस्रो दर्जाको नागरिक बनाउने पुरुषले नारीलाई आफ्नो उपयोगको साधन बनाउने यथार्थ यहाँ प्रस्तुत भएको छ । कुन्ती नारी भएकै कारण कहिले पिताका लागि त कहिले पतिका लागि बलि चढाइएकी छे र उसले भोग्नु परेको यो पीडा लैङ्गिक उत्पीडन हो । पुरुषको यही स्वार्थी भावनाको सिकार द्रोपदी पनि भएकी छ ।

“यत्रायत्रा जवान पाँच पाँच युवककी साझा पत्नी कसरी हुनु ? मलाई जितेर लिएर आउने अर्जुन मेरो पति हुनु स्वाभाविक छ तर तिनका दाजु भाइ सबै कसरी पति मानुँ ? के म बारीको काँक्रा फर्सी हुँ ?”(पृ.२३०)

द्रोपदीलाई पाँच पाँच पतिको पत्नी उसका इच्छा बेगर नै बनाइएको छ । उसलाई नारी वा मानव प्राणी  जस्तो नभएर काँक्रा फर्सी जस्तो पाँच जनाले बाँडिचुडी खाने गरी आफ्नो पत्नी बनाएर राखेका छन् । यहाँ नारीलाई अत्यन्त हीन वस्तुका रूपमा व्यवहार गरिएको  छ । द्रोपदी माथि पुरुषले मात्र नभएर कुन्तीले पनि अन्याय गरेकी छे । आफू स्वयम पितृसत्ताबाट प्रताडित नारी भए पनि युद्ध जित्नका लागि एउटी नारीको वलि चढाएकी छे ।

यहाँ द्रोपदीको अपमान भएको छ र उसमाथि मानवीय व्यवहार भएको छैन । ऊ नारी भएकोले पाँच पुरुषमा बाँडिएकी छे । यसरी द्रोपदीले सहेको पीडा लैङ्गिकउत्पीडन

अन्तर्गत पर्दछ । यसरी यस उपन्यासका नारी पात्रहरूको उत्पीडनको अवस्थाको अध्ययन गर्दा यहाँ नारीहरूले वर्गीय उत्पीडन खप्नु नपरेपनि लैङ्गिक उत्पीडनबाट भने प्रताडीत भएका छन् ।

## ५.५ तपाईं उपन्यासमा नारी शोषण र उत्पीडनको स्वरूप

कृष्ण धरावासीको नारीवादी उपन्यास **तपाईं**मा नारी शोषण र उत्पीडनको चित्रण भएको छ । यस उपन्यासका प्राय सबै नारीपात्रहरू पुरुषद्वारा शोषित र अपहेलित भएको स्थिति छ । उपन्यासमा अस्मिता, अस्मिताकी दिदी र आमा, रतिया, कालीकी आमा, माया, भगी जस्ता नारीपात्रहरू पुरुष उत्पीडकबाट उत्पीडन खप्न बाध्य भएका छन् ।

उपन्यासमा अस्मिता एउटी जुझारु, सङ्घर्षशील नारी हुँदाहुँदै पनि उसले लैङ्गिक र वर्गीय दुबै उत्पीडन खप्नुपरेको छ । ऊ नारी भएकाले लैङ्गिक उत्पीडन खप्नुपरेको छ भने गरिब भएकाले वर्गीय उत्पीडन खप्नुपरेको छ । समाजका यौनपिपासु पुरुषहरूले सधैं उसमाथि गिद्धेनजर राखेका छन् । सामन्ती संस्कार भएको घनेन्द्रबाबू जस्ता पुरुषहरूले उसलाई पदार्थका रूपमा उपयोग र भोग गर्न हरसम्भव प्रयास गरेका छन् । ऊ गरिब भएकै कारण समाजले उसलाई हेपेर अनेकथरी आरोप लगाएको छ । उदाहरण :

“के समाजले भिराउने बदनामीको भारी गरिबले मात्र डँडेलामा बोकेर हिँड्नुपर्छ ?”(पृ.८०)

अस्मितामाथि समाजका खराब पुरुषहरूले लैङ्गिक उत्पीडन गरेका छन् भने यस समाजको सामन्ती संस्कारले उसमाथि वर्गीय उत्पीडन गरेको छ । बाबुआमा कोही नभएकी अस्मितालाई समाजले अभिभावक बनेर संरक्षण दिनुपर्थ्यो तर समाजले नै उसलाई अनेक आरोप लगाएको छ । त्यो समाजमा उसलाई आडभरोसा दिने, सम्मान दिने, संरक्षण दिने कोही छैन किनकि ऊ गरिब र असहाय नारी हो । ऊ गरिब भएकाले उसलाई पुरुषहरू पाकेको खाइहाल्न पर्ने फलका रूपमा मात्र हेर्दछन् । सामन्ती संस्कार भएको घनेन्द्रबाबूले आफ्नी छोरीजस्ती उमेरकी भएपनि उसलाई केवल यौनपिपासु नजरले मात्र हेरेको छ । समाजका खराब पुरुषहरूले सधैं उसलाई यौनका दृष्टिले मात्र हेरेका छन् । उदाहरण :

“हिजोआज घरबाट पाखा निस्कन छोडेकी छु । हुलका हुल केटाहरू सडकमा ओहोरदोहोर गरिरहन्छन् । मलाई थाहा छ, उनीहरू किन त्यसो गर्छन् । म राम्री छु, तरुणी

छु, मन पराइँदी छु त्यसैले होइन । बरु म गरिबछु निराश्रयी छु र उनीहरूले सुनेअनुसार जोसँग पनि सुत्न तयार छु ।" (पृ.८२)

यहाँ अस्मिताको स्थिति अत्यन्त दयनीय छ । उसलाई सधैं विभिन्न खालका यौनपिपासु पुरुषहरूको गिद्धेनजर सहनुपरेको छ । ऊ गरिब र असहाय भएकाले पुरुषहरूले उसलाई भोग गर्ने पदार्थका रूपमा मात्र हेरेका छन् । आफ्नै गाउँठाउँमा एउटी नारी घरबाट निस्कन पनि नसक्ने अवस्थामा पुग्नु उसको सानो पीडा होइन । अस्मिता त्यही समाजमा जन्मी हुर्की र ठूली भई तर अब ऊ त्यही समाजमा सुरक्षित छैन । उसले आफ्नै समाजमा लैङ्गिक र वर्गीय दुबै उत्पीडन सहनुपरेको छ । नारीहरू यौनजन्य वस्तु हुन् भन्ने पुरुष मानसिकताका कारण आफ्नै समाजमा नारीहरूले यौन उत्पीडनको शिकार हुनुपरेको हो । नारीलाई यौन परिपूर्तिको साधनका रूपमा मात्र हेर्ने पुरुषहरूले यौनका लागि नारीलाई दुःख दिने, आँखा तर्ने, पिछा गर्ने जस्ता हिंसा गर्दछन् । यसले गर्दा नारीहरू आफ्नै घर, बाटो, समाजमा असुरक्षित महशुस गरी डराईडराई बाँच्न विवश छन् । यसरी उपन्यासमा अस्मिताका मार्फत हाम्रो समाजमा नारीले भोग्नुपरेको उत्पीडनको चित्रण गरिएको छ । अस्मिताको दाजु नुरेले बोलाउँदा ठूलो आडभरोसा पाएजस्तो गरी दाजुलाई विश्वास गरी ऊ सहर गएकी छे र आफ्नै दाजुको हातबाट बेचिन पुगेकी छे । आफ्नै दाजुको विश्वासघातका कारण अस्मिताले यौनकर्मीको रूपमा आफ्नो जीवन बिताउन परेको छ । पितृसत्तात्मक सामाजिक संरचनाका कारण समाजमा पुरुष प्रभुत्व स्थापित भएको हुनाले नारीहरू उत्पीडन खप्न बाध्य छन् । यस उपन्यासमा पनि अस्मिताले पितृसत्ताको प्रतिनिधि आफ्नै दाजु नुरेबाट बेचिएर काठमाडौंमा यौनकर्मी बन्नुपरेको छ । ऊ स्वेच्छाले यौनकर्मी बनेकी नारी नभएर उत्पीडक पुरुषको षड्यन्त्रका कारण उत्पीडन सहन बाध्य भएकी नारी हो । ऊ नारी भएकै कारण समाजका यौनपिपासु पुरुषहरूको यौनसन्तुष्टिको साधन बन्नुपरेको छ । हाम्रो समाजका गरीब अनि असहाय नारीहरू आज अभिभावकविहीन, समाजविहीन र राष्ट्रविहीन भएर बस्नुपरेको यथार्थ यहाँ प्रस्तुत छ । अस्मिताले यहाँ गरीब र नारी हुनुको दोहोरो मूल्य चुकाउनुपरेको छ । सामन्ती संस्कार भएका घनेन्द्रबाबु जस्ता माथिल्लो वर्गका पुरुषले अस्मिता जस्ता तल्लो वर्गका नारीलाई दिने दुःख नारीले भोग्नुपरेको वर्गीय उत्पीडन हो । त्यसैगरी अस्मिता आफ्नै समाज र दाजुबाट असुरक्षित भएर बेचिन पुग्नु उसले पितृसत्ताबाट भोग्नुपरेको लैङ्गिक उत्पीडन हो ।

त्यसैगरी अर्की नारीपात्र अस्मिताकी दिदी गरिब भएकाले सामन्ती घनेन्द्रबाबुले उसको गरीबीको फाइदा उठाएर उसमाथि यौनशोषण गरेको छ । आफ्नी छोरी भन्नलायक केटीलाई उसले विभिन्न प्रपञ्चको जालोमा पारी आफ्नी रखेलका रूपमा घरमा राखेको छ । ऊ गरिब नारी भएकैले घनेन्द्रबाबुजस्तो यौनपिपासूको उत्पीडनको शिकार हुन बाध्य भएकी छे । अस्मिताकी दिदी गर्भवती भएपछि आफ्नो बोक्रे इज्जत बचाउन आफ्नो नोकर बरमदेवसँग उसको विवाह गराइदिएको छ । बरमदेवले पनि अस्मिताकी दिदीलाई छोडेपछि उसले आफ्नी रखेलका रूपमा अस्मिताकी दिदीलाई घरमा राखेको छ । घनेन्द्रबाबुकी रखेलका रूपमा बसिसकेपछि घनेन्द्रबाबुका परिवारका सदस्यले दिएको शारीरिक र मानसिक यातना भोग्न ऊ विवश छे । यहाँ अस्मिताले नारी भएकाले लैङ्गिक उत्पीडन भोगेकी छे भने गरिब भएकाले वर्गीय उत्पीडन भोगेकी छे ।

यस उपन्यासकी अर्की पात्र माया पनि लैङ्गिक उत्पीडन भोग्न विवश पात्र हो । दुईवटी छोरीकी आमा मायालाई उसको लोग्नेले अपहेलना गरी घरबाट निकालिदिएको छ र अर्कै केटीसँग विवाह गरेको छ । मायाले आफ्नो अधिकारका लागि समाजमा हारगुहार गर्दा पनि उसको साथ कसैले दिएको छैन बरु उसैलाई लाञ्छना लगाउन समाज पछि परेको छैन । पितृसत्तात्मक समाजमा पुरुषले नारीलाई एउटा वस्तुजस्तो मात्र व्यवहार गर्दछन् र आफूलाई मन लागे अनेक आरोप लगाई घरनिकाला नै गरिदिन्छन् । उदाहरण :

“तँ जस्ती घटिया घरानाकी आइमाईसँग मेरो जीवन चल्दैन । म आफ्नो जीवनलाई सुनको फ्रेममा सजाएर राख्न चाहन्छु । उनले अर्की कुलीन घरानाकी पत्नी भित्रयाए ।” (पृ. ६६)

माथि प्रस्तुत वाक्यहरूले के स्पष्ट पार्छ भने पुरुषले नारीलाई कहिल्यै आफ्नो जीवनसाथीका रूपमा हेर्दैनन् । उसले त नारीलाई केवल वस्तु ठान्दछ र काम पर्दा भाँडो नत्र ठाँडो बनाउँछ । मायाको माइतीको आर्थिक अवस्था खस्कँदा उसको पतिले यसरी घरबाटै निकालिदिनु नारी उत्पीडनको पराकाष्ठा हो ।

त्यसैगरी उपन्यासको कुनैकुनै परिच्छेदमा मात्र आएका रतिया, कालीकी आमा र भगी जस्ता पात्र पनि नारीउत्पीडन सहन बाध्य नारीपात्रहरू हुन् । समिमले आफूसँग जबरजस्ती विवाह गर्न खोज्दा उसलाई कुटेर विद्रोह गरेकी रतियाले आखिरमा आफ्नो बुढो श्रीमान्बाट उत्पीडित भएर मर्नु परेको छ । उदाहरण :

“बुढाका काखभरि वर्षेनीका बालबच्चा छोडेर यसपालिको पाँचौं बच्चा पाउन नसकी त्यही आलुप्याजकै थुप्रोनेर ऊ मरी । अस्पताल लैजान सबैले जोड गर्दा पनि लोग्नेले मानेन ।”(पृ.८८)

रतिया प्रसव पीडामा छट्पटाउँदा पनि उसको पतिले कुनै वास्ता गरेको छैन । रतियाको पतिले उसलाई केवल आफ्ना लागि वर्षेनी छोराछोरी पाइदिने मेसिनमात्र ठानेको छ । आजपनि बच्चा जन्माउन नसकेर हाम्रो समाजका हजारौं महिलाहरू अस्पतालको मुखै नदेखी मर्ने गर्दछन् । नारीका लागि मातृत्वको गुण महान् कुरा भएपनि पितृसत्ताले नारीलाई बच्चा जन्माउने साधन मात्र सम्झनाले त्यही कुरा उसका लागि श्राप पनि बनेको छ । यहाँ रतियाको लोग्नेले उसलाई अस्पताल लगेको भए ऊ बाँच्थी होली तर उसले कुकुरबिरालो जस्तो आलुप्याजको थुप्रोनेर मर्नुपरेको छ । रतिया नारी भएकै कारण प्रसवपीडा सहन नसकी मरेकी छे । रतियाले भोग्नुपरेको यो पीडा नितान्त लैङ्गिक उत्पीडनअन्तर्गत पर्दछ । कालीकी आमा मानसिक रूपले बिक्षिप्त नारीपात्र हो । कालीकी आमालाई विभिन्न पुरुषहरूले ललाईफखाई उसको पागलपनको फाइदा उठाएर उसको यौनशोषण गरेका छन् । उदाहरण:

“ऊ भन्दै थिई घ्यू दिन्छु, चामल पठाइदिन्छु, लुगाफाटा हालीदिउँला, चुप लागेर बस्नू, कसैलाई नभन्नू भनेर गए । राति आएका थिए, अनुहार पनि चिनिनँ । होला ता नि त्यत्तिका आफ्ना मान्छे भइसकेपछि कसरी ढाँट्लान् भनें तर के पठाउँथे ?”(पृ.४१)

यसरी कालीकी पागल आमामाथि पुरुषहरूले गरेको यौनशोषणले हाम्रो समाजको नाङ्गो चरित्रचित्रण गरेको छ । यहाँ पागल, रोगी, कमजोर जस्तै निरीह नारीलाई पनि नछोड्ने यौनपिपासु पुरुषहरूको चित्रण गरिएको छ । राष्ट्र र समाजले यस्ता वर्गका महिलाहरूमाथि हुने शोषण र उत्पीडनलाई कुनै वास्ता नदिएको पाइन्छ । यसरी कालीकी आमाले पितृसत्तात्मक दम्भ भएका पुरुषहरूबाट लैङ्गिक उत्पीडन खपिरहनुपरेको छ । कालीकी आमाले नारी र निमुखा वर्ग दुबै भएकाले शोषण सहनुपरेकाले यहाँ लैङ्गिक र वर्गीय दुबै उत्पीडनको चित्रण भएको छ भन्न सकिन्छ । यसरी धरावासीको **तपाईं** उपन्यासमा नारीशोषण र उत्पीडनको सफल चित्रण गरिएको छ ।

## ५.६ टुँडाल उपन्यासमा नारी शोषण र उत्पीडनको स्वरूप

नारी शोषण र उत्पीडनका दृष्टिले टुँडाल उपन्यासलाई यहाँ गौण रूपमा मात्र उत्पीडनको पक्ष प्रस्तुत भएको छ । टुँडालमा प्रस्तुत भएका प्रायजसो नारीपात्रहरू मध्यम वर्गीय रहेका छन् । यस उपन्यासका नारीपात्रहरू सहरिया, शिक्षित र चेतनशील रहेका छन् । धरावासीको टुँडाललाई नारी उत्पीडनको स्वरूपका आधारमा अध्ययन गर्दा यहाँ अजी र सुस्मिता दुई नारी पात्रले लैङ्गिक उत्पीडनलाई सहनुपरेको छ । उमेर पुगिसकेकी अजिले आफ्नो विगतमा लैङ्गिक उत्पीडन खप्नुपरेको हुन्छ । उसको पति मरेको हुनाले उसले समाजका खराब पुरुषको गिद्धेनजर खप्नुपरेको हुन्छ । समाजमा मात्तिएका पुरुषहरूले उसमाथि हातपात गर्न खोजेका छन् । एउटी नारीलाई एक्लै पारेर शारीरिक शोषण गर्न चाहेका छन् । अजिले लैङ्गिक उत्पीडन सहनुपरे पनि कुनै प्रकारको वर्गीय उत्पीडन भने खप्नुपरेको छैन । त्यसै गरी यस उपन्यासकी केन्द्रीय पात्र  सुस्मिता पनि लैङ्गिक उत्पीडन भोग्नुपरेकी पात्र हो । सुस्मिता पशुपति घुम्न जाँदा उसलाई मात्तिएका केटाहरूले मैया हेर्ने होइन टुँडाल (१७७ ) भनेर जिस्काएर उसमाथि लैङ्गिक उत्पीडन गरेका छन् । ती केटाहरूले सुस्मिता माथि गरेको व्यवहार पितृसत्तात्मक सोच भएका पुरुषहरूले नारीमाथि राख्ने हेपाहा संस्कृतिको उदाहरण हो ।त्यसैगरी सुस्मितामाथि रविन दादा र प्रबिणले गरेको व्यवहार पनि पितृसत्तात्मक हेपाहा संस्कृतिको उपज हो । रविन दादा र प्रवीण दुबैले सुस्मितालाई प्रेम र विवाहको आश्वासन दिएर पछि विनाकारण छोडिदिएका छन् ।

“म झन्झन् होची, सानी, जामा लगाएर आँगनमा फुत्रुकफुत्रुक उफ्रने बच्चीजस्ती पो अनुभव गर्न थालेँ आफूलाई मैले बुझेँ रविन दादाले मलाई मनमा राखेकै थिएनन्, कित निकालेरफालिसकेकाछन् ।(पृ.६९)

सुस्मिताको भावना र उसलाई मूल्यहीन सम्झेका कारण आफू नेता भइसकेपछि रविन दादाले उसको वास्ता गरेको छैन । सुस्मिता त्यस बखत आफूलाई साह्रै अपहेलित र कमजोर महसुस गर्दछे । रविन दादाले गरेको व्यवहारले लामो समयसम्म उसलाई मानसिक पीडा दिएको छ । यसरी सुस्मितामाथि रविनदादा र प्रवीणले गरेको व्यवहारले सुस्मितालाई मानसिक यातना खप्नुपरेकोले उसमाथि लैङ्गिक उत्पीडन भएको छ भन्न सकिन्छ ।

## परिच्छेद : छ

# कृष्ण धरावासीका उपन्यासमा नारी पहिचान

### ६.१ परिचय

पहिचान भन्नाले कुनै चिजलाई चिनाउने भन्ने अर्थ बुझिन्छ । कुनै पनि व्यक्तिले जुन कुराले चिनाउने वा परिचय दिने काम गर्दछ त्यो नै उसको पहिचान हो । हरेक व्यक्तिको परिचय धार्मिक, जातीय, लैङ्गिक, भाषिक, राष्ट्रिय र संस्थागत लगायतका अन्य धेरै परिप्रेक्ष्यहरूबाट साथसाथै निर्देशित हुन्छ (उप्रेती, २०६९:२७८) । पहिचान व्यक्तिको वैयक्तिकता र स्वसँग गाँसिएको हुन्छ । प्रत्येक व्यक्ति समुदायको आ- आफ्नै विशेषता हुन्छ र त्यही विशेषताका आधारमा नै उसको पहिचान बन्ने गर्दछ । पहिचान व्यक्ति, समुदायको स्वबोध र आफ्नोपन हो, जो आफ्नै अलग इतिहास, धर्म, संस्कृति, भाषा भूगोल आदिका माध्यमबाट निर्मित हुन्छ (गिरी, २०६९ : २८) । मानिसको पहिचान उसको व्यक्तिगत मात्र नभएर उसँग जोडिएको राजनीतिक र सांस्कृतिक पक्षसँग पनि गाँसिएको हुन्छ । नारीवादका सन्दर्भमा हेर्दा पहिचान भन्नाले नारीको परिचय भन्ने बुझिन्छ । सामाजिक, आर्थिक, राजनीतिक आदि क्षेत्रमा नारीको परिचय के कस्तो छ भनेर खोज्नु नै नारी पहिचानको खोजी हो । त्यसैगरी साहित्यका सन्दर्भमा हेर्दा साहित्यिक कृतिहरूमा नारीलाई के कसरी चिनाइएको छ भन्ने कुराको खोज नै नारी पहिचानको अध्ययन अन्तर्गत पर्दछ । यसरी नारीलाई शिक्षित, अशिक्षित, सङ्घर्षशील सङ्घर्षहीन, आत्मनिर्भर, परनिर्भर, साहसी, लाछी, सचेत, असचेत आदि कुन रूपमा चिनाइएको छ र नारीको सामाजिक, शैक्षिक, लैङ्गिक, जातीय, आर्थिक अवस्थाको अध्ययन गर्नु नै नारी पहिचानको अध्ययन हो (निरौला, २०७२: ४४) । यस परिच्छेदमा धरावासीका उपन्यासमा नारीलाई के कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको अध्ययन पहिचानका दृष्टिले गरिएको छ ।

### ६.२ शरणार्थी उपन्यासमा नारी पहिचान

कृष्ण धरावासीको **शरणार्थी** उपन्यास नारी पहिचानका दृष्टिले पनि अध्ययनीय उपन्यास हो । यस उपन्यासमा विभिन्न प्रकारका नारीपात्रहरू प्रस्तुत गरिएको छ । शरणार्थीका जीवन कथालाई आख्यनका रूपमा प्रस्तुत गरिएको यस उपन्यासमा जयमाय,

बर्था, नोयो, धर्मे भुजेलकी श्रीमती, सुशीला, हरी खनालकी श्रीमती आदि नारीपात्रहरू प्रस्तुत गरिएको छ ।

यस उपन्यासमा प्रस्तुत भएका जयमाया र बर्था राजनीति र पितृसत्ताले बनाइएका शरणार्थीहरू हुन् । जयमाया बर्माबाट शरणार्थीका रूपमा लखेटिएका सुबेदार शिवजित राई र सुबेदारनीकी छोरी हो । जातिगत हिसाबले हेर्दा जयमाया राई परिवारकी छोरी हो । राजनीतिक हिसाबले हेर्दा जयमाया राजनैतिक कारणले शरणार्थीका रूपमा कहिले कता कहिले कता भट्किनु परेकी पात्र हो । शैक्षिक हिसाबले हेर्दा जयमाया शिक्षित नारी हो । ऊ मानसिक रूपले विक्षिप्त भएर हिँडेका बेला गुवाहटीका समाजसेवीको सहयोगमा उपचार गरी त्यहीँको नेपाली मन्दिरमा शिक्षिका भएर काम गरेकी छे । उदाहरण :

“सन् १९३२ मा गुवाहटी सहरको बीचमा स्थापना भएको नेपाली मन्दिर नेपाली जतिहरूको एकताको प्रतीकको रूपमा स्थापित भएको रहेछ । मलाई त्यहीँ राखेर नेपाली विद्यार्थीहरूलाई पढाउने काम लगाइयो” । (पृ.९१)

माथि प्रस्तुत वाक्यहरूबाट जयमायाको शैक्षिक अवस्था र थाहा हुन्छ । ऊ पढेलेखेकी भएर नै शिक्षिकाका रूपमा काम गरेकी छे । यसबाट उसको आत्मनिर्भरता पनि स्पष्ट हुन्छ । पेशागत हिसाबले हेर्दा जयमाया यहाँ शिक्षिकाका रूपमा प्रस्तुत भएकी छे । आवश्यकता पर्दा बाटो खन्ने मजदुरको पनि काम गरेकी जयमाया जुझारु व्यक्तित्व भएकी नारी हो । जयमाया यहाँ आँटिली हिम्मतेली नारीका रूपमा प्रस्तुत भएकी छे । शिक्षिकाको जागिर छोडेर आफ्नो बाबू भेटिन्छन् की भनेर खोज्न हिँड्ने जयमायाको हिम्मत आँट प्रसंसा योग्य रहेको छ । जयमायाले बर्थाको मृत्युपछि उसको परिवार र बालबच्चालाई आमा बनेर उसले जुन संरक्षण प्रदान गरेकी छे त्यबाट ऊ ममतामयी बात्सल्यले युक्त नारीका रूपमा आफ्नो पहिचान बनाउन सफल देखिन्छे । कहिले बर्मा कहिले भुटानबाट शरणार्थीका रूपमा लखेटिएकी जयमाया जीनवको अन्तिमअन्तिम समयमा पनि आफ्नो राष्ट्रिय पहिचान पाउन नसकेकी नारी हो ।

उपन्यासमा जयमायाकी साथीका रूपमा प्रस्तुत भएकी बर्था खड्का बूढाकी छोरी हो । बर्था पनि शरणार्थीका रूपमा भड्किन विवश पात्र हो । जातिगत हिसाबले हेर्दा बर्था बर्माबाट शरणार्थीका रूपमा हिडेका बूढा परिवारकी छोरी हो । शैक्षिक दृष्टिले हेर्दा बर्था

शिक्षित र चेतनशील नारी हो । ऊ शिक्षित भएकाले नै उसले भुटानमा पनि शिक्षिकाका रूपमा काम गरि आत्मनिर्भर भएर बाँचेकी छे । जयबहादुर र चन्द्रप्रकाश दुबैलाई प्रेम गर्ने बर्थाले जयबहादुरले छोडेर गएपछि चन्द्रप्रकाशसँग विवाह गरेकी छे, यसबाट के थाहा हुन्छ भने बर्था एउटा परिवर्तनशील नारी हो । त्यसैगरी यस उपन्यासमा नोयो तिब्बती युवती हो । राजनीतिक कारणले आफ्नै देशबाट लखेटिएकी नोयो एउटा विवश पात्र हो । उपन्यासमा नोयो सङ्घर्षशील नारीका रूपमा प्रस्तुत भएकी छे । उपन्यासमा नोयो ममातममयी नारीका रूपमा प्रस्तुत भएकी छे । उदाहरण :

मैले भनैं हेर सोनाम , तिमी जेसुकै गर, भन, तर यो बच्चा त सरकारलाई दिँदै दिन्नँ । बरु मर्नुपरे मर्छु, तर म मेरो बच्चा सरकारलाई दिन्नँ । (पृ.९८)

माथि प्रस्तुत वाक्यहरूबाट नोयोको मातृत्व चेतनालाई बुझ्न सकिन्छ । नोयो आफ्नो सन्तानका लागि विद्रोह गर्न र मर्न पनि तयार छे । उसका प्रस्तुत भनाईबाट नारी जातिको गरिमा प्रस्तुत भएकोले ऊ सम्पूर्ण ममतामयी नारीहरूको प्रतिनिधि पात्र हो । नोयो आफ्नो पतिलाई खोज्न मजदुरको काम गर्दै हिँडिराखेकी छे यसबाट उसको सङ्घर्षशील र जुझारु व्यक्तित्व यहाँ प्रस्तुत भएको छ । त्यसैगरी उपन्यासमा प्रस्तुत धर्मे भुजेलकी पत्नी शैक्षिक हिसाबले कुनै शिक्षा नलिएकी भए पनि चेतनशील नारीका रूपमा प्रस्तुत भएकी छे । उसले नारी समानताको वकालत गरी आफूलाई विरोधी र चेद नारी हो । त्यसैगरी सुशीला र हरी खनालकी श्रीमती यहाँ विद्रोही नारीहरूका रूपमा प्रस्तुत भएका छन् । सुशीलाले आफूमाथि अत्याचार गर्ने पतिलाई छोडी पितृसत्ताप्रति विद्रोह देखाएकी छे । त्यसैगरी हरीकी श्रीमतीले आफ्नो यौन स्वतन्त्रताका लागि हरीलाई छोडी स्वतन्त्रताका लागि नारी विद्रोह प्रस्तुत गरेकी छे । यसरी यस उपन्यासमा प्रस्तुत नारीहरू चेतनशील, शिक्षित, ममतामयी, विद्रोही, आत्मनिर्भर र जुझारुका रूपमा चिनाइएका छन् ।

## ६.३ आधाबाटो उपन्यासमा नारी पहिचान

आत्मसंस्मरणात्मक शैलीमा लेखिएको **आधाबाटो** उपन्यासमा एउटी आमाको सङ्घर्षशील जीवनको कथा पाउन सकिन्छ । शैलीको आधारमा भन्दा वर्णनात्मक र मूलतः आत्मकथात्मक उपन्यास आधाबाटो मा इतिहास पनि छ, राजनीति, साहित्य र मान्छेको जीवन प्रस्तुत छ (सुब्बा, २०५९: आधाबाटो भूमिका) । यसरी विश्लेषकहरूले आत्मकथात्मक

उपन्यासको संज्ञा दिएको यस उपन्यासमा एउटी आमाको जीवन र उसको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । जीवनका हरेक दुःख, कष्टमा आमाले आफ्नो बच्चालाई गर्ने मायाममता यहाँ प्रस्तुत गरिएको छ । नारी पहिचानका दृष्टिले यस उपन्यासको अध्ययन गर्दा यस उपन्यासकी केन्द्रीय नारीपात्र आमा हुन् भने भगी, कालीकी आमा, सीताजी, आता, बजै आदि जस्ता सहायक नारीपात्रहरू हुन् ।

प्रस्तुत उपन्यासमा आमा म पात्रकी आमाका रूपमा प्रस्तुत भएकी छिन् । मातृत्व चेतनाको ज्वलन्त उदाहरणका रूपमा यहाँ आमालाई प्रस्तुत गरिएको छ । आमा पहाडमा घर भएकी र आफन्तका अपहेलना सहन नसकी सपरिवार तराई झरेकी नारी हुन् । वर्गीय दृष्टिले हेर्दा निम्न वर्गकी आमा सङ्घर्षशील र जुझारु नारीका रूपमा उपन्यासमा चित्रित छिन् । आफ्नो पतिलाई आर्थिक सङ्कट पर्दा आफ्नो जिउज्यानले सहयोग गरी परिवार चलाउने आमा नारीको आर्थिक उत्पादनका पक्षमा उभ्याइएकी नारी हुन् । उनले सानो चुरसुर्तीको व्यापारको थालनी गरेर सम्पूर्ण परिवारलाई खानलाउन दिन सकेकी छिन् । नारीलाई सधैं दीनहीन, केही गर्न नसक्ने सोच्ने समाजमा उनले आफ्नो परिवार चलाएर त्यस मान्यतालाई चुनौती दिएकी छिन् । वर्गीय दृष्टिले हेर्दा आमा निम्न वर्गको प्रतिनिधित्व गर्ने नारी पात्र हुन् । उनको आर्थिक अवस्था बिहान खाए बेलुका के खाने बेलुका खाए बिहान के खाने जस्तो सङ्कटग्रस्त अवस्थामा छ । आफू निम्न वर्गको भएपनि हिम्मत नहारी जुझारु भएर नआत्तेर निडर भई सङ्घर्षसँग लड्ने आमा सङ्घर्षशील र जुझारु प्रवृत्ति भएकी नारी पात्र हुन् । आफ्नो सन्तानको लालनपालन र राम्रो भविष्यका लागि सधैं प्रयासरत रहने आमा मातृत्वले भरिपूर्ण चरित्र पनि हुन् । यस उपन्यासमा आमाले सन्तानका लागि गरेका सङ्घर्षहरूले सम्पूर्ण नारी जातिको शिर उचा पार्ने हुनाले आमा यहाँ आदर्श ममतामयी आमाका रूपमा चित्रित छिन् । जस्तोसुकै सङ्कटमा पनि हार नमानी अगाडि बढ्ने आमा यहाँ हिम्मतिली नारीका रूपमा चित्रित छिन् । सम्पत्ति, पति, पुत्र, घर सबै गुमाउनुपर्दापनि आमा कतै पनि हतास भएर जीवनबाट हारेको देखिँदैन । आमाले यहाँ जीवनका पीडालाई नै सङ्घर्ष गर्ने प्रेरणाको स्रोत बनाएको देखिन्छ । उदाहरण :

"आमा अघि कतिबेला त्यहाँ पुगेर भिजेका लुगाहरू सुकाइरहनु भएको थियो । हावाले उडाएका केही थाल बटुकाहरू मकैबारीबाट खोजेर ल्याइसक्नु भएको थियो ।" (पृ. १०६)

माथि प्रस्तुत वाक्यहरूले आमाको हिम्मत र आशावादी चरित्रलाई प्रस्तुत गरेको छ । घरमा आगो लागेपछि बल्लबल्ल बाँसले बनाएको घरपनि हुरीले भताभुङ्ग पार्दा पनि आमाको हिम्मत टुटेको छैन । आमा कत्ति पनि हताश नभई फेरि बिहानै भत्केको घरलाई स्याहार्न तल्लीन भएर लागेकी छिन् । जस्तोसुकै सङ्कटमा पनि संयमित हुने आमाले नारी रुन्चे र कमजोर हुन्छन् भन्ने सामाजिक सोचलाई परास्त गरेकी छिन् । नारीको हृदय कमलो हुन्छ तर उसमा जस्तोसुकै सङ्कटको सामना गर्ने क्षमता पनि हुन्छ भन्ने सन्देश दिने पात्रका रूपमा यहाँ आमा प्रस्तुत भएकी छिन् । आमा नारी र पुरुष समानताको सन्देश दिने पात्र पनि हुन् । उनले सङ्कटका बेला पतिलाई जुन साथ दिएर परिवार पालेकी छिन् त्यसले नारीको शक्तिलाई प्रस्तुत गरेको छ । उदाहरण :

"कमलीकी आमा ! तँ मेरी पनि आमा नै थिइस् । तैंले जीवनभरि मलाई जहाँ-जहाँ डोहोऱ्याइस् म तानिइरहें । म जस्तो अपाङ्ग कमजोर पुरुषलाई तैंले गरेको सेवा महान् धर्म हो ।"(पृ.८९)

माथि प्रस्तुत वाक्यहरू उपन्यासमा आमाका श्रीमान्ले उनलाई भनेका हुन् । उनको श्रीमान्का प्रस्तुत भनाइहरूले पनि आमाको व्यक्तित्वलाई प्रस्तुत गरेको छ । कसरी आमाले आफ्नो अपाङ्ग पति, घर, सन्तानप्रति आफ्नो जिम्मेवारी पूरा गरेकी छिन् भन्ने कुरा यहाँ प्रस्तुत भएको छ । नारीलाई दिने परिभाषालाई बदलेकी छिन् । यहाँ आमा नारी पनि पुरुषको सहयोगी, सहयात्री र पालनकर्ता बन्न सक्छे र आवश्यकता परे जस्तो सङ्कटको पनि सामना गर्न सक्छे भन्ने कुरालाई प्रमाणित गर्ने नारी हुन् । शैक्षिक दृष्टिले हेर्दा आमा अशिक्षित नारी हुन् र औपचारिक शिक्षा हासिल नगरेपनि उनी चेतनाका दृष्टिले चेतनशील नारी हुन् । उनी आफ्नो खुट्टामा उभिएकी र परिवार चलाउन आफै व्यापार गर्ने आत्मनिर्भर नारीका रूपमा यहाँ चित्रित भएकी छिन् ।

उपन्यासमा प्रस्तुत अर्की नारी पात्र आता पितृसत्ताको थिचोमिचो सहन बाध्य नारी हो । वर्गीय दृष्टिले गरिबनिम्न वर्गकी टुहुरी आता अर्काको दयाका भरमा अरुका घरमा बस्ने केटी हो । कुमारबाबूको सिन्फ्रिङको घरमा आश्रय पाएकी आता सुरुवातमा निर्भीक र निडर पात्रका रूपमा प्रस्तुत गराइएकी छे । अर्काको घरमा काम गर्न बसेकी आता शैक्षिक हिसाबले हेर्दा अनपढ केटी हो । आफूले शिक्षाको अवसर नपाएपनि आताले शिक्षाको महत्त्वलाई बुझेकी छे र म पात्रलाई पढ्न प्रेरित गर्दछे । आता अशिक्षित नारी मात्र नभएर

असचेत नारी पनि हो । बजै र कार्कीको प्रेमलाई प्रचार गर्ने अनि उनीहरूको प्रेमलाई नराम्रो मान्ने आतामा नारी स्वतन्त्रताको चेतना पाइँदैन । आताले बजैको प्रेम स्वतन्त्रता र यौन स्वतन्त्रता बुझेकी छैन । उसमा नारी स्वतन्त्रता र समानताको चेतनाको कमी हुनुको कारण उसको अशिक्षा हो । पछि गएर आताले आफूलाई मन परेको मान्छेसँग विवाह गरेर आफ्नो प्रेम र विवाहको स्वतन्त्रताको भने उपयोग गरेकी छे । आफ्नो श्रीमान्‌बाट धोका खाएकी आता उत्पीडित नारी हो । जातिगत हिसाबले हेर्दा आता विवाहअगाडि सतार र विवाहपछि कामी भएकी छे । आता जातीय, वर्गीय र लैङ्गिक तीनै खाले उत्पीडन भोग्ने नारीका रूपमा यहाँ चित्रित छे । उदाहरण :

“मलाई पहिलाभन्दा बेग्लै पाराले मान्छेले हेर्थे । कमिनीका आँखाले हेर्थे । अब त मेरो पानी पनि नचल्ने भएको थियो । बलको काम गर्न सक्दिनथेँ । आफ्नै साथीहरूले पनि जात काढेजस्तो लाग्न थाल्यो ।” (पृ.)

यसरी आता जातिगत भेदभाव सहन विवश नारीका रूपमा यहाँ प्रस्तुत भएकी छे । हाम्रो समाजमा जातिगत छुवाछुत भोग्न विवश नारीहरूको प्रतिनिधि पात्रका रूपमा आता यहाँ प्रस्तुत भएकी छे । उपन्यासमा आता अशिक्षित, असचेत, कमजोर र निम्न वर्गीय नारीका रूपमा चित्रित छे ।

उपन्यासमा प्रस्तुत अर्की नारी पात्र भगी मानसिक अपाङ्गता भएकी नारी हो । वर्गीय हिसाबले हेर्दा भगी निम्नवर्गीय कार्कीकी छोरी हो । बाटोबाटोमा फालेको खाँदै हिँड्ने भगी मानसिक रूपमा अपाङ्ग भएकीले उसमा शिक्षा र चेतना पाउन असम्भव देखिन्छ । भगीमाथि पटकपटक बलात्कार भएको छ । ऊ नारी भएकाले पितृसत्ता र गरिब भएकाले उच्च वर्गाको पीडा सहनुपरेकी विवश नारी हो । विभिन्न दुःख सहेर अन्त्यमा मृत्युको मुखमा पुगेकी भगी उपन्यासमा निरीह नारी हो । भगीमार्फत समाजका भगीजस्ता पीडित नारीहरूको यथार्थ प्रस्तुत गरिएकाले ऊ प्रतिनिधि नारीपात्रका रूपमा पनि उपस्थित भएकी छे ।

उपन्यासमा म पात्रकी श्रीमतीका रूपमा चित्रित सीता सामान्य नारी पात्रका रूपमा प्रस्तुत भएकी छे । घरको कामकाजमा मात्र सीमित भएकी सीता शैक्षिक हिसाबले सामान्य लेखपढ गरेकी पात्र हो । आर्थिक हिसाबले सीता निम्न मध्यम र पछि मध्यम वर्गकी नारी

हो । पेसागत हिसाबले हेर्दा केही पनि नगर्ने सीता आर्थिक रूपमा आफ्नो पतिमा आश्रित देखिन्छे । घरको कामकाजभन्दा अरु कुनै पनि काममा संलग्न नदेखिने सीता आफ्नो पहिचान बनाउन पनि अग्रसर देखिन्न त्यसैले उपन्यासमा ऊ सामान्य नारीका रूपमा चिनाइएकी छे ।

## ६.४ राधा उपन्यासमा प्रस्तुत नारी पहिचान

धरावासीको **राधा** नारी पहिचानका दृष्टिले उल्लेखनीय एवम् विश्लेषणयोग्य उपन्यास हो । यस उपन्यासका नारी पात्रहरूको अध्ययन गर्दा केन्द्रीय पात्र राधा हो भने एकनंशा, सुशीला, यशोदा, कलावती, द्रोपदी, कुन्ती, रुक्मिणी, पिल्लीआदि सहायक नारीपात्रहरू हुन् । पौराणिक विषयवस्तुलाई पुनःनिर्माण गरिएको यस उपन्यासमा पुराणकी राधालाई सचेत, सबल र विद्रोही नारीका रूपमा चित्रण गरिएको छ । मिथकीय पुनर्सिर्जन तथा नारीवादी प्रयोगका रूपमा पनि बहुचर्चित राधा उपन्यासकी प्रमुख पात्र राधाका विचारहरूनेपालीऔपन्यासिकजगत्मै विश्लेषणयोग्य ठहरिएकाछन् (शर्मा, २०६५ :३-४) ।

प्रस्तुत उपन्यासमा राजा वृषभानुकी एक्ली छोरी तथा कृष्णकी प्रेमिकाका रूपमा राधालाई प्रस्तुत गरिएको छ । राधा सचेत, शिक्षित, जुझारु र आत्मसम्मानलाई महत्त्व दिने नारीवादी पात्र हो । वर्गीय दृष्टिले हेर्दा राधा राजाकी छोरी भएकीले ऊ उच्च वर्गकी नारीपात्र हो । चेतनाका दृष्टिले हेर्दा राधा स्वाभिमानी र चेतनशील नारी हो । उपन्यासमा आर्थिक, सामाजिक र राजनीतिक दृष्टिले समेत राधा सशक्त र चेतनशील नारी हो । आफ्ना पिता राजा वृषभानु अशक्त भएपछि पिताको राजनीतिक बोझ तथा मुखियाको जिम्मेवारी राधाले सफलतापूर्वक सम्हालेकी छे । मुखियाको भूमिका निर्वाह गर्दै व्रजवासीलाई आफूतिर तान्न ऊ सफल भएकी छे । सारा व्रजवासीलाई सम्हालेर हिँडेकी राधाले कंसको विरुद्धको युद्धको तयारीका लागि गोप्य रूपले राजाको कोषबाट पैसा निकालेर युद्धमा आर्थिक सहयोग गरेकी छे । कंसजस्तो क्रूर राजाको मथुरा दरबारमा कर बुझाउन गएर उसले आफूलाई साहसी नारीका रूपमा उभ्भाएकी छे । समाजका राजनैतिक, कूटनीतिक ज्ञान लिन चाहने राधाले मथुरा दरबारमा पुगेर कंसलाई आफूसहित सारा व्रज राज्य नै कृष्णको विपक्षमा रहेको विश्वास दिलाउन सफल भएकीले ऊ निडर, निर्भीक र आँटिली नारीका रूपमा प्रस्तुत भएकी छे । ऊ नारी समानता र स्वतन्त्रतालाई उजागर गर्ने सचेत नारीका रूपमा प्रस्तुत भएकी छे । उदाहरण :

“महाराज शासनमा छोरा र छोरीको कुनै भेद छैन । छोरी पनि छोराबराबर साहसी, सचेत र कर्तव्यनिष्ठ छन् । म पनि त्यसकै उदाहरण हुँ ।”(पृ. १०४)

माथि प्रस्तुत राधाका भनाइबाट के स्पष्ट हुन्छ भने राधा समाजमा नारी र पुरुषको समान अवस्था चाहने सचेत नारीवादी पात्र हो । उसले आफ्ना पिता वृषभानुको सारा कामको जिम्मा सफलतापूर्वक पुरा गरेर आफ्ना भनाइहरूलाई पनि पुष्टि गरेकी छे । ऊ छोराले गर्न सक्ने काम छोरीले पनि गर्न सक्छन् भन्ने विश्वास राख्ने र त्यस कुराको चेतना अरुमा पनि फैलाउने चेतनशील नारी हो ।

प्रारम्भमा कृष्णप्रति पूरै समर्पित र अन्धभक्त प्रेमिकाका रूपमा प्रस्तुत राधा कृष्णका धोखाहरूले निरास भएकी छे । निरास भएपनि आफ्नो आत्मसम्मान प्रति भने ऊ पुरै सचेत देखिएकी छे । उदाहरण :

“कृष्णले मलाई बोलाएका छैनन्, नबोलाएको ठाउँमा म जान्नँ । ”(पृ.१२६)

कृष्णकी पागल प्रेमिकाका रूपमा परिचित राधा युद्धपछि कृष्णले उसलाई भेट्न नआएपछि आफ्नो आत्मसम्मानलाई महत्त्व दिएर नबोलाएको ठाउँमा नजाने निर्णय गरेकी छे । कृष्णलाई भेट्न सारा व्रजवासी मथुरा गएपनि उसले नजाने निर्णय गरेर आफ्नो आत्मसम्मानलाई प्रस्तुत गरेकी छे । कृष्णले रुक्मिणी लगायत थुप्रै नारीहरूलाई विवाह गरेर ल्याएपछि राधाको मन परिवर्तन भएको छ र उसले कृष्णलाई यौन पिपासु पुरुषको संज्ञा दिएकी छे । कृष्णको स्वभावले पुरुष जातिबाटै विश्वास हटाइसकेकी राधाले विवाह नगरी आफ्नो जीवन मानवसेवामा लगाउने निर्णय गरी वैष्णवी रूप धारण गरी देश विदेश घुमेकी छे । यहाँनेर पनि राधाले नारी काँतर छैने, ऊ पुरुषकी भोग्या मात्र बन्दैने र स्वतन्त्र रूपमा आफ्नो जीवनको उपयोग गर्न सक्छे भन्ने सन्देश दिएकी छे । तिर्थाटनका क्रममा विशाखा विरामी परेपछि मथुरा पुगेकी राधाले राधा भवनको सुख सयल भन्दा आफ्नो पहिचानलाई महत्त्व दिएकी छे । कृष्णका पातकीय यौनपिपासु प्रवृत्तिको उसले विरोध गरेर फेरी तिर्थाटनलाई नै निरन्तरता दिएकी छे । नारीलाई दासी र भोग्याका रूपमा मात्र हेर्ने पितृसत्ताको विरोध गरेर उसले एउटी विद्रोही नारीका रूपमा आफ्नो पहिचान प्रस्तुत गरेकी छे । ऊ त्यहाँ नारी र पुरुषको समानता चाहने उदारनारीवादी विचारका साथ प्रस्तुत भएकी छे । उदाहरण :

"पुरुष र नारीलाई समान अवसर र हैसियतको बनाउनतिर लाग्नु राम्रो होइन र ?"(पृ.२१८)

माथि प्रस्तुत राधाका भनाईहरूबाट के स्पष्ट हुन्छ भने ऊ नारी र पुरुषको समानता चाहने नारी हो । उसले द्वारिकामा नबस्ने निर्णय गरेर अभिमानी यौन पिपासु कृष्णको सेखी झारेकी छे । नारीलाई सधैं आफ्नै अधिनमा राख्ने र उनीहरूको भोग गर्ने कृष्णलाई पूर्ण रूपमा त्यागेर राधाले पितृसत्ताको विरोध गरेकी छे । उसले आफ्नो जीवन नारीजातिमा हुने अन्यायको विरोध गरी नारीजागरण र चेतनाको प्रचार गरेर विताउने निर्णग गरेकी छे । उसले पुरुषहरूले नारीलाई उपभोग्य पदार्थ र दासिका रूपमा प्रयोग गर्दा पनि चुपचाप सहेर बस्ने नारीहरूलाई विद्रोह गर्ने चेतना फैलाउने काममा आफ्नो जीवन समर्पण गर्ने निर्णय गरेकी छे । यसरी राधा नारी अस्मिता र पहिचानप्रति सचेत नारीका रूपमा देखिएकी छे । उपन्यासकी केन्द्रीय पात्र राधा सचेत, आत्मनिर्भर, विद्रोहिणी, सङ्घर्षशील, सबल र चेतनशील नारीका रूपमा स्थापित भएकी छे ।

**राधा** उपन्यासमा सहायक पात्रका रूपमा आएकी एकनंशा पितृसत्ताको उत्पीडन सहन बाध्य नारी हो । कृष्णको मृत्युसँग साटिएकी एकनंशा कंसको दरबारमा सधैं त्रसित भएर हुर्किएकी नारी हो । एउटा बुढो ऋषिसँग विवाह गर्न बाध्य एकनंशा नारी स्वतन्त्रता र समानता गुमाएकी नारी हो । एकनंशा आफू उत्पीडनमा परेपनि विद्रोही चेतना भएकी नारी हो । राधालाई उसको आत्मसम्मान प्रति सचेत गराउने ऊ नारीवादी चेतना भएकी नारी हो र उसले राधालाई यसरी सम्झाएकी छे । उदाहरण :

"मेरो राय मान्छयौ भने अब तिमी कृषणकी रखैल वा पछिल्ली कान्छी पत्नी किन बन्छयौ ?" (पृ.२२२)

एकनंशा चेतनशील नारी हो र उसले राधालाई सम्झाउने र उसकोमन पूर्णरूपमा परिवर्तन गराउने काम गरेकी छे । एकनंशा पितृसत्ताको थिचोमिचोको विरोध गर्ने विद्रोही नारी हो । उदाहरण :

"हामी छोरीहरू जन्मैदेखि परित्यक्ता । हामीलाई बाँच्न, रोज्न, बढ्न र हुर्कन कहाँ दिएको छ यो सभ्यताले ।" (पृ.२२१)

एकनंशा नारीले भोग्नु परेका पीडा, अपहेलना र असमानतालाई पहिचान गरेकी नारी हो । पितृसत्ताले नारीलाई अन्याका रूपमा व्यवहार गर्ने र नारीलाई बाँच्न, हुर्कन बढ्न नदिएकोमा विरोध जनाउने एकनंशा विद्रोही नारी हो । प्रत्येक पुरुषमा मात्र नभएर वसुदेव र नन्दको अनुहारमा समेत कंसको अनुहार देख्ने एकनंशा नारीवादी पात्रका रूपमा प्रस्तुत भएकी छे । कंस र कृष्ण दुबैको शासन देखेकी एकनंशा नारीको अस्मितामाथि शासक वर्गले गर्ने दुष्चरित्रको पर्दाफास गर्ने नारी हो । यसरी उपन्यासमा पितृसत्ताको थिचोमिचो सहन बाध्य एकनंशालाई नारी अधिकार प्रति सचेत र विद्रोही नारीका रूपमा प्रस्तुत गरिएको छ । सचेत नारी हुँदाहुँदै पनि आफ्ना लागि केही गर्न नसकेकी पात्रका रूपमा एकनंशा उपन्यासमा प्रस्तुत भएकी छे ।

राधाकी अत्यन्त निकटतम मित्र विशाखा राधासँगै तीर्थाटनमा गएकी सहयात्री हो । मध्यम वर्गीय परिवारकी विशाखालाई परम्परा अनुसार बुढो पति खोजेर विवाह गरिदिन खोज्दा विद्रोह गरेर घरबाट निस्कने ऊ विद्रोही नारी हो । गम्भीर प्रकृतिकी कम बोल्ने विशाखा राधालाई महत्त्वपूर्ण सुझाव दिने, नारीलाई पुरुषले जे भने पनि मान्नु हुँदैन भन्ने नारीवादी चेतना भएकी नारी हो । उपन्यासकारले सहायक पात्र विशाखालाई नारीवादी चेतना भएकी नारीका रूपमा प्रस्तुत गरेका छन् ।

कृष्णकी प्रथम पत्नी रुक्मिणी नारीवादी दृष्टिले कमजोर रूपमा प्रस्तुत भएकी नारी हो । कृष्णको सारा नराम्रा प्रवृत्ति थाहा पाउँदा पाउँदै पनि विद्रोह नगरेर उसकै पूजा गरेर बस्ने रुक्मिणी कमजोर नारीवादी मानसिकता भएकी नारी हो । ऊ यहाँ साहसी चेतनशील नारी नभएर लाछी केही गर्न नसक्ने असचेत नारीका रूपमा प्रस्तुत भएकी छे । त्यसैगरी उपन्यासमा देवकी पनि पितृसत्ताको थिचोमिचोलाई सहने र चेतना नभएकी नारीका रूपमा चित्रित छे ।

यशोदा नन्दरायकी श्रीमती कृष्णकी हुर्काउने ममतामयी आमाका रूपमा चित्रित नारी हो । यशोदा कृष्णको जन्मको विषयलाई लिएर गाउँलेहरूले आफूमाथि लगाएका लाञ्छनाहरूको प्रतिवाद नगरी चुपचाप सहने निरीह नारी बनेकी छे । आफ्नी छोरीसँग कृष्ण साटिएको यथार्थ थाहा पाएपछि पितृसत्ताले नारीप्रति गर्ने खेलवाडको विरोध गरी नारीवादको उद्घोष गर्ने नारी हो । उपन्यासको सानो सन्दर्भमा आएकी कुन्ती वसुदेवकी बहिनी, पाण्डुकी श्रीमती तथा पाण्डवकी माताका रूपमा चित्रित छे । ऊ आफ्नो पिताका लागि

मातृत्व खण्डित पार्ने र पतिका लागि परपुरुषसँग संसर्ग गर्न बाध्य नारी हो । उच्च वर्गले आफ्नो  शान र मानको लागि नारीमाथि कस्तो थिचोमिचो गर्छन् भन्ने उदाहरणका रूपमा कुन्ती प्रस्तुत भएकी छे । ऊ नारी स्वतन्त्रता र समानताको चेतना भएपनि आफूमाथि अन्याय पर्दा त्यसको विरोध गर्न नसक्ने लाछी नारीका रूपमा प्रस्तुत भएकी छे । उसले पितृसत्ताको थिचोमिचो प्रति राधासँग गुनासो पोखेपनि द्रोपदीको इच्छा विपरित उसलाई आफ्ना पाँच पुत्रमा बाँड्ने उत्पीडक पात्र पनि हो ।  त्यसैगरी उपन्यासमाम प्रस्तुत द्रोपदी अर्जुनले धनुष निशाना लगाएर विजय प्राप्त गरी ल्याएको र पाँच पाण्डवकी पत्नी बन्न विवश उत्पीडित नारी हो । ऊ आफूलाई त्यसरी पाँच भागमा बाँड्दा पनि विद्रोह नगर्ने निस्क्रिय नारीका रूपमा यहाँ प्रस्तुत गरिएकी छे । जातिगत हिसाबले हेर्दा आदिवासी नारीका रूपमा चित्रित पिल्ली पछिल्लो समयमा राधाकी सहयात्रीका रूपमा प्रस्तुत नारी हो । उपन्यासमा सानो सन्दर्भमा आएकी पिल्ली यहाँ तल्लो वर्गकी नारीका रूपमा यहाँ प्रस्तुत गरिएकी छे ।

यसरी राधाको केन्द्रीयतामा प्रस्तुत राधा उपन्यासमा नारीहरूलाई नारीवादी दृष्टिले प्रस्तुत गरिएको छ । राधा, एकनंशा, यशोदा, कलावती, विशाखा जस्ता नारीपात्र नारीवादी चेतना भएका नारीहरूका रूपमा प्रस्तुत भएका छन् । कुन्ती, द्रोपदी, रुक्मिणी जस्ता नारीहरू यहाँ उत्पीडित र नारीवादी दृष्टिले चेतनाशून्य नारीहरू हुन् । यस उपन्यासमा प्रस्तुत पिल्ली बाहेक सबै उच्च र मध्यम वर्गीय नारीहरूका रूपमा परिचित छन् ।

### ६.५  तपाईं उपन्यासमा नारी पहिचान

धरावासीका नारीवादी उपन्यास मध्ये **तपाईं** पनि नारी पहिचानका दृष्टिले उल्लेखनीय एवम् महत्त्वपूर्ण छ । धरावासीको **तपाईं** लाई नारीवादी दृष्टिले अध्ययन गर्दा यसलाई नारी पहिचानको अवस्थाका आधारमा पनि विश्लेषण गर्न सकिन्छ । यस उपन्यासका नारी पात्रहरूको अध्ययन गर्दा यहाँ अस्मिता, अस्मिताकी दिदी, अस्मिताकी आमा, रतियाकी मौसी, रतिया, माया, कालीकी आमा आदि नारीपात्रहरू छन् । यिनै नारीपात्रहरूका आधारमा यस उपन्यासमा नारीलाई के कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको अध्ययन गर्न सकिन्छ ।

अस्मिता यस उपन्यासमा एउटी उत्पीडित नारीका रूपमा प्रस्तुत भएकी छे । अस्मिता पितृसत्ता र सामन्तवादी आर्थिक संरचनाद्वारा उत्पीडनका सीमान्त अवस्थामा पुऱ्याइएकी पीडित नेपाली नारी हो । ऊ सामान्य गाउँले बजारमा जन्मे हुर्केकी नारी हो । अस्मिता शैक्षिक दृष्टिले हेर्दा सामान्य पढेलेखेकी नारी हो । वर्गीय दृष्टिले हेर्दा ऊ निम्न वर्गीय नेपाली नारीको प्रतिनिधित्व गर्ने नारी हो । उसको बुबाको मृत्युपछि आर्थिक रूपले विपन्न परिवारकी छोरीका रूपमा यहाँ अस्मितालाई प्रस्तुत गरिएको छ । चेतनाका दृष्टिले हेर्दा अस्मिता चेतनशील नारी हो र उसमा नारी अस्तित्वको चेतना पाइन्छ । अस्मिताकी आमा दिदीले चलाउने भट्टी पसलको विरोध गरी ऊ सामान्य किराना पसल चलाउन चाहन्छे । अस्मिता मान, इज्जत र आत्मसम्मानलाई महत्त्व दिने नारीका रूपमा यहाँ प्रस्तुत भएकी छे । आफ्नै गाउँ समाजका पुरुषको यौनपिपासु गिद्धेदृष्टि सहन विवस अस्मिता लैङ्गिक उत्पीडनमा परेकी नारी हो । ऊ घनेन्द्रबाबू जस्तो सामन्ती पुरषको हेपाइ खाने विवश नारी हो । अस्मिता पितृसत्ताको उत्पीडन सहन बाध्य नारी पात्रका रूपमा प्रस्तुत भएकी छे । उदाहरणः

"मलाई मेरो दाजुले कहीँ ल्याएर बेचिसकेको थियो । म त बिकिसकेकी रहेछु । काठमाडौं नै बम्बई भइसकेको रहेछ ।" (पृ. १०८)

ऊ पितृसत्ताको प्रतिनीधी आफ्नै दाजु नुरेबाट काठमाडौंमा बेचिन पुगेकी नारी हो । पितृसत्ताले नारीलाई एउटा वस्तुका रूपमा नारीलाई किनबेच गर्दा पनि पछाडि पर्दैन र यही शोषणको जालोमा अस्मिता पनि परेकी छे । आज हजारौं नेपाली नारी आफ्नै पिता, पति, दाजु भनाउँदाहरूका हातबाट न  बेचिएर नारकीय जीवन बिताउ विवश छन् । अस्मिता पनि यस्तै पीडित नारीहरूको प्रतिनीधी पात्र हो । उदाहरणः

"हजारौंहजार अस्मिताहरू निकासीमा पर्दै भारतका सहरहरूमा प्रत्येक क्षण बिकिरहे छन् । (पृ. ११५)

आफ्नै दाजुको कुटिल षड्यन्त्रमा परेकी अस्मिताले विद्रोह गर्न सकेकी छैने । ऊ जुझारु र सङ्घर्षशील नारी हुँदाहुँदैपनि पितृसत्ताले उसलाई आफ्नो शोषणमा पारेको छ । सामाजिक दृष्टिले अस्मिताको पहिचान विद्रुप र कहालीलाग्दो छ, ऊ यौनकर्मी जस्तो जघन्य नारी समस्याको पासोमा जकडिएकी छे । यौनकर्मीको दलदलमा परेकी अस्मिताले

त्यस संसारलाई छोडी क्रान्तिकारी युद्धमा होमिएकी छे । आत्मसम्मानलाई फेरी जगाएकी अस्मिताले आफ्नो पहिचानलाई नयाँ मोड दिएकी छे । ऊ देशको राजनैतिक परिवर्तनका लागि युद्धमा होमिएकी छे । अनेक पीडा सहेर आफ्नो मानलाई राखेकी अस्मिता आफ्नै दाजुका कारण सहरमा यौनकर्मी बन्न विवस भएकी थिई । अन्त्यमा पुरुष सरह नै युद्धमा लडेर वीरगती प्राप्त गरी अस्मिताले आफ्नो पहिचान सहिदका रूपमा प्रस्तुत गरेकी छे ।

त्यसैगरी अस्मिताकी दिदी र आमा पनि पितृसत्ताको थिचोमिचो सहन बाध्य नारीपात्रहरू हुन् । अस्मिताकी आमा वर्गीय दृष्टिले निम्नवर्गीय नारी हो । शैक्षिक हिसाबले हेर्दा ऊ अशिक्षित नारी हो र उसमा चेतनाको कमी पनि पाइन्छ । ऊ थिचोमिचोलाई चुपचाप सहने र त्यसको विरुद्ध विद्रोह गर्ने वा आफ्ना अस्तित्वप्रति सचेत पनि देखिदैने । त्यसैगरी अस्मिताकी दिदी पनि विद्रोह नभएकी पात्र हो । उपन्यासमा उसको शैक्षित स्थिति पनि राम्रो देखिँदैन । पितृसत्ता र सामन्तीसंस्कार दुबैबाट उत्पीडित भएकी पात्र हो । घनेन्द्रबाबूले रखेलका रूपमा राख्दा पनि विद्रोह गर्न नसक्ने ऊ लाछी पात्रका रूपमा चिनाइएकी छे । सामाजिक आधारमा पनि ऊ कसैको घरमा रखेलका रूपमा बसेकीले उसप्रति नराम्रो भाव समाजले राखेको पाइन्छ ।

त्यसैगरी माया पनि यस उपन्यासमा उत्पीडित नारीपात्रका रूपमा प्रस्तुत भएकी छे । शैक्षिक दृष्टिले हेर्दा माया अशिक्षित नारीका रूपमा प्रस्तुत भएकी छे । वर्गीय दृष्टिले हेर्दा माया निम्नवर्गीय नारी हो । उसको माइतीको पारिवारिक अवस्था खस्कँदा उसको लोग्नेले उसलाई निकालिदीनु उसको र उसको परिवारको आर्थिक अवस्थाले गर्दा नै हो । आत्मनिर्भरताका दृष्टिले हेर्दा मायाले अर्थिक उत्पादनको कुनै पनि काम गरेको देखिँदैन । तपाइँ र समाजले मायालाई यौनकर्मीको जस्तो दृष्टिले हेरे पनि स्पष्ट रूपमा ऊ कही कतै पनि यौनकर्मी भने देखिएकी छैने । मायाले आफ्नो अस्तित्व र पहिचानको लागि कुनै पनि खालको विद्रोह र सङ्घर्ष गरेकी छैने । उपन्यासमा मायालाई सङ्घर्षशील जुझारु नारीका रूपमा नभएर लाछी नारीका रूपमा चिनाइएको छ ।

त्यसैगरी रतियाकी मौसी र कालीकी आमालाई उपन्यासमा मानसिक रूपमा विछिप्त नारीहरूको रूपमा प्रस्तुत गरिएको छ । वर्गीय दृष्टिले हेर्दा यी दुबै नारीपात्र निम्नवर्गीय नारी हुन् । उनीहरू गरिबअसाहय भएकैले पुरुषहरूको यौन दुराचार सहन विवश छन् । सामाजिक हिसाबले हेर्दा पनि यी दुई पात्रको समाजमा कुनै प्रकारको महत्व

छैन । त्यसैले नै समाजले उनीहरूको पीडालाई कुनै वास्ता गरेको छैन र उनीहरूमाथि भइरहेको अत्याचारका विरुद्ध कोही पनि बोलेका छैनन् । हाम्रो समाजले यस्ता नारीहरूप्रति गरेको गैरजिम्मेवारीपूर्ण व्यवहारको उदाहरणका रूपमा यिनीहरू प्रस्तुत भएका छन् । यी दुई नारीपात्रहरू यस्तै उत्पीडन सहन बाध्य कैयौं नारीका प्रतिनिधि पात्रका रूपमा यहाँ चिनाइएका छन् । त्यसैगरी रतिया पनि यहाँ उत्पीडित नारी पात्रका रूपमा नै प्रस्तुत भएकी छे । वर्गीय दृष्टिले हेर्दा रतिया निम्नवर्गकी नारी हो भने जातिगत हिसाबले हेर्दा ऊ मुस्लिम समुदाएकी नारीका रूपमा यहाँ चिनाइएकी छे । शैक्षिक दृष्टिले हेर्दा पनि रतिया अशिक्षित नारीपात्रका रू  प्रस्तुत भएकी छे । अशिक्षाका कारणले नै ऊ आत्मनिर्भर हुन सकेकी छैने । रतिया अशिक्षित नारी भए पनि ऊ कतै कतै विद्रोही नारीका रूपमा पनि चित्रित छे । उसले आफ्नो इच्छा विपरित आफूसँग विवाह गर्न चाहने समिमलाई कुटेर पितृसत्ताप्रति विद्रोह जनाएकी छे । उसले परिवानियोजनको चक्की खाएर पनि नारीलाई सन्तान उत्पादनको साधन सम्झने पितृसत्ताप्रति विद्रोह जनाएकी छे । रतिया पहिले विद्रोही नारीका रूपमा प्रस्तुत भए पनि उसले वर्षेनी सन्तान जन्माएर अन्त्यमा प्रसब पीडा सहन नसकी मर्नु परेको छ । यहाँ रतियाको व्यक्तित्व जुझारु र विद्रोही हुँदाहुँदै पनि अन्त्यमा मृत्युको मुखमा पुऱ्याइएकी रतियालाई विवश नारीका रूपमा चिनाइएको छ । यसरी तपाइँ उपन्यासमा नारीहरूलाई अत्यन्त कमजोड रूपमा चिनाइएको छ । विद्रोही जुझारु नारीहरूलाई पनि विभिन्न परिस्थितिले परास्त देखाइएको छ ।

## ६.६ टुँडाल उपन्यासमा नारी पहिचान

**टुँडाल** कृष्ण धरावासीद्वारा रचित लैङ्गिक असमानता, सामाजिक संस्कार, पितृसत्तात्मक सोच विरुद्ध नारीविद्रोह र उनीहरूमा पलाएको चेतना प्रस्तुत भएको उपन्यास हो । धरावासीको **टुँडाल** नारी पहिचानका दृष्टिले उल्लेखनीय एवम् विश्लेषणयोग्य उपन्यास हो । यस उपन्यासका नारी पात्रहरूको अध्ययन गर्दा केन्द्रीय पात्र सुस्मिता हो भने उपमा, सत्या, उमा, अजि, भद्रिका आदि सहायक नारीपात्रहरू हुन् । यिनै नारीपात्रहरूका आधारमा टुँडाल उपन्यासमा  प्रस्तुत नारी पहिचानको खोजी यहाँ गरिएको छ ।

प्रस्तुत उपन्यासमा सुस्मिता मध्यम वर्गीय सहरिया अविवाहित नारी हो । यस उपन्यासको सुरुदेखि अन्त्यसम्म उसले खेलेको भूमिका मुख्य रहनुका साथै उपन्यासको सम्पूर्ण विषयवस्तु उसैसँग सन्दर्भित रहेकाले ऊ यस कथाकी केन्द्रीय नारीचरित्र हो ।

शैक्षिक चेतनाका दृष्टिले सुस्मिता शिक्षित, आत्मनिर्भर, स्वाभिमानी र चेतनशील नारी हो । आफ्ना जीवनमा आएका आरोहअवरोहसँग जुझारु भएर लड्ने सुस्मिता सङ्घर्षशील नारी हो । आफ्नो स्वतन्त्रता, समानता र आत्मसम्मानलाई महत्त्व दिने सुस्मिता कोमल हृदय भएकी नारी हो । रविन दादा र प्रवीणलाई प्रेम गर्ने सुस्मिता पुरुष पात्रहरूबाट धोका खाएकी र जिन्दगीसँग जुझेर बसेकी नारी हो । शिक्षाका दृष्टिले हेर्दा एम.ए समाजशास्त्रमा भर्ना भएकी ऊ शिक्षित नारी हो । पेसागत हिसाबले हेर्दा पहिले शिक्षा कार्यलयमा खरदार र पछि पत्रकार तथा लेखकका रूपमा परिचय बनाउन सफल बौद्धिक नारी हो र यसको प्रमाण उसका भर्नाहरूबाट दिन सकिन्छ । उदाहरण :

"अलिअलि गर्दै काठमाडौंको बौद्धिक समाजमा मेरो प्रवेश हुँदै गयो । साप्ताहिक पत्रिकाहरूमा संस्कृतिसम्बन्धी लेखहरू छापिँदै गए ।"(पृ.१४७)

सुरुवातमा सुस्मिता सामाजिक मूल्यमान्यतालाई पनि मान्नुपर्छ भन्ने धारणा राख्ने र पछि सत्या र उमाका कुराबाट प्रभावित भई धारणा परिवर्तन गर्ने परिवर्तनशील नारी हो । शर्माजीसँग आफ्ना इच्छाअनुसार यौन सम्बन्ध राख्ने र त्यो आफ्नै खुसीका लागि गरेकाले गलत होइन भन्ने धारणा राख्ने सुस्मिता नारीको यौनस्वतन्त्रतालाई वकालत गर्ने नारी हो । आफ्नी आमा उपमाको दोस्रो विवाहलाई सकारात्मक रूपमा लिने सुस्मिता नारी समानतालाई महत्त्व दिने नारीवादी चेतना भएकी नारी हो । आमाको दोस्रो विवाहलाई सुस्मिताको भाइ श्यामल र सुस्मिताले फरकफरक किसिमले लिएका छन् । पितृसत्ताको प्रतिनिधि पात्र भएकाले श्यामल आमाको निर्णयले रिसाएको छ भने सुस्मिताले भने एउटी नारी भएकाले त्यसलाई सकारात्मक रूपमा लिएकी छे । नारीका पीडा, व्यथा र बाध्यतालाई बुझ्ने सुस्मिता समझदार नारी हो । आफ्नो खुट्टामा उभिएकी सुस्मिताले भाइसँग बसेर उसको बोझ नभई आफू एक्लै बस्ने निर्णय गरेकी छे । सुस्मिताको यस निर्णयले उसलाई साहसी, आत्मनिर्भर र स्वाभिमानी नारीका रूपमा चिनाएको छ । धेरै प्रकारका पुरुषहरूको प्रवृत्ति थाहा पाइसकेपछि उसलाई पुरुषजातिप्रति नै वितृष्णा जागेर आएको छ । उसले विवाह गर्ने परिवार बनाउने सपनालाई पनि त्यागि सकेकी छे ।उदाहरण :

"अब मैले पुग्नु छ - त्यो थुम्कोमा जहाँ मलाई पर्खिबसेको छ । आफ्नै आकांक्षाले आफ्नै उचाइले ।" (पृ.२००)

उसले आफ्नो जीवन स्वतन्त्र र स्वच्छन्द जीउने निर्णय गरेकी छे । सुस्मिताले जीवनमा स्वतन्त्र भएर नयाँ उत्साह, उल्लास र उमङ्ग भर्न चाहन्छे । यसरी ऊ नारी स्वतन्त्र स्वच्छन्द भएर आफ्नै लागि बाँच्न सिक्नुपर्छ भन्ने सन्देश दिन सफल नारीका रूपमा प्रस्तुत भएकी छे ।

सुस्मिताकी बालसखा सत्या उपन्यासमा सहायक पात्रका रूपमा आएकी छे । मध्यम वर्गीय परिवारकी सत्या शिक्षित र चेतनशील  सहरिया नारी हो । शिक्षित र सचेत सत्या कवि साहित्यकारका रूपमा समाजमा आफ्नो पहिचान बनाउने नारीका रूपमा प्रस्तुत भएकी छे । छोरीमान्छेका लागि मात्र बनाइएका समाजका अप्ठ्यारा नियम कानुनलाई तोड्नुपर्छ भन्ने सत्या विद्रोही चेतना भएकी नारी हो । समाजले स्त्रीलाई मात्र यौनमर्यादा थोपर्ने भएकाले नारी उत्पीडित भएको चेतना भएकी सत्या यौन स्वतन्त्रताको वकालत गर्ने नारी हो । उदाहरण :

“जतिबेला पनि समाजले हामी छोरीलाई मात्र एकल यौनआरोप किन गर्छ ? यौनका सबै दोष किन छोरीलाई ? यौनको ज्ञान नभएरै हामी आरोपित भएका हौं ।”(पृ. ८६)

माथि प्रस्तुत सत्याका भनाइहरूबाट ऊ नारी यौनशिक्षालाई महत्त्व दिने नारी हो भन्ने थाहा हुन्छ । सत्या नारी यौनशिक्षाको कमीका कारण यौन उत्पीडन सहन बाध्य भएकी हो त्यसैले ऊ नारीलाई यौनशिक्षाको आवश्यकता छ भनी चेतना फैलाउने नारी हो । यसरी सत्या पितृसत्तात्मक सामाजिक प्रणलीको विरोध गर्ने विद्रोही नारीवादी नारीका रूपमा यहाँ प्रस्तुत गरिएकी छे ।

सुस्मिताकी अर्की बालसखा उमा पनि यस उपन्यासमा नारी अधिकार, स्वतन्त्रता र समानतालाई प्रस्तुत गर्ने नारीवादी पात्रका रूपमा आएकी नारी हो । उपन्यासमा उमालाई नारी अधिकार, स्वतन्त्रता र समानतालाई प्रस्तुत नारीवादी पात्रका रूपमा चित्रण गरिएको छ । शैक्षिक दृष्टिले हेर्दा पढेलेखेकी शिक्षित सहरीया नारी उमामा मातृत्व चेतना पाउन सकिन्छ । पेसागत हिसाबले हेर्दा उमा शिक्षिका हो र उसको वर्गीय स्तर मध्यम वर्गको छ । आफ्नो जीवनलाई आफ्नै हिसाबले चलाएकी उमा कसैमा पनि आश्रित छैन र ऊ आत्मनिर्भर नारी हो ।  उमामार्पत यहाँ नारीको मातृत्व र आफ्नो शरीरमाथि आफ्नै

अधिकार हुने कुरा यहाँ प्रस्तुत गरिएकाले ऊ नारीवादी पात्र हो । आफ्नो सन्तानलाई कुमारी आमाका रूपमा जन्मदिने आँट भएकी उमा निर्भीक र निडर नारी हो । उदाहरण :

"एउटा म त्यो मान्छेसँग बिहे गर्दिनँ र अर्को यो गर्भलाई पतन गराउँदिन ।" (पृ.११०)

उमा उपन्यासमा नारीले आफ्नो शरीरमाथिको हक दाबी गर्न आँट देखाउनुपर्छ, सन्तान जन्माउने इच्छा स्वतन्त्र हुनुपर्छ, आमाले आफ्नो नाममा सन्तानलाई परिचित गराउने आँट गर्नुपर्छ, जस्ता नारीवादी चेतना फैलाउने नारी हो । कुमारी आमाकै रूपमा आफ्नो बच्चा जन्माउने र हुर्काउने अठोट गरेकी उमा जिम्मेवारीबाट भाग्न चाहने लाछीप्रेमीसँग विवाह नगर्ने निर्णय गरेर पितृसत्ताले मातेका पुरुषहरूलाई दरो प्रहार गर्ने नारीका रूपमा प्रस्तुत भएकी छे । उसले आफ्नो बच्चा अविवाहित अवस्थामा जन्माएर सन्तान कहिले र कसरी जन्माउने भन्ने निर्णय महिलाको स्वतन्त्र अधिकार हो भनी महिला अधिकारको वकालत गरेकी छे । पेसागत हिसाबले शिक्षिका भएकी उमा चेतनशील, स्वतन्त्र, आत्मनिर्भर, स्वाभिमानी नारीका रूपमा उपन्यासमा चित्रित भएकी छे ।

उपमा उपन्यासमा सहायक नारी पात्रका रूपमा आएकी छे । उपन्यासकी केन्द्रीय पात्र सुस्मिताकी आमाका रूपमा उपमालाई प्रस्तुत गरिएको छ । मध्यम वर्गीय परिवारकी उपमा एउटी शिक्षित महिला हो । पेसागत हिसाबले हेर्दा उपमा एउटी शिक्षिकाका रूपमा यहाँ प्रस्तुत भएकी छे । आत्मनिर्भर उपमा आफ्नो खुसीले सुस्मिताको बाबुसँग प्रेमविवाह गरेर नारीको प्रेम स्वतन्त्रतालाई प्रस्तुत गर्ने नारी हो । ऊ सुस्मिताको बाबुको मृत्युपछि बैंसमै वैधव्यको दुःख भोग्न परेकी नारी हो । उपमाले वैधव्यको कारण आफ्नो जीवन रोएर बिताउन नचाहेर दोस्रो विवाह गर्ने निर्णय गरी पितृसत्ताको विरोध गरेकी छे । ऊ पत्नी मरेका पतिले अर्को विवाह गर्दा हाँसीहाँसी स्वीकार गर्ने तर नारीले भने त्यसो गर्नु पाप हो भन्ने सामाजिक संस्कारको विरोध गर्ने चेतनशील नारी हो । एकतन्त्रीय सामाजिक संस्कार र मान्यताको विरोध गरी सागरसँग दोस्रो विवाह गरेर उपमाले पितृसत्तात्मक सामाजिक संस्कारको विरोध गरेकी छे । उपन्यासमा उपमा चेतनशील, शिक्षित, विद्रोही नारीका रूपमा चित्रित भएकी छे ।

यस उपन्यासकी अर्की नारीपात्र अजी अघिल्लो पुस्ताकी प्रतिनिधि पात्रका रूपमा यहाँ प्रस्तुत भएकी छिन् । गालामा मुजा परिसकेकी अजी वृद्ध नारीपात्र हुन् । सहरिया

परिवेशकी वृद्ध अजी अशिक्षित र पितृसत्ताबाट उत्पीडित नारी हुन् । पितृसत्तात्मक समाजका कारण पतिको मृत्युपछि आफ्ना रहर र इच्छालाई मारेर बाँच्न विवश नारी हुन् । मध्यम वर्गीय परिवारकी अजीले कुनै औपचारिक शिक्षा नलिएपनि उनी चेतनशील नारी हुन् । जातिगत हिसाबले नेवार समुदायकी अजीमा नारी शिक्षा, नारी समानता र नारी स्वतन्त्रताको चेतना पाउन सकिन्छ ।

यसरी सुस्मिताको केन्द्रीयतामा प्रस्तुत **टुँडाल** उपन्यासमा नारी पात्रहरूलाई नारीवादी दृष्टिले प्रस्तुत गरिएको छ । उपन्यासमा सुस्मिता, उमा, सत्या, उपमा र अजी जस्ता नारीपात्रहरू नारीवादी चेतना भएका छन् । सहरिया परिवेशका नारीहरू प्रस्तुत गरिएको यस उपन्यासमा सबै नारीपात्रहरू मध्यम वर्गीय रहेका छन् । पेसागत हिसाबले हेर्दा बुढी अजीबाहेक सबै नारीपात्रहरू आत्मनिर्भर रहेका छन् र शिक्षित पनि छन् ।

परिच्छेद : सात

# उपसंहार तथा निष्कर्ष

## ७.१ उपसंहार

"कृष्ण धरावासीका उपन्यासमा नारीवाद" शीर्षकको प्रस्तुत शोधकार्यलाई जम्मा सात परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधको परिचय प्रस्तुत गरिएको छ । यस क्रममा विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामाग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि र शोधकार्यको रूपरेखा प्रस्तुत गरिएको छ ।

यस शोधकार्यको दोस्रो परिच्छेदमा नारीवादको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । यस क्रममा विषय परिचय, नारीवादको परिचय, नारीवादको परिभाषा, नारीवादी साहित्यिक चिन्तनको विकास, नारीवादी समालोचनाको मान्यता, नारीवादका प्रकार र उपन्यासको नारीवादी विश्लेषणका आधारहरू प्रस्तुत गरिएको छ । त्यस्तै नारीवादका विविध प्रकारहरूमध्ये उदार नारीवाद, मार्क्सवादी नारीवाद, आमूल नारीवाद, समाजवादी नारीवाद र उत्तरआधुनिक नारीवादलाई नारीवादका प्रकार अन्तर्गत उप शिर्षकहरूमा राखी चर्चा गरिएको छ ।

यस शोधकार्यको तेस्रो परिच्छेदमा कृष्ण धरावासीका उपन्यासमा प्रस्तुत पितृसत्तात्मक समाजको चित्रण र विद्रोहको बारेमा अध्ययन विश्लेषण गरिएको छ । यस क्रममा पितृसत्ताले नारीमाथि गर्ने थिचोमिचो, अन्याय, अत्याचार आदिको चित्रण र नारीहरूमा पितृसत्ताप्रति उठेको विरोधी स्वर अनि विद्रोहलाई अध्ययन विश्लेषण गरिएको छ । धरावासिका विभिन्न उपन्यासमध्ये **शरणार्थी, आधाबाटो, राधा, तपाइँ** र **टुँडाल** गरी पाँचवटा उपन्यासमा पितृसत्तात्मक समाजको चित्रण र विद्रोहको अध्ययन विश्लेषण गरिएको छ ।

यस शोधकार्यको चौथो परिच्छेदमा कृष्ण धरावासीका निर्धारित उपन्यासा नारी समानता र स्वतन्त्रताको चित्रण के कसरी गरिएको छ भनेर अध्ययन विश्लेषण गरिएको

छ । यस परिच्छेदमा पनि **शरणार्थी, आधाबाटो, राधा, तपाईं** र **टुँडाल** गरी पाँचवटा उपन्यासमा नारी समानता र स्वतन्त्रताको चित्रणको अध्ययन विश्लेषण गरिएको छ । यस परिच्छेदमा धरावासीका उपन्यासहरूमा नारीको व्यक्तिगत, पारिवारीक, सामाजिक, आर्थिक, लैङ्गिक, राजनैतिक, यौनिक आदि स्वतन्त्रता र समानताको चित्रण के कस्तो छ भन्ने अध्ययन विश्लेषण गरिएको छ ।

यस शोधकार्यको पाचौँ परिच्छेदमा कृष्ण धरावासीका उपन्यासमा नारी शोषण र उत्पीडनको चित्रण के कसरी गरिएको छ भनेर अध्ययन विश्लेषण गरिएको छ । यस परिच्छेदमा पनि **शरणार्थी, आधाबाटो, राधा, तपाईं** र **टुँडाल** गरी पाँचवटा उपन्यासमा नारी शोषण र उत्पीडनको चित्रणको अध्ययन विश्लेषण गरिएको छ । यी उपन्यासहरूमा प्रस्तुत लैङ्गिक र वर्गीय शोषणलाई प्रमुख रूपमा अध्ययन गरिएको छ ।

यस शोधकार्यको छैटौँ परिच्छेदमा कृष्ण धरावासीका उपन्यासमा नारी पहिचानको अवस्था कस्तो छ भनेर अध्ययन विश्लेषण गरिएको छ । यस परिच्छेदमा पनि **शरणार्थी, आधाबाटो, राधा, तपाईं र टुँडाल** गरी पाँचवटा उपन्यासमा नारी पहिचानको अध्ययन विश्लेषण गरिएको छ । यस परिच्छेदमा पहिचान अन्तर्गत जातीय, लैङ्गिक, वर्गीय, शैक्षिक, बौद्धिक, क्षेत्र आदि यस शोधकार्यको सातौँ परिच्छेदमा सबै परिच्छेदको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

नारीवाद पितृसत्तात्मक उत्पीडन तथा पुरुषको भोग्या र खेलौना बन्नुपर्ने नारीहरूको अवस्थाको उजागर गर्ने महत्त्वपूर्ण नारीकेन्द्री सिद्धान्त हो । यसले नारीलाई केन्द्रमा राखेर नारी हकहित र समानताका लागि आवाज उठाउने काम गर्दछ । यसले नारीलाई आर्थिक, शैक्षिक, राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि क्षेत्रमा पुरुष समान अवसर र मूल्य पाउनुपर्छ भन्ने कुरामा जोड दिन्छ । नारीवादले नारी उत्पीडनको एउटा मूल कारण पितृसत्तालाई मान्दछ । पितृसत्ताले नै नारीलाई शोषण र दमन गर्ने हुनाले यसले नारीमाथि हुने यस किसिमका पितृसत्तात्मक शोषण, थिचोमिचो र उत्पीडनको विरोध गर्दछ । यसले  नारीलाई उपेक्षा गर्ने र  नारीमाथि नियन्त्रण गर्ने पितृसत्तात्मक हेपाहा संस्कृतिका कारण नारीले भोग्नुपर्ने आर्थिक, शैक्षिक, धार्मिक, सांस्कृतिक, राजनैतिक,

लैङ्गिक वर्गीय लगायतका शोषण उत्पीडनको विरोध गरी नारीमुक्तिको वकालत गर्दछ । नारीवादले नारी समानता र स्वतन्त्रतालाई पनि प्रमुख मुद्धाका रूपमा उठाएको पाइन्छ । यसैले समाजका आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक र धार्मिक आदि जस्ता सबै क्षेत्रमा नारी र पुरुषको समानताको वकालत गर्दछ । नारी पनि पुरुष समान स्वतन्त्र भएर बढ्न, हुर्कन र बाँच्ने अधिकार अनि अवसर पाउनुपर्छ भन्ने मान्यता नारीवादको छ । नारीवादले सामाजिक, आर्थिक र राजनैतिक आदि क्षेत्रमा नारीको पहिचानको खोजी गर्दछ । यसले साहित्यिक कृतिमा नारीको भूमिका के कस्तो छ भनेर खोज अध्ययन गर्दछ । यसले कृतिमा नारीलाई के कसरी र कुन रूपमा चिनाइएको छ भन्ने कुराको अध्ययन गर्दछ ।

उपन्यासकार धरावासीका उपन्यासमा नारीलाई उपेक्षा गर्ने, उसलाई आफ्नो खेलौनाका रूपमा हेर्ने, नारीलाई हीनवस्तुजस्तो व्यवहार गर्ने, नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गर्ने, नारीलाई पुरुषको सेवा टहल गर्ने दासीका रूपमा मात्र लिने, नारीलाई सन्तान उत्पादनको साधनमात्र सम्झने र सोही सन्तानका पितृसत्तात्मक वंश परम्पराका कारण छोरा र छोरीमा भेदभाव गर्ने, नारीलाई उपभोग्य वस्तुका रूपमा हेर्ने पुरुषको भोगवादी प्रवृत्ति, नारीलाई उत्पीडन दिएर पशुतुल्य जीवन यापन गर्न बाध्य पार्ने पितृसत्तात्मक दम्भ, विभिन्न धर्म तथा संस्कृतिका आधारमा नारीलाई अपहेलना गर्ने सामाजिक परम्परा, शारीरिक सम्बन्धका मामलामा विना कसुर नारीले मात्र दण्डित र कलङ्कित हुनुपर्ने अनि दोषी पुरुषचाहिँ चोखै उम्किन पाउने विभेदकारी पितृसत्ताको चित्रण, आक्रोश, घृणा, विरोध, र विद्रोह प्रस्तुत गरिएको छ । धरावासीका उपन्यासमा विद्रोह प्रस्तुत गरिएको छ । धरावासीका उपन्यासमा पितृसत्तात्मक सामाजिक प्रणाली नारीमाथि गर्ने थिचोमिचो, अन्यायको चित्रण गरी त्यसका विरुद्ध विद्रोह गर्न प्रेरित गरिएको छ । उनका प्रस्तुत पाँचवटै उपन्यासमा पितृसत्तात्मक समाजको चित्रण गरिएको छ । उनका यी उपन्यासमा अधिकांश नारीपात्रमा पितृसत्ताको थिचोमिचोप्रति विरोधी भाव पाइएको छ । नेपाली समाजका नारीहरूको प्रतिनीधी गर्ने नारीपात्रहरूले पितृसत्ताको विरोध र विद्रोह गरेका छन् । विश्लेषित उपन्यासहरूमध्ये **शरणार्थी**मा पदमकी श्रीमती, धर्मे भुजेलकी पत्नी', **आधाबाटो**मा आमा **राधा**मा प्रमुख पात्र राधा, एकनंशा, कलावती, विशाखा, जस्ता पात्रहरू, **तपाईं**मा अस्मिता र **टुँडाल**मा उमा, उपमा, सुस्मिता र सत्या जस्ता नारीपात्रहरूले पितृसत्ताको थिचोमिचो, दमन, अन्यायप्रति विरोध र विद्रोही भाव प्रस्तुत गरेका छन् ।

उपन्यासकार धरावासीका उपन्यासमा नारी र पुरुषको विभेदको स्थिति देखाएर स्वतन्त्रता अनि समानताको लागि आवाज उठाइएको छ । नारी र पुरुषको लैङ्गिक स्वतन्त्रता र समानता, आर्थिक स्वतन्त्रता र समानता, सामाजिक स्वतन्त्रता र समानता, राजनैतिक स्वतन्त्रता र समानता, यौनिक स्वतन्त्रता र समानता, सांस्कृतिक तथा धार्मिक स्वतन्त्रता र समानताको अवस्थाको चित्रण गरी नारी र पुरुषको समान हैसियतको पहल गरिएको छ । नारी स्वतन्त्रता र समानताका दृष्टिले धरावासीका निर्धारित पाँच वटा उपन्यासको अध्ययन गर्दा **शरणार्थी**की धर्मे भुजेलकी पत्नी', **राधाकी** राधा, एकनंशा, कलावती, यशाोदा, विशाखा, **आधाबाटो**की आमा **तपाइँ**की अस्मिता, **टुँडाल**का सुस्मिता, उमा, उपमा, सत्या जस्ता नारीपात्रहरूले नारी स्वतन्त्रता र समानताका लागि सङ्घर्ष र विद्रोह गरेका छन् । उनका सबै उपन्यासले पितृसत्तात्मक नेपाली समाजको चित्रण गरेकाले उनका उपन्यासमा नारी पात्रले घर, समाज र सार्वजनिक स्थलमा असमानता र विभेद सहनुपरेको छ । उनका उपन्यासका कतिपय नारीपात्रहरूले आफूमथि भएको असमान व्यवहारलाई सहेर त्यसको विरुद्ध कदम चाल्न नसकेको स्थिति पनि पाइयो । समग्रमा भन्नुपर्दा धरावासीका यी पाँच वटा उपन्यासमा नारी स्वतन्त्रता र समानताको सन्दर्भको चित्रण गरी समाजका हरेक क्षेत्रमा नारी र पुरुषको समान हैसियतको आह्वान गरिएको छ ।

धरावासीका उपन्यासमा नारी शोषण र उत्पीडनको स्वरूपको चित्रण भएको छ । उनका उपन्यासमा समाजका हरेक क्षेत्रमा पुरुषको वर्चस्व र नियन्त्रण रहेको देखिन्छ । उपन्यासमा परिवार र समाज सबैतिर नारीहरू पितृसत्ताकै उपज मानिने अपमान, विभेद, नियन्त्रण, शोषण, दमन, व्यभिचार, हिंसा आदि जस्ता कुराको सिकार भएका छन् । उपन्यासमा नारीपात्रहरू गरीब हुनुका कारणले तथा नारी हुनुका कारणले नियन्त्रण सहन, शारीरिक र मानसिक यातना भोग्न, बलात्कारको सिकार हुनु, पशुसरह बेचिएर यौनकर्मी बन्नु, घरा घरनिकाला हुनु, अत्यन्त उपेक्षित एवम् तिरस्कृत भएर पशुतुल्य जीवन भोग्नु, गरिबीकै कारण चरम उत्पीडन भोग्नुपरेको अवस्था देखिएको छ । धरावासीको **शरणार्थी**मा जयमाया, बर्था, छिनकेटी आदि **राधामा** राधा, एकनंशा, द्रोपदी, कुन्ती, यशोदा, रुक्मिणी आदि **आधाबाटो**मा आता, भगी आदि **तपाइँ**मा अस्मिता, माया, अस्मिताकी दिदी र आमा, रतिया, रतियाकी मौसी ,कालीकी आमा **टुँडाल**मा अजी र सुस्मिता जस्ता नारीपात्रहरूले लैङ्गिक तथा वर्गीय शोषण र उत्पीडन सहनुपरेको छ । धरावासीका उपन्यासमा नारी

शोषण र उत्पीडनको चित्रण जुन रूपमा भएको छ सो अनुसार विद्रोहको भने कमी पाउन सकिन्छ । धरावासीका उपन्यासका नारीपात्रहरूले आफूमाथि भएको शोषण उत्पीडनको विरुद्ध पुरुष सत्तालाई प्रहार गरेको पाईदैन । ती नारीपात्रहरूमा विरोधी स्वर भएपनि उनीहरूले आफूमाथि भएको अत्याचारका विरुद्ध विद्रोह गरेर केही हदसम्म सफल भए पनि पूर्णरूपमा विद्रोह गरी सफल भएको भने देखिँदैन ।

उपन्यासकार धरावासीका विश्लेष्य उपन्यासहरूमा नारी पहिचानको अध्ययन गर्दा कतिपय नारीलाई साहसी, बुद्धिमानी, आत्मनिर्भर, जुझारु, सङ्घर्षशील, स्वाभिमानी, मातृवात्सल्य भावले युक्त र पुरुष समकक्षी पहिचान भएका नारीका रूपमा प्रस्तुत गरिएको छ । प्रायजसो नारीपात्रमा नारी अस्मिता चेतना रहेको र आफूमाथि भएको उत्पीडनको र त्यसको पहिचान गर्न सक्ने खुबी रहेको छ । यसैगरी उनका कुनैकुनै उपन्यासमा नारीपात्रले वैयक्तिक स्वतन्त्रता र अस्तित्व प्राप्तिका लागि परम्परागत सामाजिक आदर्शलाई समेत लत्याएका छन् । यस्तै उपन्याहरूमा नारीलाई अन्याय चुपचाप सहेर बस्ने निरीह, अबला, कमजोर र कातरका रूपमा नभएर सशक्त, जुझारु, विद्रोही, सचेत र साहसिलो व्यक्तित्व तथा महिमामय र सम्मानित रूप प्रदान गरेर नारीवादी पक्षधरता देखाइएको छ । समग्रमा उनका उपन्यासमा नारीपात्रहरूको अध्ययन गर्दा कुनैकुनै पात्रहरू भने नारी पहिचानका सवालमा सचेत हुँदाहुँदै पनि आफ्नो स्वअस्तित्व र पहिचानका लागि सङ्घर्ष नगरेको पनि देखिएको छ । तर समग्ररूपमा हेर्दा भने धरावासीका उपन्यासहरूले नारी पहिचानका मुद्दालाई उठाएका छन् ।

यसरी समग्रमा कृष्ण धरावासीका उपन्यासमा नारीवादको अध्ययन विश्लेषण गर्दा उनी नारी पक्षधर उपन्यासकारका रूपमा उभिन सफल देखिन्छन् । नारीवादी मान्यताका आधारमा अध्ययन गर्दा पुरुष लेखक धरावासीका उपन्यासहरूलाई विभिन्न आधारमा नारीवादी उपन्यास भन्न सकिन्छ ।

### ७.३ भावी शोधकार्यका लागि प्रस्तावित शीर्षकहरू

प्रस्तुत शोधकार्य धरावासीका उपन्यासहरूमा नारीवादी दृष्टिकोणमा आधारित नेपाली विषयको पहिलो सामग्री हो । यसैले यस क्षेत्रमा भावी शोधकार्यका लागि प्रर्याप्त

कामहरू बाँकी छन् । ती मध्येका केही कार्यलाई शोध शीर्षकका ढाँचामा निम्नअनुसार प्रस्तुत गरिएको छ :

धरावासीका उपन्यासमा उदारनारीवाद र आमूल नारीवाद ।

धरावासीका उपन्यासका नारीपात्रको अध्ययन ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, ज्ञानु, "शरणार्थी विनिर्माणप्रक्रिया र उत्तरआधुनिक पठन", **गरिमा,** वर्ष २८, अङ्क २, पूर्णाङ्क ३३८ पृ. ६१, २०६७ ।

..............**नेपाली समालोचना : परम्परा र प्रवृत्ति,** काठमाडौं : पैरवी प्रकाशन, २०६८ ।

...............**नेपाली समालोचनामा उदारनारीवाद र मार्क्सवादी नारीवाद,** अप्रकाशित दर्शनाचार्य शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०७२ ।

अधिकारी, रमेशचन्द्र,**नारीवादका आधारमा टुँडाल उपन्यासको अध्ययन/विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं, २०६७ ।

अवस्थी, महादेव , 'भूमिका' **नारीवादी सौन्दर्य चिन्तन,** काठमाडौं : भृकुटी प्रकाशन, सन् २०१२ ।

उप्रेती, सञ्जीव **सिद्धान्तका कुरा,** काठमाडौं : अक्षर क्रियसन्स नेपाल, २०६९ ।

एटम, नेत्र,**समालोचनाको स्वरुप,** ललितपुर : साझा प्रकाशन, २०६१ ।

कोइराला, कुमारप्रसाद, "बहुलवादी उपन्यास टुँडालमा आख बल्झिदा", **गरिमा** वर्ष २८, अङ्क १२, पूर्णाङ्क ३३६, पृ. ५७-६९, २०६७ ।

खालिङ, दान,"हिमालका सन्तानको कथा"**शरणार्थी,** काठमाडौं : पैरवी बुक हाउस, २०७० ।

गौतम, कृष्ण, **आधुनिक आलोचना : अनेक रुप अनेक पठन,** ललितपुर : साझा प्रकाशन, २०५९ ।

त्रिपाठी, सुधा,**आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना,** अप्रकाशित विद्यावारिधि शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६८ ।

.................. "पाश्चात्य नारीवाद र त्यसको स्वरुप",**रत्न वृहत् नेपाली समालोचना,** काठमाडौ : रत्न पुस्तक भण्डार पृ. २०९-२२३, २०६८ ।

....................**नारीवादी सौन्दर्य चिन्तन,** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन, सन् २०१२ ।

....................**नारीवादी सौन्दर्य चिन्तन,** साभार अस्मिता, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन, सन् २०१२ ।

....................रपन्थी, सीता (२०७०), **नेपाली नारीवादी समालोचना,** काठमाडौं : प्रज्ञा प्रतिष्ठान ।

धरावासी, कृष्ण, **तपाईं** काठमाडौं : पैरवी बुक हाउस, २०६४ ।

................ **टुँडाल,** काठमाडौं : पैरवी बुक हाउस, २०६८ ।

................ **आधाबाटो,** काठमाडौं : पैरवी बुक हाउस, २०६९ ।

................ **राधा,** काठमाडौं : साझा प्रकाशन, २०६९ ।

................ **शरणार्थी,** काठमाडौं : पैरवी बुक हाउस, २०७० ।

निरौला, अम्बिका,**पारिजातका कथामा नारीवाद,** अप्रकाशति दर्शनाचार्य शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०७२ ।

पाण्डे, ज्ञानु, **नेपाली उपन्यासमा लैङ्गिकता,** काठमाडौं : प्रज्ञा प्रतिष्ठान, २०६९ ।

पौडेल, विष्णु, **नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक स्वरुप,** पोखरा : सिर्जनशील प्रकाशन, २०६९ ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्य शास्त्र**, काठमाडौं : साझा प्रकाशन, २०६३ ।

बराल, कृष्णहरि, **वस्तुपरक समालोचना,** कीर्तिपुर : स्टुडेन्ट बुक हाउस, २०६१ ।

बोउवार, अनु सुनुवार, रमेश,**महिला,** काडमाडौं : प्रगति पुस्तक सदन, २०६९ ।

भट्टराई, विष्णुकुमार, “नेपाली उपन्यासको सय वर्ष आधाबाटोमा आइपुग्दा” **गरिमा** वर्ष २२, अङ्क २५, पूर्णाङ्क २५४, पृ. ५३-६०, २०६० ।

भट्ट, शारदा, **टुँडाल उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं, २०६६ ।

रिजाल, गोमा, **राधा उपन्यासमा नारीवादी दृष्टिकोण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं, २०६५ ।

लामिछाने, जीवा, ‘भूमिका’ **तपाई,** काठमाडौं : पैरवी बुक हाउस, २०६४ ।

लुइटेल, खगेन्द्रप्रसाद र शर्मा, मोहनराज,**पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६७।

..........................**शोधविधि,** काठमाडौं : साझा प्रकाशन, २०६८ ।

शर्मा, विन्दु, "कृष्णकी कठपुतली राधा : नारीवादी पठन"**आधारभूत समालचेना,** काठमाडौं : तन्नेरी प्रकाशन, १-२०, २०६५ ।

श्रेष्ठ, जीवाकुमार,**कृष्ण धरावासीका उपन्यासमा अधिख्यान,** अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०६९ ।

सुब्बा, विजय, "धरावासीको आधाबाटो हिँडेपछि" **आधाबाटो',**काठमाडौं : पैरवी बुक हाउस, २०६९ ।

सुवेदी, राजेन्द्र, **नेपाली समालोचना : परम्परा र प्रवृत्ति,** पाठ्यसामाग्री, २०६८ ।

Hooks Bell, *Feminism is for Everybody,* New York: Southeend Press.

www.oxforddictionaries.com/definition/feminism, 2015